# कानून-जान्नै पर्ने विषयहरूको निर्देशिका



LR002-01

# कानून-जान्नै पर्ने विषयहरुको निर्देशिका


**सम्पादन**

पवन कुमार ओझा (अधिवक्ता)
हरि फुयाल (अधिवक्ता)
रमेश बडाल (अधिवक्ता)
यमुना भट्टराई (अधिवक्ता)



सामाजिक न्याय र मानव अधिकारको लागि
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
पोष्ट बक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन - २७०७७० / २७८७७०
फ्याक्स - २७०५५१

# कानून-जान्नै पर्ने विषयहरूको निर्देशिका

**प्रकाशन मिति :**
२०५४ श्रावण

**संख्या**
एक हजार प्रति

**प्रकाशक**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**
इन्सेकमा सुरक्षित

**मूल्य रु. २५।-**

**मुद्रक :**
सुनकोशी छापाखाना
मैतिदेवी, काठमाडौं
फोन - ४२२०९१

Digitized By: Bimal Chandra Sharma

# भूमिका

मानिस सामाजिक प्राणी हो। उसका आवश्यकता र समस्याको समाधान पनि समाजबाट मात्र संभव हुन्छ। सामाजिक जीवनलाई व्यवस्थित र नियमित गर्नको निम्ति पारस्परिक व्यवहारलाई एउटा निश्चित मापदण्ड अनुसार संचालन गर्न थालियो र कालान्तरमा यसले बाध्यात्मक रूप ग्रहण गर्न थाल्यो। यसलाई चलन चल्तीको भाषामा कानून भनिन्छ।

वास्तवमा कानून आफैमा साध्य नभएर साधन मात्र हो र यसको उद्देश्य भनेको जनताको हितको संरक्षण गर्नु हो। तर विगतका सबै कानून हरू जनताको हितमा आधारित थिए भनेर भन्न सकिदैन। कतिपय कानून असमान एवं पक्षपातपूर्ण रहेका थिए। अहिले पनि सबैले कानूनको समान संरक्षणको अवसर पाएका छन् भन्न सकिदैन।

आजको प्रजातान्त्रिक युगमा कानून सबैलाई समानरूपमा लागूहुनु पर्छ भन्ने सामान्य मान्यता हो। तर कानून सबैको लागि समान भएर मात्र हुदैन त्यसको समान उपयोगको अवसर पनि पाउनुपर्छ अन्यथा कानूनले प्रदान गरेका सुबिधा र सहुलियत केही सीमित ब्यक्तिहरूको मात्र पेवा बन्न सक्ने संभावना रहन्छ। हाम्रो देशको सम्बन्धमा कुरा गर्दा नेपालका कतिपय कानूनहरूलाई समयसापेक्ष्य बनाउनुपर्ने स्थिति त छदैछ यसको साथै चालू कानूनले जनतालाई दिएका अधिकारको उपभोग गर्ने बिषयमा पनि धेरै जनताहरू बंचित भएका छन्।

हाम्रो देशको अधिकांश हिस्सा अहिले पनि अशिक्षाकाको कारणले गर्दा बिबिध स्वाले समस्याबाट ग्रसित छ। नेपाली जनजीवनको यथार्थता के रहेको छ भने हाम्रो देशको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा बिद्यमान कतिपय समस्याको कारणले पिल्सिएको त छदैछ यसका साथै प्रचलित कानूनले प्रदान गरेका हक र दायित्व बारे जानकारी पनि पाउन नसकेको कारणले पनि त्यो भन्दा बढी संस्व्याले दुःस्व पाएको छ। अतः हाम्रो सामाजिक जीवनको दैनिक व्यवहारमा आउने प्रचलित कानूनी व्यवस्था बारे जानकारीको गराउने उद्देशयले "कानून बारे जान्नै पर्ने केही विषयहरूको निर्देशिका प्रकाशित गरेका छौ।

प्रस्तुत पुस्तकमा कानूनको सामान्य जानकारी सहित बर्तमान संविधानमा ब्यबस्था गरिएका नागरिकका मौलिक हक र तिनीहरूको अपहरण गरिदा अपनाउनु पर्ने

संबैधानिक उपचारपध्दति र हाम्रो सामाजिक जीवनका बहुप्रचलित अंशबण्डा, लेनदेन,रजिष्ट्रेशन,बिबाहबारी,कुटपीट,लुटपीट ,जिउ मास्ने बेच्ने र ज्यानसंबन्धी बिषयमा हाम्रो कानूनमा गरिएको ब्यबस्था बारे सरल र सहज रूपमा ग्रामीण क्षेत्रका जनताले बुझ्ने र बुझाउने किसिमले तयार गरिएको छ। यसबाट ग्रामीण क्षेत्रका बहुसंख्यक जनता लाभान्वित हुने र आफ्नो अधिकार प्रतिको सजगता र सचेतनतामा बृध्दि हुनेछ भन्ने अपेक्षा गरिएको छ।

प्रस्तुत पुस्तक लुथरन वर्ड सर्भिसको कानूनी साक्षरता कार्यक्रमको प्रयोजनको लागि तयार गरिएको हो। कानूनी सहायता कार्यक्रम ग्रामीण क्षेत्रका मानिसहरूको चेतना उकास्ने मात्र नभई उनीहरूको आधारभूत अधिकारहरू संरक्षण गर्ने एक विशिष्ट उपाए पनि हो। यस्तो विषयमा लुथरन वर्ल्ड सर्भिसले चासो देखाएकोमा हामी आभार व्यक्त गर्न चाहान्छौ।

पुस्तकको विषय वस्तु छनौट एवं लेखन कार्यमा लाग्नु हुने इन्सेक कार्यकर्ता कृष्ण उपाध्याय, देविकानन्द तिमिल्सिना, शिसम मिश्र र कानून व्यवसायी, इन्सेक कार्यसमिति सदस्य पवनकुमार ओझा एवं कानून व्यवसायीहरू हरि फुयाल, रमेश बडाल र यमुना भट्टराईप्रति आभार व्यक्त गर्दै पुस्तकको तयारीमा लाग्ने सबैप्रति धन्यवाद दिन चाहन्छु। यसको साथै प्रस्तुत पुस्तकका बिषयमा प्रत्यक्ष एवं अप्रत्यक्षरूपकमा बिबिध किसिमले सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा प्रस्तुत पुस्तकमा रहेका कतिपय त्रुटी कमी बारे हामीलाई सुझाब प्रदानगर्नु हुनेछ भन्ने अपेक्षा एवं बिश्वास लिएको छु।

**सुशील प्याकुरेल**
अध्यक्ष

मिति : २०५४ श्रावण २८

# विषय-सूची


| | | पृष्ठ |
|---|---|---|
| १. | परिच्छेद एक | १ |
| २. | परिच्छेद दुई | ७ |
| ३. | परिच्छेद तीन | ३७ |
| ४. | परिच्छेद चार | ५९ |
| ५. | परिच्छेद पाँच | ७१ |

# परिच्छेद – १

**१.परिचय :**

कानून व्यापक र गहन विषय हो। कानून नजानिकन अपराध गरे भनेर छुट पाईंदैन, त्यसकारण कानूनको अज्ञानता अक्षम्य हुन्छ भन्दछन्। विशेषत: कानूनको अर्धदक्ष जनशक्ति तयार गर्न सकियो भने गाउँका सर्वसाधारण जन-समुदायले उनीहरूमार्फत कानूनको ज्ञान हासिल गर्न सक्दछन्। लोकप्रिय शिक्षाको रूपमा प्यारा लिगल ट्रेनिङ्ग (Para Legal Training) लाई स्थापित गर्न सकियो भने यस कार्यक्रममार्फत जनताहरू समक्ष दुई प्रकारका फाईदा लैजान सकिन्छ :-

(१) चेतना स्तर उकास्ने र

(२) कानूनका प्राविधिक पक्षहरूको ज्ञान दिने।

यस प्रकृयाबाट कानूनको ज्ञानलाई सरलीकृत एवं विशिष्ट दुवै वनाउँन सकिन्छ। कानून समाजभित्रका अन्तरसम्वन्धहरूलाई मिलाउने र त्यस्ता अन्तरसम्वन्धहरू विग्रिएको अवस्थामा कस्ता उपायहरूको अबलम्वन गर्नुपर्दछ भनेर समाजलाई एकीकृतरूपले संचालन गर्ने एक औजार हो। समानताको सिद्धान्तलाई स्वीकार गरी सबै मानिसहरूलाई कानूनको आधारमा एकै प्रकारको व्यवहार गर्नु कानूनको विशिष्ट उद्देश्य हो। व्यक्ति अथवा समाज र राष्ट्रबीचको सम्वन्धलाई पनि कानूनले बताउने भएकाले यसको जानकारी राख्नु अति आवश्यक छ।

कानून भनेको सबै वर्ग, लिङ्ग, उमेर, क्षेत्र र समुदायका मानिसहरूको बीचमा समान न्याय प्रदान गर्ने साधन हो, त्यसकारण यदि कानून नै जानिएन भने आफूलाई अन्याय पर्दा के-कस्तो उपचार पाउन सकिन्छ ? कुन प्रकारले उजुरी गरी अन्यायीलाई सजायँ गराउन सकिन्छ भन्ने कुराहरूको जानकारी राख्नु जरूरी हुन्छ। यदि अन्यायीहरूलाई सजायँ गराइएन भने त्यो पनि एक प्रकारको अपराध हो, किनकि अन्यायीहरूले सजायँ पाएन भने अन्यायीहरूको संख्या बढ्दछ र अपराधको संख्यामा पनि बृद्धि हुन्छ। त्यसकारणले समाजमा अशान्ति तथा अन्यौलता बढ्दछ। कानूनको ज्ञान राख्नाले त्यस्तो मानिसलाई समाजमा स्थापित गराउँदछ, जसलाई कसैले हेप्न सक्दैन र कानून एउटा

**धारा ११- समानताको अधिकार :**

संविधान र कानूनको अगाडि सबै नागरिक वरावर हुन्छन्। जात, जाति, भाषा, धर्म, लिङ्ग, आदिको आधारमा कसैलाई पनि भेदभाव गर्न पाईदैन, तर कतिपय अवस्थामा कानूनद्वारा नै कसै-कसैलाई बढी संरक्षण प्रदान गरिएमा त्यसलाई समानताको सिद्धान्त विपरीत मानिदैन ।

**धारा १२ – स्वतन्त्रताको हक :**

कानूनबमोजिम वाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुनेछैन र मृत्युदण्ड हुने गरी कानून वनाईने छैन । साथै बिचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार भेला हुने स्वतन्त्रता संघ संस्था खोल्ने स्वतन्त्रता देशभरी हिँड्डुल र बसोवास गर्ने स्वतन्त्रता, कुनै पनि पेशा रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रतालाई यस संविधानको धाराअन्तर्गत संरक्षण गरिएको छ ।

**धारा १३ – छापाखाना र पत्रपत्रिका प्रकाशन गर्ने स्वतन्त्रताः**

कुनै समाचार लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व-प्रतिवन्ध लगाइने छैन । त्यस्ता सामग्री छापे वापत छापाखाना वन्द वा जफत गरिनेछैन, साथै कुनै समाचार-पत्र वा पत्रिकाको दर्ता खारेज गरिनेछैन भन्ने स्वतन्त्रताहरूलाई यस धाराअन्तर्गत संरक्षण गरिएको छ ।

**धारा १४- फौजदारी न्यायसम्वन्धी हकः**

यस धाराअन्तर्गत कानूनले तोकिएभन्दा बढी सजायँ गर्न नपाउने तथा एकै कसुरमा एकपटकभन्दा बढी मुद्दा नचलाउने र सजायँ नगरिने अधिकार, आफ्नोविरूद्ध साक्षी हुन कर नलाग्ने अधिकार, यातनाविरूद्धको अधिकार, वारेन्टसहित मात्र पक्राउ गर्ने र पक्राउ गरेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने अधिकार, कानून-व्यवसायीसँग सम्पर्क गर्न पाउने अधिकारजस्ता अधिकारहरूलाई संरक्षण प्रदान गरिएको छ ।

**धारा १५ – निवारक नजरवन्दविरूद्धको हक**

कानून विपरीत कसैलाई पनि निवारक नजरवन्द राख्न पाइने छैन । देशको सार्वभौमसत्ता अखण्डता वा सार्वजनिक शान्ति र सु-व्यवस्थामा तत्काल खलल पार्ने प्रयास, आधार नभई कसैलाई पनि निवारक नजरवन्द राखिने छैन ।

**धारा १६ – सूचनाको हकः**

कानूनले गोप्य राख्नुपर्छ भन्ने सूचनावाहेक प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

**धारा १७ – सम्पतिको हक:**

सबै नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पति आर्जन गर्ने, भोग गर्ने, बेच-विखन गर्ने र सम्पतिको अन्य कारोवार गर्ने अधिकार हुनेछ, । साथै सार्वजनिक हितको लागि श्री ५ को सरकारले कसैको जग्गा अधिग्रहण गरेमा त्यसको क्षतिपूर्ति पाउँने अधिकारलाई संविधानले संरक्षण प्रदान गरेको छ ।

**धारा १८ – संस्कृति तथा शिक्षासम्वन्धी हक:**

नेपाल अधिराज्यभित्र बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपी र सस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने अधिकार हुनेछ,, साथै प्रत्येक समुदायले वाल-वालिकालाई प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने र विद्यालय सञ्चालन गर्न पाउने अधिकारलाई यस धारामा संरक्षण गरिएको छ ।

**धारा १९ – धर्मसम्वन्धी हक:**

प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता प्रत्येक व्यक्तिलाई हुनेछ भन्ने व्यवस्था यस धारामा गरिएको छ ।

**धारा २० – शोषणविरूद्धको हक:**

मानिसलाई बेचविखन गर्न, दास तुल्याउन, वाँधा वनाउँन वा कुनै किसिमको निजको इच्छाविरूद्ध काममा लगाउन निषेध गरिएको छ ।

**धारा २१ – देश निकालाविरूद्धको हक:**

कुनै पनि नागरिकलाई देश निकाला गर्न नपाइने व्यवस्था संविधानको यस धारामा गरिएको छ ।

**धारा २२ – गोपनीयताको हक:**

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनले तोकेभन्दा वाहेक अनतिक्रम्य हुनेछ ।

**धारा २३ –उपचारको हक:–**

माथि विभिन्न धारामा उल्लेख गरिएका मौलिक हकहरूको उल्लंघन भएमा सर्वोच्च वा पुनरावेदन अदालतमा रिट निवेदन दिई त्यस्ता हनन भएका अधिकारहरूको पुन:स्थापना गर्न सकिन्छ ।

माथि उल्लेख गरिएका अधिकारहरू मानिसका व्यक्तिगत जीवनसँग नितान्तरूपमा गाँसिएका हुन्छन् । सम्मानपूर्वक वाँच्न पाउँनको लागि यस्ता

अधिकारहरूलाई संविधानमा व्यवस्था गरिएको हुन्छ। वास्तवमा मौलिकअधिकारहरू संविधानमा व्यवस्था गरिएका मानवअधिकारहरू हुन्। यस्ता मानवअधिकारहरूको राज्यले संरक्षण र सम्मान गर्नुपर्दछ। यस्ता अधिकारहरूको उल्लंघन गर्ने र नागरिकहरूलाई दु:ख दिई असम्मानजनकरूपमा बाँच्न तुल्याउने व्यवस्थालाई अप्रजातान्त्रिक व्यवस्था भनिन्छ।

# परिच्छेद -२

## १. विवाहसम्वन्धी कानून:

### (क) पृष्ठभूमि:-

एकजना महिला र एकजना पुरूष लोग्ने-स्वास्नी भएर बस्नुलाई विवाह भएको मानिन्छ। हाम्रो कानूनअनुसार धार्मिक विधि पुऱ्याएर गरिएको विवाह पनि विवाह नै हो। त्यस्तै केटा र केटीको मन मिलेर भागेर गई विवाह गरे पनि अथवा केटा र केटी लोग्ने र स्वास्नीको रूपमा संगै बस्न थालेमा पनि त्यसलाई विवाह भएको मानिन्छ। यसरी कानूनमा विवाह गर्नलाई कुनै निश्चित विधि नै पूरा गर्नुपर्दछ भनी तोकिएको छैन। कुनै पनि तरीकाबाट केटा र केटीको बीचमा लोग्ने-स्वास्नीको व्यवहार गरी बसे भने तिनीहरूले विवाह गरेको मानिन्छ। विवाहको उद्देश्य लोग्ने-स्वास्नीको सम्वन्ध कायम गरिदिने भएकोले कुनै पनि महिला र पुरूषको बीचमा लोग्ने स्वास्नीको व्यवहार भयो भन्ने कुरा ठहरिने बित्तिकै कानूनले विवाह भएको मान्दछ।

कानूनत: विवाहमा कुल, धर्म, जात, आदि मिल्नुपर्छ भन्ने वाध्यता छैन, जुनसुकै अवस्थाका केटा र केटीको बीचमा पनि विवाह हुनसक्दछ, तर यति भएर पनि विवाह दिगोरूपमा कायम राखी विवाहपछि पति पत्निमाथि आइपर्ने जिम्मेवारी राम्रोसंग वहन गर्नसक्ने, एक-अर्काले आफ्ना अधिकार र कर्तव्यको वोध गरी परिवार राम्रोसंग संचालन गर्नसक्ने हुनुपर्दछ भन्ने मान्यता हाम्रो कानूनले राखेको छ। विवाहपछिको पारिवारिक सम्वन्ध सौहार्द्रपूर्ण होस्, विखण्डनको अवस्थामा नपुगोस् भनी कानूनमा विवाह गर्दा केही शर्तहरू पुगेको हुनुपर्ने व्यवस्था छ। अब यी शर्तहरूको वारेमा विबेचना गरौं।

### (ख) विवाह गर्दा बिचार पुऱ्याउनु पर्ने कुराहरू :-

**उमेर पुग्नुपर्छ:**

- केटा र केटीका अविभावकको मञ्जुरीवाट गरिने विवाहमा केटीको उमेर १६ वर्ष र केटाको उमेर १८ वर्ष पुग्नुपर्दछ। अविभावकको मञ्जुरी नलिई केटा र केटीले आफूखुसी विवाह गर्ने भए केटीको उमेर १८ वर्ष र केटाको उमेर २१ वर्ष पुग्नुपर्दछ।

- दर्ता-विवाह (अदालती-विवाह) गर्ने हो भने, केटीको उमेर १८ वर्ष र केटाको उमेर २२ वर्ष पुग्नुपर्दछ। साथै केटा र केटीको उमेरमा २० वर्षभन्दा फरक पार्नुहुँदैन।

## (ग) केटा र केटीको मञ्जुरी हुनुपर्छ :

हुन त, अझसम्म पनि हाम्रो समाजमा केटा र केटीको इच्छा नभैकन अविभावकहरूले जर्वजस्तीसंग विवाह गरी दिने गरेको पाईन्छ। विवाह गरेपछि सवै कुरा आफै मिल्छ भनी वावु आमाले राम्रै सोचेर निर्णय गरेको हुन्छ, छोरा छोरीले त्यसको पालना गर्नुपर्छ भन्ने ठानिन्छ, तर त्यसको ठीक विपरीत कानूनले विवाह गर्दा सम्बन्धित केटा र केटीको मञ्जुरी हुन आवश्यक छ। उनीहरूको मञ्जुरीवाट मात्र विवाह गर्नुपर्दछ भन्ने व्यवस्था गरेको छ। अतः विवाह गर्दा केटा केटीको मञ्जुरी हुन आवश्यक छ।

**ढाटेर गर्नु हुादैनः**

- कुनै पनि वक्क लाटो, महारोगी, लुलो, कुँजो, दुवै आँखा अन्धो, लिङ्ग नभएको नपुंसक, हातगोडा भाँची वेकम्वा भएको, वौलाहा वा छारे-रोग लागेको लोग्ने मानिसलाई सद्दे छ भनी ढाँटेर विवाह गर्नु हुँदैन।
- त्यस्तै कुनै पनि वक्क लाटी, महारोगी, लुली, कुँजी, दुवै आँखा अन्धी, योनीहीन भएकी, हात-गोडा भाँची वेकम्मा भएकी, वौलाएकी वा छारे-रोग भएकी स्वास्नी मानिसलाई सद्दे छ भनी ढाँटी विवाह गर्नुहुँदैन। त्यस्तै गरेर सधवा वा विधवा स्वास्नी मानिसलाई कन्या हो भनी ढाँटेर अरूसंग विवाह गर्नमा पनि कानूनले प्रतिवन्ध लगाएको छ।

**नाता पर्नुहुँदैन :**

हाम्रो सामाजिक प्रचलनवमोजिम नै कानूनमा पनि नाता सम्वन्धभित्र विवाह गर्नमा प्रतिवन्ध लगाईएको छ, तर यदि कुनै जात विशेषमा नाता सम्वन्धभित्र पनि विवाह गर्नहुने चलन छ भने, त्यसलाई कानूनले छुट दिएको छ।

यी माथि उल्लेख गरिएका आधारहरू (शर्तहरू) पूरा नगरिकन यिनीहरूको उल्लंघन गरी विवाह गरेमा त्यो कानूनद्वारा दण्डनीय कार्य हुन्छ। यस्तो विवाह गर्ने गराउनेलाई तोकिएवमोजिम सजायँ हुनुका साथै कतिपय अवस्थामा विवाहले मान्यता नपाई बदर हुन पनि सक्छ।

अव यी तोकिएका शर्तहरू पूरा नगरी गरिने विवाह परिणामको सम्वन्धमा चर्चा गरौं।

**वाल -विवाह :**

कानूनले तोकेको उमेर पूरा नगरी गरिएको विवाहलाई वाल-विवाह भनिन्छ। हुन त, हाम्रो समाजमा अझसम्म पनि छोरीहरूको सानै उमेरमा विवाह गरिदिने चलन कायम नै छ। यसरी उमेर नै नपुगी विवाह गरी दिनु एक वाल-विवाहको अपराध हो। वाल-विवाह गर्न-गराउन हुँदैन र कसैले वाल-विवाह गराउँछ भने, त्यसलाई दण्ड-सजायँ हुन्छ, तर पनि नेपालमा ४०.५% वालिकाको १६ वर्ष नपुगी विवाह हुने गरेको पाइएको छ। वाल-विवाहको अपराधमा निम्नबमोजिम दण्ड-सजायँ हुन्छ।

१. १० वर्ष नपुगेकी वालिकाको विवाह गरे गराएको रहेछ भने, गर्ने गराउने मूख्य व्यक्तिलाई ३ महिनादेखि ३ वर्षसम्म कैद र ५०० रूपैयादेखि ५००० हजार रूपैयासम्म जरिवाना हुन्छ।
२. यस्तो विवाहमा संलग्न पुरोहित, लमी र अरू सहयोगीलाई १ महिनासम्म कैद र १०० रूपैयासम्म जरिवाना हुन्छ।
३. १४ वर्षदेखिमाथि १६ वर्ष नपुगेकी वालिकाको विवाह गराएको रहेछ भने, मुख्य व्यक्तिहरूलाई ३ महिनासम्म कैद वा १००० रूपैयासम्म जरिवाना वा दुवै हुन्छ।
४. यस्तो विवाहमा संलग्न पुरोहित, लमी, र अन्य सहयोगीलाई १ महिनासम्म कैद र १०० रूपैयासम्म जरिवाना हुन्छ।
५. संरक्षकको मञ्जुरी लिनुपर्ने अवस्थामा मञ्जुरी नलिई विवाह गरे गराएमा गर्ने गराउने मूख्यलाई ५०० रूपैया जरिवाना हुन्छ।
६. पुरोहित, लमी र अन्य सहयोगीहरूलाई ३०० रूपैयासम्म जरिवाना हुन्छ।

यस्तो अवस्थामा जरिवानावापत आएको पैसा केटीलाई दिलाइन्छ।

**अनमेल विवाहः-**

विवाह गर्दा केटा र केटीको उमेरमा २० वर्षभन्दा बढी उमेर फरक पारी गरिएको विवाहलाई अनमेल विवाह भनिन्छ। हाम्रो समाजमा प्रचलित पुरानो चलनअनुसार अझसम्म पनि बहु-विवाह हुने गरेको पाइएता पनि यस्तो विवाहलाई प्रत्विन्ध लगाईएको छ।

- अनमेल विवाह गर्ने गराउने मुख्य व्यक्तिलाई ३ महिनासम्म कैद वा ५०० रूपैयासम्म जरिवाना वा दुवै सजायँ हुन्छ।

**मञ्जुरीविनाको विवाह :-**

विवाह गर्ने केटा र केटी दुवैको वा कुनै एकको मञ्जुरी नभई जवर्जस्तीसंग गरिएको विवाहमा विवाह गर्ने गरी दिनेलाई २ वर्षसम्म कैद हुन्छ।

**ढांटेर गरिएको विवाह :**

- विवाह गर्ने केटा केटीमा रहेका शारीरिक कमजोरी अर्को पक्षलाई ढांटेर विवाह गरीदिएमा ५००।- रूपैंयासम्म जरिवाना हुन्छ ।
- सधवा वा विधवा स्वास्नी मानिसलाई कन्या हो भनी ढांटेर विवाह गराएमा, गराउने मूख्य व्यक्तिलाई र १६ वर्ष उमेर पुगेको भएमा सम्बन्धित केटीलाई १ वर्षसम्म कैद वा रू. ५००।- रूपैंयासम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

**नाताभित्रको विवाह :**

आफ्नो हाड नाताभित्र विवाह गरेकोमा जति नजिकको नाताभित्र विवाह गर्‍यो, उति नै वढी सजायँ हुन्छ । यस्तो अपराधलाई हाम्रो कानूनले कडा सजायँको व्यवस्था गरेको छ । वढीमा जन्म कैदसम्मको सजायँ गरिएको छ, तर नाताभित्र विवाह गर्ने चलन भएका जातहरूमा यो कानून लागू हुँदैन, विवाह गर्न छुट पाईन्छ ।

## (ग) उजुरी गर्ने हकदैया

यी माथि उल्लेखित अपराधहरू श्री ५ को सरकार वादी भएर चल्ने फौजदारी अपराधहरू हुन् । त्यसैले घटनाको विपयमा थाहा पाउने जो-सुकै व्यक्तिले नजिकको प्रहरी चौकीमा उजुरी गर्न सक्दछ ।

**हदम्याद:**

थाहा पाएको मितिले ३ महिना हदम्याद हुन्छ, तर मन्जुरीविना गरिएको विवाहमा विवाह भएको मितिले ३ महिनाभित्र उजुरी गरिसक्नुपर्छ ।

**बहु-विवाह :**

हुनत "मर्दका सात वटी" भन्ने असभ्य र निकृष्ट भनाईहरू अझसम्म पनि हाम्रो समाजमा मौजुद छन् । एउटी पत्नी हुँदाहुँदै पनि अरू विवाह गरेर ल्याउन, खान, लगाउन दिए पुगिहाल्यो, जतिवटी विवाह गरे पनि हुन्छ भन्ने वुझाई र मान्यता अझसम्म पनि कायम छ, तर हाम्रो कानूनले बहु-विवाह गर्नेलाई केही खास अवस्थामा वाहेक छुट दिएको छैन । कानूनमा महिलाले बहु-विवाह गर्ने कुराको आभाष कतै पनि पाईन्न, अर्थात पति हुने महिलाको अर्को विवाह हुने कुराको परिकल्पना कानूनमा कतै छैन, तर पुरूपहरूलाई निम्नलिखित अवस्थाहरूमा एउटी पत्नी जीवित छदै अर्को विवाह गर्ने छुट दिएको छ ।

- स्वास्नीलाई यौनसम्वन्धी कुनै सरूवा रोग भई निको नहुने भएमा,

- स्वास्नी निको नहुने गरी बौलाएमा
- विवाह भएको १० वर्षभित्र सन्तान नभएमा वा नरहेमा,
- स्वास्नी हिडडुल गर्न नसक्ने गरी कुँजी भएमा,
- स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा,
- स्वास्नीले अंश लिएर छुट्टै बसेमा ।

यी माथि उल्लेख गरिएका कारणहरूमध्ये कुनै पनि एउटा कारण पर्ने वित्तिकै लोग्ने मानिसले बहु-विवाह गर्नलाई छुट पाउँछन्, तर यी कारणहरू नपरी अरू साना-तिना निहुँ खोजेर दोश्रो विवाह गर्नमा प्रतिवन्ध छ । समाजमा जसरी पत्नीले दाइजो नल्याएको, रूप नराम्रो भएकी, छोरा नभएको, नपढेकी असभ्य आदि निहुँ थापेर सजिलैसंग बहु-विवाह गर्ने गरिन्छ, त्यो एक अपराध हो । यस्तो अपराधमा कानूनले तोकेवमोजिमको दण्ड-सजायँ हुन्छ । पहिलो पत्नीको मञ्जुरिबाट पनि बहु-विवाह गर्न पाइदैन ।

**बहु -विवाहमा सजायँ:**

बहु विवाह गरेमा १ महिनादेखि २ महिनासम्म कैद र १ हजारदेखि २ हजारसम्म जरिवाना हुन्छ । अर्की पत्नी छिन् भन्ने थाहा पाएर नै विवाह गरी आउने महिलालाई पनि सोहीवमोजिम सजायँ हुन्छ ।

**हकदैया र हदम्याद :**

- यो मुद्दा सरकारवादी भएर चल्ने फौजदारी मुद्दा हो । थाहा पाउने जोसुकै व्यक्तिले पनि उजुरी गर्न सक्दछ ।
- बहु-विवाह गरेको थाहा पाएको मितिले ३ महिनाभित्र उजुरी गरी सक्नुपर्दछ ।

हामीले यसअघि विवाहसम्वन्धी कानूनको विपयमा विस्तृतरूपमा चर्चा गरी सकेका छौं । कानूनले प्रतिवन्ध लगाएको कुरालाई विचार नगरी विवाह गर्दा हुने परिणामको वारेमा केही चर्चा भैसकेको छ । माथि उल्लेखित दण्डजरीवानाको अतिरिक्त सम्वन्धित पक्षले भोग्नुपर्ने परिणामको सम्वन्धमा यहाँ चर्चा गरिएको छ ।

## (घ) विवाह बदर गर्न सकिने:

- विवाह गर्ने केटा र केटीको उमेर १६ वर्प नपुगी विवाह गरेको रहेछ भने निजहरूले १६ वर्ष पुगेपछि मञ्जुर नगरे विवाह बदर गर्नसक्छन् । १६ वर्प पुगेका मितिले ३ महिनाभित्रमा जिल्ला अदालतमा नालेस गरेमा विवाह वदर हुनसक्छ ।
- शारीरिक कमजोरीलाई ढाँटी सद्दे छ भनी विवाह गरी दिएमा मर्का पर्ने पक्षले चाहेमा विवाह वदर गराउन सक्छ ।

- विधवा महिलालाई कन्या भनी ढाँटेर विवाह गरेको रहेछ भने, विवाह गर्ने पुरूपले विवाह वदर गराउन चाहेमा वदर हुन्छ ।

**(ङ)विवाह बदर हुने :**

कतिपय विवाहमा सजायँ हुन्छ, तर आफै वदर हुँदैन र केही विवाह वदर गरिरहनु पर्दैन । विवाहले आफै नै कानूनी मान्यता पाउँदैन । स्वतः वदर हुने यी विवाहहलाई विवाह भनेर कानूनले मान्यता नै दिँदैन ।

- कानूनले निपेध गरेको नाताभित्र गरिएको विवाह
- विवाह गर्ने केटा र केटीको मन्जुरीविना गरिएको विवाह
- लोग्ने भएको सधवा महिलालाई कन्या भनी ढाँटेर गरिएको विवाह ।

**दर्ता-विवाह (कानूनी-विवाह ) :**

हामीले यसअघि हाम्रा परम्परागत चलनवमोजिम गरिने विवाहका सम्वन्धमा चर्चा गऱ्यौ । अव यहाँ वदलिदो समाजको आवश्यकताबमोजिम दर्ता गरी गरिने आधुनिक विवाहको सम्वन्धमा चर्चा गरौं । हाम्रा परम्परागत विवाहको तुलनामा कानूनी निश्चितता र कम खर्चिलो विवाह दर्ता-विवाह हो । यसको सम्वन्धमा विवाह दर्ता ऐन, २०२८ मा व्यवस्था गरिएको छ । कानूनले तोकेको आधारहरू पूरा गरेका महिला र पुरूपले अभिभावकहरूको मञ्जुरी नभए पनि विवाह गर्न सक्दछन् ।

## विवाह कहाँ र कसरी गर्ने ?

दर्ता-विवाह जिल्ला प्रशासन कार्यलय (C.D.O) मा गरिन्छ । कम्तीमा १५ दिन अघिदेखि विवाह गर्ने केटा वा केटी कुनै पनि पक्ष वसोवास गरी आएको जिल्लाको जिल्ला प्रशासन कार्यालय दर्खास्त दिन सकिन्छ । यस्तो दरखास्त १५ दिनअगावै दिनुपर्छ । यस्तो दरखास्तमा दुवैपक्षले आ-आफ्नो विवरण भरी ३ जना साँक्षी राखेर, फोटा टाँसी दर्ता गराउनु पर्छ । दरखास्त परेपछि प्र.जि.अ.ले आवश्यक कुराहरू बुझी विवाह दर्ता गरी प्रमाण-पत्र प्रदान गर्दछन् ।

**(२) सम्बन्ध बिच्छेदः-**

सम्वन्ध विच्छेदलाई अर्को शव्दमा छोडपत्र वा पारपाचुके पनि भनिन्छ । पति-पत्नीको वीचमा मनमुटाव, झगडा भयो वा अन्य कारणवाट सम्वन्ध राम्रो रहन सकेन र उनीहरूको सम्वन्ध सुधार गरेर घरवारमा टिकाई राख्न पनि असम्भव भयो भने, सम्वन्ध विच्छेद् गरी दुवै पक्ष स्वतन्त्र भएर रहन सक्ने व्यवस्था छ । पति–पत्नीमध्ये कुनै एकपक्षको कारणवाट दाम्पत्य

सम्वन्धमा कटुता उत्पन्न भई अर्को पक्षलाई अन्याय पर्दा सहेर वस्नु पर्दैन। दाम्पत्य सम्वन्धमा कटुता उत्पन्न भएर परिवार भाँडिई सम्वन्ध कायम राख्नुभन्दा सम्वन्ध टुटाएर अलग-अलग वस्नु हितकर हुने अवस्थामा सम्वन्ध बिच्छेद् हुनसक्छ भन्ने कानूनी परिकल्पना हो। कुनै सानोतिनो निहुँमा सम्वन्ध विच्छेद हुँदैन। सम्वन्ध विच्छेदपछि ती दम्पती कुमार-कुमारी सरह हुनेछन्। निम्नलिखित अवस्थामा सम्वन्ध विच्छेद् हुनेछ।

**पतिले पत्नीसंग सम्वन्ध बिच्छेद् गर्ने आधारहरू :-**

- पत्नीले पतिलाई निजको मञ्जुरी नलिई लगातार ३ वर्ष वा सोभन्दा वढी समयदेखि छोडी अलग वसेमा,
- लोग्नेको ज्यान जाने, कुनै अंगभंग हुने वा अरू कुनै ठूलो शारीरिक कष्ट हुने काम गरेमा वा त्यस्तो काम गर्ने जाल प्रपंच गरेमा।

**पत्नीले पतिसाग सम्वन्ध बिच्छेद् गर्ने आधारहरू :-**

- पतिले अरू स्वास्नी ल्याएमा,
- पत्नीलाई घरवाट निकालेमा ,
- पत्नीलाई खाना लाउन नदिएमा,
- पतिले पत्नीलाई निजको खोज खवर नराखी लगातार ३ वर्ष वा सोभन्दा वढी समयदेखि छोडी अलग वसेमा,
- पति नपुंसक भएमा र
- पत्नीको ज्यान जाने अंगभंग हुने वा अरू कुनै ठूलो शारीरिक कष्ट हुने काम गरेमा वा त्यस्तो काम गर्ने जाल प्रपञ्च गरेमा।

**दुवैको मञ्जुरीमा सम्वन्ध बिच्छेद् :-**

पति-पत्नी दुवैपक्षले आफ्नो राजीखुशीवाट सम्वन्ध विच्छेद् गर्न चाहेमा कुनै कारण नखुलाई संयुक्त निवेदनवाट सम्वन्ध विच्छेद् हुनसक्ने कानूनी व्यवस्था छ।

**सम्वन्ध बिच्छेद गर्ने तरीका:**

माथि उल्लेखित अवस्थाहरूमा लोग्ने र स्वास्नीले सम्वन्ध विच्छेदको लागि छुट्टाछुट्टै निकायमा उजुरी दिनुपर्ने व्यवस्था छ।

- लोग्ने मानिसले सम्वन्ध बिच्छेद् गर्न चाहेमा आफू वसेको गा.वि.स. वा न.पा.मा निवेदन दिनुपर्छ।
- स्वास्नी मानिसले सम्वन्ध विच्छेद् गर्न चाहेमा सम्वन्धित जिल्ला अदालतमा निवेदन दिनुपर्छ।
- लोग्ने स्वास्नी दुवैको मञ्जुरीवाट संयुक्त निवेदन गर्ने भएमा गा.वि.स. वा न.पा.मा. निवेदन दिनुपर्छ।

**सम्वन्ध बिच्छेदपछि महिलाले खाई खर्च पाउने :**

सम्वन्ध विच्छेद् भएपछि आफ्नो केही आयस्ता नभएकी महिलाले पाँच वर्षसम्म त्यही लोग्ने मानिसबाट इज्जत-आमदअनुसार एकसरो खाई खर्च पाँउछिन्, तर पाँचवर्ष नपुगी बीचैमा दोस्रो विवाह गरेमा यो खाई खर्च पाउँदिनन । यस्तो खाई खर्च भराउन सम्वन्धित जिल्ला अदालतमा उजुरी दिनुपर्छ ।

**सम्वन्ध बिच्छेद्पछि बच्चामाथिको अधिकार र कर्तव्य :**

- सम्वन्ध बिच्छेद् भएर २७२ दिनभित्र जन्मिएको वच्चा अन्यथा प्रमाणित नभएसम्म त्यही लोग्नेकै ठहर्छ ।
- सम्वन्ध विच्छेद्पछि ५ वर्ष मुनिको वच्चालाई आमाले पाल्न चाहेमा आमाले नै पाल्न पाउँछिन्, आमाले पाल्न नचाहेमा वावुले पाल्नुपर्छ ।
- ५ वर्षमाथिको वच्चालाई आमाले दोस्रो विवाह नगरेको अवस्थामा आमाले पाल्न चाहेमा पाल्न पाँउछिन् र पाल्न नचाहेमा वावुले पाल्नुपर्छ, आमाले दोस्रो विवाह गरेको अवस्थामा पाल्न पाउँदिनन् ।
- आमा र वावु दुवैको सर-सल्लाहवाट आलोपालो गरेर पनि पाल्न सकिन्छ ।
- आमाले वच्चा पालेको अवस्थामा वावुले आफ्नो इज्जत -आमदअनुसार वच्चालाई खान, लगाउन, शिक्षा, औषधी उपचारका लागि मनासिव खर्च दिनुपर्छ ।
- वावुले वच्चा पाल्दा पनि वावुको भन्दा आमाको आयस्ता वढी रहेछ भन्ने आमाले पनि केही खर्च व्यहोर्नु पर्छ ।
- वच्चाको अहित हुने अवस्था नभएसम्म जसले पालेको भए पनि अर्को पक्षलाई वच्चा भेट्ने अधिकार रहन्छ । दोस्रो विवाह गर्ने आमाले पनि आफ्नो वच्चा भेट्न पाउँछिन् ।

## (३) महिलाको साम्पत्तिक अधिकार :

सम्पति कुनै पनि परिवारको मेरुदण्ड हो । परिवार चलाउन सम्पतिको आवश्यकता पर्दछ । परिवार चलाउन खाद्यान्न, लत्ता कपडा, वस्ने घर आदि चाहिन्छ र यी वस्तुहरू नै सम्पति हुन् । यस्तै सम्पतिहरूमा महिलाहरूको अधिकार के-कति हुनआउछ भन्ने सम्वन्धमा यहाँ चर्चा गर्न लागिएको हो । ९० प्रतिशत जनता किसान भएको हाम्रोजस्तो देशमा महिलाहरू खेतीकै काममा व्यस्त रहने गरेका छन् । आफूले रातदिन श्रम गरेको भूमिमा उनीहरूको के -कस्तो हक-अधिकार रहेको हुन्छ ? आफ्नो कमाईमा दाईजो, पेवामा के-कति अधिकार हुन्छ ? भनी वेलैमा वुझेर सचेत हुनुपर्ने आवश्यकता भएकोले यस

विषयमा यहाँ उल्लेख गर्न खोजीउको छ। सम्पतिको अधिकारको विषयमा सचेत हुनसके अधिकारको उपभोग र संरक्षण गर्न सकिन्छ।

हाम्रो देशको संविधानले महिला र पुरुषलाई समान अधिकार प्रदान गरेको छ। महिला र पुरूष समाजका हरेक क्षेत्रमा समानरूपले सहभागी हुन पाउने कुराको ग्यारेन्टी गरेको छ, तर यति भएर पनि सम्पत्तिसम्वन्धी अधिकार प्रदान गर्ने कुरामा महिला र पुरूषको बीचमा भेदभावपूर्ण कानूनहरू अझसम्म पनि मौजुद छन्। यस्ता भेदभावपूर्ण कानूनहरू कुन-कुन हुन्? आगामी दिनमा वन्ने कानूनहरूमा महिलालाई समान अधिकार प्रदान गर्न के-कस्ता व्यवस्था गर्नुपर्छ? भन्ने सम्वन्धमा बुझ्न र अहिलेको कानूनले दिएका अधिकारहरू थाहा पाएर उपभोग गर्दै जानलाई पनि यस विषयमा जानकारी राख्न आवश्यक भएकोले यहाँ चर्चा गरिएको हो

मुख्यरूपमा हालको कानूनले महिलाहरूको सम्पतिलाई दुईभागमा वर्गीकरण गरेको छ।

क. स्त्रीधन
ख. स्त्रीअंशधन

**(क) स्त्रीधन :**

स्त्रीधन महिलाहरूले आफूखुशी भोगचलन र बेचविखन गर्न पाउने सम्पति हो। स्त्रीधन बेच विखन गर्न, दान-वकस दिन, खर्च गर्न र आफ्नो इच्छाअनुसार चलाउन पाउने कसैलाई सोध्न स्वीकृति लिनु नपर्ने सम्पति हो। यस्ता सम्पतिअर्न्तगत निम्नकिसिमका सम्पतिहरू पर्दछन्।

(अ) दाईजो :-महिलालाई आफ्ना माइती-मावलीले दिएको सम्पति दाईजो हो।यस्तो दाईजो माइती-मावलीपट्टिका मानिसले आफ्नो इच्छाले छोरीलाई दिएको सम्पति हुनाले महिलाको पूरा अधिकार हुन्छ।यस्तो सम्पति आफ्ना इच्छाअनुसार चलाउन पाउने अंशवण्डा नलाग्ने सम्पति हो। केटा पक्षलाई केटी पक्षबाट दाईजो माग्ने अधिकार छैन र दाईजो खर्च गरी दिने (मासिदिने) अधिकार पनि छैन।

(आ) पेवा :-महिलाको विवाहपश्चात् उनको लोग्ने सासू-ससुरा र अन्य आफन्तहरूले स्बच्छाले दिएको खेतवारी, गाई, भैंसी, वाखापाठा, गर-गहना आदि सम्पति पेवा हुन्। पेवाको सम्पति महिलाले कसैलाई नसोधी सम्पूर्णरूपमा आफैले खर्च गर्न पाउँछिन्।

(इ) स्वआर्जन :-आफ्ना ज्ञान-सीप र श्रमबाट कमाएको सम्पति स्वआर्जन हो। कार्यालयमा काम गरेर, व्यापार व्यवसाय गरेर वा श्रमिकको रूपमा काम गरेर कमाएको स्वआर्जनको सम्पति आफू खुशी भोग चलन गर्न पाईन्छ।

(ई) दोलाजी :-छोरीहरूमात्र भएको परिवारले छोरीलाई छोरा सरह वनाएर राख्ने चलनलाई दोलाजी भनिन्छ। दोलाजीले छोराले जस्तै विवाह गरेर ज्वाइलाई पनि संगै वावुकै घरमा राख्छिन्। यस्तो चलन धेरै वर्षपहिले व्यापकरूपमा थियो। आजभोलि यस्तो चलन त्यति पाईदैन, तर कसैले दोलाजी राख्छ भने, यस्तो दोलाजी हुने छोरीले छोरा सरह वावुआमावाट सम्पति पाउँछिन् र यस सम्पतिमा उनको एकलौटी हकभोग हुन्छ।

(उ) दान-उपहार पाएको सम्पति :-महिलाले कसैवाट उपहारस्वरूप वकस दानस्वरूप पाएको सम्पति पनि आफूखुशी गर्न पाउँछन्। यसरी यी माथि उल्लेखित सम्पति के गर्ने ? र कसरी उपभोग गर्ने ? भन्ने निर्णय महिला स्वयंले गर्न पाउँछन् र कसैले हस्तक्षेप गर्न पाउँदैन।

**(ख) स्त्री-अंशधन** :

महिलाले अंशवापत प्राप्त गर्ने सम्पति स्त्री-अंशधन हो। अंशधन प्रदान गर्ने सम्वन्धमा हाम्रो कानून भेदभावपूर्ण छ। पुरूपहरूको लागि अंशको अधिकार जन्मसिद्ध अधिकार मानिन्छ, तर महिलाहरूले जन्मसिद्ध अधिकारको रूपमा पाउन सक्दैनन्। महिलाको अंशहकलाई लगेर वैवाहिक सम्वन्धसँग जोडिएको छ, विवाहित महिला जवसम्म त्यो लोग्नेको सतमा वस्छिन्, त्वसम्म मात्रै अंशहक सुरक्षित रहन्छ, यदि दोस्रो विवाह गर्छिन भने, पहिलो लोग्नेसंगको हक समाप्त हुन्छ। त्यस्तै छोरीले अंश लिएपछि विवाह गरे वावुसँगको अंशहक समाप्त हुन्छ। यसरी महिलाको सम्पतिको अधिकार विवाहसँग गाँसिएर रहेको छ। अंशहकको सम्पति चलमा सवै र अचलमा आधासम्म मात्रै ती महिलाले आफूखुशी उपभोग गर्न पाउछिन्।

अंशहक प्राप्त गर्ने महिलालाई निम्नलिखित ३ किसिममा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ।

-कन्या महिला (अविवाहित)
- सधवा महिला
- विधवा महिला

**कन्या महिलाको अंशहक :-**

विवाह नभएकी महिलालाई कन्या महिला भनिन्छ। यस्ती महिलाले आफ्नो वावुवाट अंश पाउँछिन्। अंश पाउन ३५वर्ष पुग्नुपर्छ र विवाह पनि नगरी वसेको हुनुपर्छ। अंश लिएपछि विवाह गरेमा त्यस अंशको सम्पत्तिवाट विवाह खर्च कटाएर अरू सवै सम्पत्ति फिर्ता गर्नुपर्छ। यस्तो अंशहकको सम्पत्तिमा चलमा सबै र अचलमा आधासम्म मात्रै आफै निर्णय गरी खर्च गर्न, विक्री गर्न, दान-दातव्य गर्न पाउने अधिकार छ। आधाभन्दा वढी सम्पति

चलाउन संरक्षक (बाबु,दाजु, भाइ आदि)को मन्जुरी लिनुपर्छ । यसरी हेर्दा छोराहरूले जन्मने वित्तिकै पाउने अधिकार पाउन छोरीले ३५ वर्ष पर्खनु पर्ने कानून छ । अधिकार प्राप्त गर्ने सवालमा ३५ वर्षकी दिदी १ वर्षको भाइभन्दा कान्छी मानिन्छिन्, त्यस्तै दाजु-भाइले आफ्नो अंशहक जे-जसरी पनि प्रयोग गर्न सक्छन्, तर दिदी-बहिनीको सम्पत्तिमाथि सधैं नियन्त्रण र दवाब रहन्छ, । सम्पत्ति लगानी गरेर उद्योग व्यवसाय चलाउने आँट, जाँगर भएका महिला भए पनि युवा जोश-जाँगर हुँदासम्म सम्पति पाउने अधिकार नै छैन । यो व्यवस्था आजको वदलिदो समय सुहाउँदो देखिदैन ।

**विवाहित महिलाको अंशहक :-**

विवाह भएपछि पति जीवित नै रहेकी महिलाले आफ्नो पतिवाट अंश पाउँछिन् । सामान्यतया हामी परिवारमा अंशवण्डा लगाउदा पति-पत्नीको जम्मा १ भागमात्रै लाग्छ भन्ने ठान्दछौं र पत्नीले आफनो भाग छुट्टै लिन सक्छिन् भन्ने कुरा धेरैलाई थाहा नहुनसक्छ । पत्नीको सम्पत्ति पतिकै सम्पतिमा गाभिन्छ भन्ने ठानेको हुनसक्छ । अंशवण्डा गर्दा पनि पति-पत्नीलाई १ भाग र प्रत्येक छोरालाई १ १ भाग लगाउने गरिन्छ, तर यो तरीका गलत हो । कानूनवमोजिम विवाहिता महिलाको आफ्नो पतिको सम्पत्तिमा छोरा सरहको १ भाग लाग्छ । साधारणतया पति-पत्नीबीचमा अंश लिएर भिन्न वस्नु पर्ने स्थिति हुँदैन, तर कुनै-कुनै अवस्थामा अंश लिएर अलग वस्नुपर्ने पनि हुन्छ र कानूनले पनि यो अधिकार प्रदान गरेको छ । निम्नअवस्थामा अंश लिएर वस्न पाउने कानूनी व्यवस्था छ ।

(अ) **लोग्नेले दोस्रो विवाह गरेमा** :- पहिलो पत्नी हुदाँ-हुँदै लोग्नेले दोस्रो विवाह गरेमा पहिलो पत्नीले चाहेमा आफ्नो अंशभाग लिएर अलग्गै वस्न पाउछिन् । कानूनले छुट दिएको अवस्थामा नै दोस्रो विवाह गरेको भए पनि पहिलो पत्नीलाई अंश दिनुपर्छ । दोस्रो विवाह गरेर पहिलो पत्नीलाई वेवास्ता गर्न पाइदैन, खान-लाउन दिनुपर्छ । पहिलो पत्नीले मागिन् भने अंश दिनुपर्छ ।

(आ) **लोग्नेले खान-लाउन नदिएमा** :- विवाह गरेपछि पतिलें पत्नीलाई खान-लाउन दिनुपर्छ भन्ने कानूनी व्यवस्था छ, यदि खान, लाउन, नदिएमा आफ्नो भाग अंशहक छुट्टै लिएर वस्न पाउँछिन् ।

(इ) **लोग्नेले कुटपीट गरी दुःख दिएमा** :- लोग्नेले खान-लाउन पनि नदिने, दोस्रो विवाह पनि नगरेको, तर पत्नीलाई कुटेर दुःख दिने गरेको छ भने, कुटाई सहेर वस्नु पर्दैन । धेरै परिवारमा लोग्नेले रक्सी खाएर विभिन्न निहुँ खोजी पत्नीलाई पिट्ने दुःख दिने गरेको पाईन्छ । आफ्नो हातमा रूपैयाँ पैसा छैन, जीवन धान्ने उपाय छैन, भनी पिटाइ सहेर

बस्न बाध्य भएको देखिन्छ, तर यस्तो सोच्नु गलत हो । लोग्नेले यसरी अत्याचार गरेको स्थितिमा अंशहक लिएर बस्न पाईन्छ ।

(ई) पत्नीको उमेर ३५ वर्ष वा विवाह गरेको १५ वर्ष पुगेमा :-
महिलाको उमेर ३५ वर्ष वा विवाह गरेको १५ वर्ष पुगेको अवस्थामा माथि उल्लेखित कुनै पनि कारण नपरी पनि अंश पाईन्छ । लोग्नेले राम्रो गर्दागर्दै पनि पत्नीलाई आफ्नो अंश लिएर अलग बस्ने इच्छा भएमा यो अवस्था पुगेपछि अलग बस्न पाईन्छ । यसरी यी माथि उल्लेखित कुनै पनि एउटा स्थिति आइपर्ने वित्तिकै विवाहित महिलाले चाहेमा अंश लिएर बस्न पाउने कानूनी व्यवस्था छ ।

**विधवा महिलाको अंशहक :-**

विवाह गरेर पतिको मृत्यु भैसकेकी महिलालाई विधवा भनिन्छ । विधवा महिलाले आफ्नो मृतक पतिको अंश भाग सम्पत्ति पाउछिन् । पतिको मृत्यु हुँदा पतिले आफ्नो पितावाट अंश लिएर भिन्न वसिसकेका रहेछन् भने त अंशको सवाल नै उठदैन । पतिको त्यही अंश-भाग विधवाको अधिकारमा जान्छ, तर पतिले आफ्नो अंश नलिई उनको मृत्यु भएको छ भने विधवा महिलाले संरक्षकसंग अंश माग्नुपर्ने हुन्छ । यसरी अंश माग्ने हक के-कस्तो अवस्थामा प्राप्त हुन्छ, अब यहाँ चर्चा गरौं ।

(अ) **छोरा छन् भने अंश पाउछिन्** : विधवा महिलाको छोरा छन् भने, उनले चाहेको अवस्थामा संगै बसेका हकवालावाट अंश पाउने कानूनी व्यवस्था गरी हाम्रो सामाजिक मान्यता वमोजिम कानूनले पनि छोराको महत्वलाई जोड दिएको छ । छोरा नभएर छोरी छन् भने पनि यस अधिकारवाट विधवा महिलाले वन्चित हुनुपर्छ । यो आजको समयको प्रतिकूल कानून हो ।

(आ) **हकवालाले खान, लाउन र दान पुण्य गर्न नदिएमा** : विधवा महिलासंग बसेका हकवाला (सासू, ससुरा, देवर, जेठाजु) ले आफू सरह खान लाउन र दानपुण्य गर्न नदिएमा पनि विधवाले हकवालासंग अंश मागेर भिन्न बस्न पाउँछिन् ।

(इ) **३० वर्ष उमेर पुगेपछि** : विधवा महिलाको उमेर ३० वर्ष पुगेपछि चाहेमा अंश लिन पाउछिन् । यसरी यी माथिका कुनै पनि एक अवस्थामा विधवाले अंश पाउँछिन् । पतिको मृत्यु भएकी विधवा महिलालाई हाम्रो समाजले विभिन्न आरोप-प्रत्यारोप लगाउने, हेप्ने गरेको पाईन्छ । अझ छोरा छैनन् भने त परिवारमा टिक्नै नसकेर दुःख पाएर हिंडेको पनि देखिन्छ । तर कानूनले सम्पत्तिसम्वन्धी केही अधिकार प्रदान गरेकोले यसको उपभोगमात्र गर्नसक्दा पनि केही सहयोग मिल्नसक्छ ।

**महिलाको सम्पत्तिसम्वन्धी अन्य केही अधिकारहरू :-**

(अ) वलात्कार भएकी महिला: कुनै पनि महिलालाई कसैले वलत्कार गरेमा वलात्कारीले कानूनवमोजिम सजायँ पाउँछ र साथमा निजको अंशभागको आधा सम्पत्ति क्षतिपूर्तिस्वरूप ती महिलाले पाउँछिन्। यस्तो सम्पत्ति कन्या, सधवा वा विधवा जुनसुकै अवस्थाका महिलाले पनि पाउँछन् र यो सम्पति लिएपछि उनको स्थितिमा कुनै परिवर्तन हुँदैन, अर्थात वलात्कारीको पत्नी हुनुपर्दैन। उनले अरू व्यक्तिवाट पाउने अंशहकमा यसले असर पार्दैन। यो सम्पत्ति पनि स्त्रीधनभित्र पर्दछ।

(आ) सम्वन्ध विच्छेदपछिको भरणपोषण : सम्वन्ध विच्छेद् गरेकी महिलाले ५ वर्षसम्मको लागि खान-लाउन पाएको सम्पत्ति पनि स्त्रीधनअन्तर्गत पर्छ।

(इ) मोहियानीवाट पाएको सम्पत्ति : कुनै पनि अवस्थाका महिलाले मोहियानी हक प्राप्त गरेका छन् भने, यस्तो सम्पत्ति पनि स्त्रीधनभित्र पर्दछ। हालै वनेको कानूनअनुसार ३५ वर्ष उमेर पुगेकी अविवाहित छोरी, वुहारी र विधवा स्वास्नी मानिसले पनि मोहियानी हक पाउने व्यवस्था गरेको छ।

(ई) माना-चामल : सासू-ससुराले लोग्ने नभएको वेलामा खान-लाउन नदिएमा, लोग्नेले खान-लाउन नदिएमा र सासू, ससुरा र लोग्नेसमेत मिली खान-लाउन नदिएमा माना-चामल भर्न लगाउन पाईन्छ। ३५ वर्ष नपुगेका अविवाहित छोरीलाई वुवा-आमाले खान-लाउन दिनुपर्छ भन्ने कानूनी व्यवस्था छैन, तर एउटा मुद्दामा सर्वोच्च अदालतले निर्णय दिंदा छोरीलाई पनि खान-लाउन दिनुपर्छ भनी वोलेको छ। यसवाट छोरीले पनि माना-चामल पाउँछन्।

(उ) अपुताली :-अपुताली भनेका लोग्ने, स्वास्नी, छोरा र छोराको छोरा पनि नभए छोरीले अपुताली पाउँछन्। अपुतालीको सम्पति स्त्रीधनभित्र पर्दछ।

**साम्पत्तिक अधिकार प्राप्त गर्ने तरीका :**


माथि उल्लेखित साम्पत्तिक अधिकार पाउँनुपर्ने महिलाले पाउन नसकी अन्याय पर्न गएमा जिल्ला अदालतमा नालेस दिनुपर्छ। अदालतको मद्दतवाट हक प्राप्त गर्न सकिन्छ।

**महिलाको सम्पतिको हकवाला :**

**स्त्रीधन** : महिलाको स्त्रीधन आफ्नो शेषपछि यसले खानु भनी लेखिएको रहेनछ भने ती महिलासंग बसेका छोराले, त्यस्तो छोरा नभए भिन्न बसेका छोराले, त्यस्तो छोरा नभए लोग्नेले, लोग्ने नभए कन्या छोरीले, कन्या छोरी नभए विवाहित छोरीले, त्यो पनि नभए छोराको छोराले, त्यो नभए छोरीको छोराले र उ पनि नभए अन्य हकवालाले पाउँछन् ।

**स्त्रीअंशधन** : यस्तो सम्पत्ति शेषपछि पति, छोरा, छोराको छोरा र त्यसपछि मात्रै छोरीमा जान्छ । छोरीमध्येमा पनि कन्या छोरीलाई दुई भाग र विवाहित छोरीलाई एक भाग जान्छ ।

महिलाको साम्पत्तिक अधिकारको विषयमा अझ राम्रोसंग बुझ्नको लागि यस तालिकाले पनि मद्दत गर्नेछ ।




## ४.महिलाविरूद्धका अपराधहरू:

कुनै पनि कानूनले नगर्नु भनी रोक लगाएको काम गर्नु र गर्नु भनी तोकिएको काम नगर्नु कानूनमा अपराध हो । अपराधले समाजमा अशान्ति फैलाउँछ । अपराधवाट समाज असुरक्षित हुन्छ, सबैलाई डर र त्रास हुन्छ र

यस्ता कतिपय अपराधहरू महिलाहरूका विरूद्धमा हुनेगर्छन। यस्ता अपराधहरूले महिलालाई शारीरिक र मानसिकरूपमा पींडा पुऱ्याउँछन्। अव हामी हाम्रो समाजमा हुने गरेका यस्तो अपराधहरूको विपयमा के-कस्तो कानूनी व्यवस्था छ, दण्ड-सजायँ के कति हुन्छ ? यस विपयमा यहाँ चर्चा गर्दछौं।

**१. जबर्जस्ती करणी (बलात्कार):-**

महिलाविरूद्धका अपराधहरूमध्ये अति निन्दनीय र घृणित अपराध हो-वलात्कार। वलात्कारको अपराधले महिलाको इज्जत, प्रतिप्ठा र स्वाभीमानमा ठूलो आघात पार्दछ। यो अपराधलाई हाम्रो समाजले पनि घृणा गर्छ, अनैतिक ठान्छ, तर पनि समाजमा यस्तो अपराधका घटनाहरू प्रशस्त घट्ने गर्दछन्। त्यसैले यो अपराध नियन्त्रण गर्न के-कस्तो कानूनी व्यवस्था छ ? हामीले कस्तो सहयोग पुऱ्यायौ भने अपराध-नियन्त्रणमा सघाउ पुग्छ ? भन्ने सम्वन्धमा हामीले जानकारी राख्न आवश्यक भएकोले यहाँ चर्चा गर्न खोजिएको हो। यस्तो अपराध नियन्त्रणको लागि मुलुकी ऐन जवर्जस्ती करणीको महल छ। यस कानूनमा निम्नअनुसार जवर्जस्ती करणी-(वलात्कार) को परिभाषा गरिएको छ।

क. १६ वर्पभन्दामुनिको कन्या, विधवा वा अर्काको सधवा स्वास्नीलाई निजको मन्जुरी लिएर वा नलिई जुनसुकै किसिमले करणी गरेमा पनि वलत्कारको अपराध ठहर्छ।

ख. १६ वर्पभन्दामाथिका कन्या, विधवा वा अर्काको सधवा स्वास्नी मानिसलाई जवर्जस्तीसंग निजको वेमन्जुरीले जुनसुकै तरहसंग भए पनि जोरजुलुम गरी वा डर-धाक देखाई वा अनुचित प्रभावमा पारी करणी गरेको छ भने पनि वलात्कारको अपराध ठहर्छ।

यी माथि उल्लेखित २ अवस्थाहरूमा जवर्जस्ती करणीको अपराध हुन्छ। यस्ता घटनाहरू हाम्रो समाजमा धेरै नै घट्ने गर्दछन् भन्ने कुरा पत्रपत्रिका, रेडियो, टेलिभिजनवाट हामीले सुन्ने गरेका छौं। अपराध-नियन्त्रण गर्न कानून भएर पनि अपराध भैरहेका छन् र यस्ता अपराधहरू भैरहनमा हाम्रो पनि केही हात रहेको छ। हाम्रो अज्ञानताको कारणवाट पनि अपराध गर्ने व्यक्तिहरू सजायँवाट उम्कन पाएका छन् र पटक-पटक अपराध गरिरहेका छन्। यसैले कानूनको विपयमा जानकारी लिएर अपराध नियन्त्रणमा सहयोग गर्न आवश्यक भएको छ। यस्तो घटना घटेमा निम्न कुराहरूमा ध्यान दिएमा अपराध नियन्त्रणमा सघाउ पुग्दछ।

क. घटना घटेपछि सकेसम्म चाँडो नजिकको प्रहरी चौकीमा खवर गर्ने।

ख. पीडित महिलाको शारीरिक परीक्षण गराउन प्रहरी मार्फत् डाक्टरकोमा लैजाने।

ग. अभियुक्तलाई पक्राउ गरी सम्भव भएसम्म डाक्टरबाट निजको शारीरिक परीक्षण गराउने ।

घ. पीडित महिला र घटनाको सम्वन्धमा जानकारी भएका व्यक्तिहरूले कसैको डर, त्रास र प्रलोभनमा नपरी भएको यथार्थ कुरा खुलाएर आवश्यक परेको खण्डमा बयान दिने ।

**जबर्जस्ती करणीको अपराधमा सजाय** :

क. १४ वर्षभन्दामुनिको वालिकालाई जबरजस्ती करणी गरेको भएमा ६ वर्षदेखि १० वर्षसम्म कैद हुन्छ ।

ख. १४ वर्षभन्दामाथिको भएमा ३ वर्षदेखि ५ वर्षसम्म कैद हुन्छ ।

**अपराध गर्न सहयोग गर्नेलाई सजाय** :

अपराध गर्न लागेको थाहा पाएर हुल गरी जाने, समाई दिने र अपराध गर्न मद्दत गर्नेलाई निम्नबमोजिम सजायँ हुन्छ ।

क। १४ वर्षमुनिको वालिकाको हकमा २ वर्ष कैद हुन्छ ।

ख. १४ वर्षमाथिको महिलाको हकमा १ वर्ष कैद हुन्छ ।

**अपराधको उद्योग गर्नेलाई सजाय** :

जवर्जस्ती करणी गर्न खोजेको तर प्रयास सफल नभएको रहेछ, अर्थात उद्योग गरेर सफल भएनछ भने निम्नवमोजिम सजायँ हुन्छ ।

क. १४ वर्षमुनिको वालिकाको हकमा ३ वर्षदेखि ५ वर्ष कैद हुन्छ ।

ख. १४ वर्षमाथिको महिलाको हकमा १ वर्ष ६ महिनादेखि २ वर्ष ६ महिनासम्म कैद हुन्छ ।

**उजुरी गर्ने हकदैया र हदम्याद** :

यो अपराध श्री ५ को सरकारवादी भएर चल्ने फौज्दारी मुद्दाभित्र पर्दछ । त्यसैले अपराधको वारेमा थाहा पाउने जो कुनै व्यक्तिले उजुरी गर्न पाउँछ । यो अपराध समाजविरूद्धको जघन्य अपराध भएकोले पीडित व्यक्तिको तर्फबाट श्री ५ को सरकार नै वादी भएर सम्पूर्ण लागेको खर्च व्यहोरी मुद्दाको कारवाही अगाडि वढाउछ । अपराधी पत्ता लगाएर सजायँ गर्नको लागि घटना घटेपछि जतिसक्दो चाँडो प्रहरीमा उजुरी दिनु राम्रो हुन्छ । यदि ढिलै भए पनि ३५ दिनभित्रमा चाँहि उजुरी गरी सक्नुपर्छ । ३५ दिनपछि उजुरी गर्न गएमा उजुरी लाग्दैन र हामीलाई कानूनले सहयोग गर्नसक्दैन ।

**इज्जत जोगाउन जुलुमीलाई मार्दा सजायँ हुँदैन :**

हाम्रो हिन्दू परंपरामा महिलाको सतीत्वलाई ठूलो महत्व दिईन्छ। सतीत्व महिलाको इज्जत र प्रतिष्ठासंग गाँसिएर रहेको पाइन्छ। त्यसैअनुरूप कानूनमा पनि महिलाको सतीत्वलाई महत्व दिएर सतीत्व रक्षाको लागि निम्न कानूनी व्यवस्था गरिएको छ।

क. आफूलाई जवरजस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात छेकथुन, वाँधछाद आदि जोरजुलुम गर्न लाग्यो र त्यसवखत कराई गुहार मागी वा अरू केही गरी त्यसको पन्जावाट उम्की भागी आफ्नो धर्म वचाउन नसक्ने अवस्थामा परी उसैवखत जुलुमीलाई केही नगरी इज्जत जोगिंदैन भन्ने स्थितिमा केही गर्दा जुलुमी मर्न गएमा वात लाग्दैन।

ख. इज्जत लुटिएपछि सोही कुराको रिस थाम्न नसकी उसैवखत त्यही ठाउँमा वा त्यहाँदेखि लखेट्दै गई एक घण्टाभित्र हतियार लाठो आदि प्रयोग गरी जुलुमीलाई मारेमा सजायँ हुँदैन। एकघण्टापछि मारेमा ५ हजार रूपैयाँसम्म जरिवाना वा दशवर्षसम्म कैद हुन्छ, तर पीडित महिला आफू एक्लैले मारेको हुनुपर्दछ।

**पीडित महिलाले आधा अंश पाउछिन् :**

जवरजस्ती करणीको अपराध गर्ने व्यक्तिलाई माथि भनिए वमोजिम सजायँ हुनुको साथै उसको अंश भागको आधा सम्पत्ति पीडित महिलालाई दिइन्छ। यस्तो सम्पति क्षतिपूर्ति वापतमा दिइएको मात्र हो सम्पत्ति लिएपछि त्यही अपराधीको पत्नी भएर वस्नुपर्ने भन्ने होइन। यो अपराध महिलाको विपरीत भएकाले उनको स्थितिमा कुनै परिवर्तन आउँदैन। आफूले अरू व्यक्तिवाट पाउने अंशहक सुरक्षित रहन्छ।

## २. महिला बेच-विखनको अपराध र कानून :

हाम्रो देशमा महिला वेच-विखनको अपराध तीव्र गतिमा वढिरहेको छ। देशको विभिन्न भागवाट कलिला उमेरका वालिका र किशोरीहरूलाई विभिन्न प्रलोभनमा पारेर फुक्याई लगेर भारतमा विक्री गर्ने कार्य भैरहेको छ। यसरी विक्री गर्न लैजाने महिलाहरूलाई विवाह गरेर शहर घुमाउन लैजाने, सिनेमाको हिरोइन वनाइदिने, जागिरमा लगाइदिने आदि लोभ-लालच देखाएर, फुक्याएर भारत लगायत अन्य मुलुकहरूका वेश्यालयमा लगी विक्री गरिन्छ। यसरी विक्री गरिएका महिलाहरूलाई त्यहाँ वेश्या वन्न वाध्य वनाइन्छ। यसरी भारतमा गएर वेश्यावृति गरेर वसेका महिलाहरूको संख्या ज्यादै ठूलो छ। एक अध्ययनमा यस्ता महिलाहरूको संख्या करीव दुई लाख पुगी सकेको जनाईएको छ। यसरी वेचिने महिलाहरूमा धेरैजसो कलिला उमेरका वालिकाहरू नै छन्।

प्रत्येक वर्ष ५।६ हजारसम्म यस्ता महिलाहरू बिक्री हुनेगरेका छन् भन्ने विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूले गरेको अध्ययनबाट थाहा हुन आएको छ ।

यसरी महिलाहरू वेचिने जिल्लाहरूमा सिन्धुपाल्चोक पहिलो श्रेणीमा रहेको पाइन्छ भने, नुवाकोट धादिङ र मकवानपुर जिल्लाबाट पनि धेरै महिलाहरू वेचिएको पाइन्छ। यसबाहेक हाम्रो देशका प्राय: सबै जिल्लामा यो समस्या सानो-ठूलो गरी कुनै न कुनै रूपमा रहेको पाइन्छ। यस्तो विकरालरूपमा रहेको यो चेलिवेटी वेच-विखन समस्याको निराकरणको लागि राज्यले कस्तो कानूनी व्यवस्था गरेको छ ? दण्ड-सजायँ के-कति हुन्छ ? भन्ने सम्वन्धमा थाहा पाइरहनुपर्ने आवश्यकता छ। यसैले यो अपराध-नियन्त्रणको लागि वनेको कानूनको विषयमा अव चर्चा गरौं । पैसाको लोभ लालचमा परेर आफ्नै चेलिवेटी बेच्ने अपराधलाई नियन्त्रण गर्न हाम्रो सरकारले जीउ मास्ने-वेच्ने (कार्य-नियन्त्रण) ऐन, २०४३ को व्यवस्था गरेको छ। अव यसै कानूनको विषयमा चर्चा गरौं। यस ऐनले चेलिबेटी वेच-विखन र वेश्यावृत्ति दुवै अपराधको विषयमा व्यवस्था गरेको छ ।

जीउ मास्ने-वेच्ने कार्य :

१. कुनै पनि उदेश्यले मानिसलाई (महिला, पुरूष) विदेश लैजानु ।
२. कुनै पनि महिलालाई ललाई, फकाई, झुक्याई, डर-त्रास देखाई, दवाव दिई वा अन्य केही काम कुरा गरी वाध्य पारेर वेश्यावृत्तिमा लगाउनु ।
३. कुनै पनि उद्देश्यले मानिसलाई वेच-विखन गर्नु ।

यी माथि लेखिएका ३ वटा कार्यलाई जीउ मास्ने -वेच्ने कार्य भनी समाजविरूद्धको एक जघन्य अपराधको रूपमा लिइएको छ। यी तीनवटा कार्यले महिला वा पुरूष जो-कसैको शरीरलाई पनि मास्न र वेच्न नपाइने व्यवस्था गरेको छ। धेरै वर्ष पहिले हाम्रो देशमा दास -
प्रथा थियो। दास-दासीहरू किनवेच हुन्थे, तर अव त्यसो गर्न पाइदैन। घरको काममा लगाउने, कल-कारखाना वा होटलको काममा लगाउने वा अन्य कुनै पनि काममा लगाउने उद्देश्य राखेर कसैले मानिस किन्न खोजे पनि वेच्न पाईदैन, अर्थात अनैतिक काममा लगाउने उद्देश्यले बेच्नमा मात्र प्रतिवन्ध लगाएको नभै नैतिक काममै लगाउने उद्देश्य भए पनि उसको व्यक्तिगत जीवनलाई पैसामा बेच्न प्रतिवन्ध छ। यसरी मानिसको वेचविखन कार्यलाई प्रतिवन्ध लगाए पनि महिला वेच-विखनको कार्यमा नियन्त्रण भएको छैन। महिलालाई बेश्यावृत्तिमा लगाउने उदेश्यले नै विक्री गरिन्छ ।

यसरी वेच्ने उद्देश्य राखेर विदेश लैजाने व्यक्तिलाई पनि सजायँको व्यवस्था गरिएको छ। वेची नसकेको तर सीमा कटाएर विदेशमा पुऱ्याई सकेको छ भने, त्यसलाई पनि अपराध गरेको मानिन्छ। यसरी विदेश लैजाने व्यक्ति ती महिलाको नजिकको आफन्त भएकोमा वाहेक अरू व्यक्तिले लगेको

रहेछ भने, ऊमाथि आरोप लाग्दा बेच्ने उद्देश्यले नल्याएको भए, के उद्देश्यले विदेश ल्यायो ? त्यो उसले प्रमाणित गर्नुपर्ने कानूनी व्यवस्था छ । बेच्ने उद्देश्य राखेर नेपालको सीमा नकटाई अपराध नहुने व्यवस्थाले गर्दा यस्ता मानिसहरू देशभित्र चाहिं सुरक्षित रहेका छन्, यो कानूनको कमजोरी हो ।

**बेश्याबृत्ति र महिला :**

हाम्रो कानूनमा वेश्याको परिभाषा गरिएको छैन, तर ठाउँठाउँमा वेश्या भन्ने शब्दको प्रयोग भएको छ । वेश्यावृत्ति गर्ने महिलालाई सजायँको व्यवस्था पनि छैन । हाम्रो देशमा महिला बेच-बिखनको समस्या सँगसँगै देशभित्रै वेश्यावृत्ति गर्ने कार्य बढिरहेको छ । वेश्यावृत्तिको सम्बन्धमा कुनै पनि महिलालाई फकाई, फुक्याई, डर, त्रास वा दबाबमा पारी वा अरू कुनै पनि किसिमले कोही पनि व्यक्तिले वेश्यावृत्तिमा लगाउन पाउँदैन र लगाएमा सजायँ हुन्छ भन्ने कानूनी व्यवस्था छ । यसरी हेर्दा अर्को कोही व्यक्तिले जवरजस्तीसँग वा फकाएर वेश्यावृत्तिमा लगाएमा, कुनै पनि तरीकाले सहयोग गरेमा, (घर कोठा उपलव्ध गराएर) यस्तो पेशामा लाग्न उक्साएमा पनि सजायँ हुन्छ, तर जो महिला यस कार्यमा संलग्न छिन्, उनले स्वच्छाले वेश्यावृत्ति गरेकी छन् भने छुट पाउने व्यवस्था भएकोले वेश्यावृत्तिको अपराध रोक्नलाई सहयोग गर्न नसकेको देखिन्छ । यसै कारण पनि काठमाडौं उपत्यका लगायत देशका बिभिन्न भागहरूमा यस्तो कार्य दिनदिनै बढिरहेको छ ।

**जीउ मास्ने -बेच्ने कार्यमा सजायँ:-**

१) मानिस बेच-बिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुन्छ ।

२) मानिस बेच-बिखन गर्ने उद्देश्यले बिदेश लैजानेलाई ५ वर्षदेखि १० वर्षसम्म कैद हुन्छ ।

३) महिलालाई ललाई, फकाई वा प्रलोभनमा पारी वा फुक्याई वा डर, त्रास देखाएर जर्वजस्तीसँग वा अन्य कुनै पनि तरीकाले वेश्यावृत्तिमा लगाएमा त्यस्ता व्यक्तिलाई १० वर्षदेखि १५ वर्षसम्म कैद हुन्छ ।

**जीउ मास्ने -बेच्ने कार्यको उद्योग, दुरूत्साहन गर्नेलाई सजायँ :**

(क) मानिस बेच्ने वा महिलालाई वेश्यावृत्तिमा लगाउने प्रयास गरेको तर सफल नभएकोमा उद्योगको अपराध गरेको मानिसलाई ५ वर्षसम्म कैद हुन्छ ।

(ख) यस्तो कार्य गर्न कसैलाई उक्साउने, सघाउने, योजना मिलाई दिने घर कोठा उपलव्ध गराउने व्यक्तिलाई पनि ५ वर्षसम्म कैद हुन्छ ।

**मानिस किन्नेलाई सजाया हुदैनः-**

मानिस वेच्नेलाई दण्ड-सजायँ हुन्छ, तर किन्नेलाई सजायँको व्यवस्था छैन । किन्ने मानिसले मानिस किन्दा हालेको मूल्य फिर्ता पाउँदैन, अर्थात् किन्नेको थैली भूस हुन्छ । थैली बराबरको रकम बेच्नेलाई जरिवानावापत तिराईन्छ ।

**उजुरी गर्ने हकदैया र हदम्यादः-**

यो अपराध समाजविरूद्धको जघन्य अपराध भएकोले श्री ५ को सरकार वादी भएर चल्दछ । उजुरी गर्न पाउने अधिकार जोसुकै व्यक्तिलाई भएकोले अपराध-नियन्त्रणमा जोसुकै व्यक्तिले सहयोग गर्न सक्छ र गर्नुपर्छ । उजुरी दिने हदम्याद तोकिएको छैन, जहिलेसुकै उजुरी गरे पनि हुन्छ, तर जतिसक्दो चाँडो उजुरी गरेमा अभियुक्तलाई पक्रन र प्रमाण संकलन गर्नमा मद्दत मिल्दछ ।

## (३) गर्भपतनको अपराध र कानूनः

गर्भपतनलाई गर्भमा रहेको बच्चा पतन गराउनु, नष्ट गराउनु भनी बुभ्मन सकिन्छ । गर्भमा रहेको भ्रूण निश्चित् अवधि पुगेपछि आफैं जन्मन्छ, तर यो अवधि नपुगी त्यो भ्रूण कुनै कारणबश नष्ट भयो भने त्यो गर्भपतन हुन्छ । यसरी हुने गर्भपतन प्राकृतिक र कृत्रिम गरी २ किसिमको हुन्छ ।

(१) **प्राकृतिक गर्भपतनः**

गर्भमा रहेको बच्चा निश्चित समय पुगेपछि प्राकृतिकरूपमा नै जन्मन्छ, तर कहिलेकाहीं समय नपुगी प्राकृतिकरूपमा नै गर्भपतन स्वभाविकरूपमा हुनेगर्छ । भनिन्छ, ४ वा ५ वटा गर्भमध्ये १ वटा गर्भ प्राकृतिकरूपमा नै पतन हुन्छ । गर्भबती महिलाको रगत रोगयुक्त भएमा, विफर, प्लेग, औलो आदिको रोगको कारणवाट गर्भपतन हुन्छ । यस्तो प्राकृतिक गर्भपतन स्वाभाविक हो । यसमा सजायँको व्यवस्था गर्न आवश्यक पनि भएन ।

(२) **कृत्रिम गर्भपतनः**

प्राकृतिक गर्भपतनवाहेक कुनै साधनको प्रयोग गरी गर्भको वच्चालाई प्राणरहित वनाई वाहिर फ्याक्नु कृत्रिम गर्भपतन हो । यसरी कृत्रिम गर्भपतनलाई हाम्रो कानूनले के कसरी व्यवस्था गरेको छ ? गर्भपतन गराउन पाइन्छ या पाइँदैन ? भनी जानिराख्न आवश्यक छ । त्यसैले अव गर्भपतनको सम्वन्धमा हाम्रो कानूनी व्यवस्थालाई अध्ययन गरौं । गर्भपतनसम्वन्धी छुट्टै कानून हालसम्म वन्न सकेको छैन । मुलुकी ऐन ज्यानसम्वन्धी महलअन्तर्गत नै

पारेर गर्भपतनको कार्यलाई कानूनले हेरेको छ। यस व्यवस्थालाई हेर्दा गर्भपतनलाई निम्न दुई किसिमले हेरेको पाइन्छ।

**क. कानूनी गर्भपतन:**

उपकारको लागि केही गर्दा गर्भपतन हुन गएमा वात नलाग्ने कानूनी व्यवस्था छ, तर कसको उपकारको लागि बच्चा वा आमाको भन्ने स्पष्ट छैन। हामी सामान्यरूपमा आमाकै उपकारको लागि केही गर्दा गर्भपतन हुन गएमा वात लाग्दैन भन्ने कानूनको मनसाय हो भन्ने ठान्दछौं। आमा विरामी परी आमाको उपकारको लागि औषधी उपचार गर्दा गर्भको बच्चा पतन भयो भने यस अवस्थामा दण्ड-सजायँ हुँदैन, कानूनले छुट दिन्छ।

**ख. गैर-कानूनी गर्भपतन:**

आमाको उपकारको लागि केही गर्दा पतन भएकोमा वाहेक कृत्रिम तरीकाले गर्भपतन गराउन कानूनले प्रतिवन्ध लगाएको छ। हुनत, हाम्रो समाजमा गर्भपतनका अपराधहरू व्यापक रूपमा भैरहेको पाइन्छ। मानिसहरूले छोरो जन्माउने सुरमा लागेर छोरीलाई गर्भमै मार्न थालेका छन्। त्यस्तै अबैधरूपमा धारण गरेको गर्भले इज्जत, प्रतिष्ठामा आँच आउँछ भन्ने ठानेर अपराध लुकाउन अर्को अपराध गर्नेगर्छन। त्यस्तै सन्तान नचाहिएको अवस्थामा अचानक गर्भ रहन गयो भने पनि गर्भपतन गराउने गरेको पाइन्छ। यसरी गर्भपतन गराउनु एक अपराध हो। गैर-कानूनी गर्भपतन पनि २ किसिमको हुन्छ।

**अ. मनसायसहितको गर्भपतन:**

कुनै महिला गर्भबती छिन् भन्ने थाहा पाएर निजको गर्भपतन गराउने उद्देश्यले कसैलाई गर्भपतन गराउन लगाए, गराए वा गर्नमा मद्दत गरेमा मनसायसहितको गर्भपतन मानिन्छ। यस्तो कार्यमा गर्भबती महिलाको गर्भलाई क्षति पुऱ्याउने नै उद्देश्य हुन्छ। गर्भबती महिलाले स्वच्छाले नै गर्भपतन गराएकी छिन् भने उनी अपराधमा संलग्न हुन्छिन् र कानूनले सजायँ गर्दछ। त्यस्तै गर्भपतन गर्न लगाउने लोग्ने वा परिवारका अन्य सदस्यहरू, गर्भपतन गराउने डाक्टर, नर्स वा अन्य व्यक्ति सबैलाई नै कानूनले दण्ड-सजायँको व्यवस्था गरेको छ। यसरी हेर्दा गर्भपतनको अपराधमा जुनसुकै तरीकाबाट संलग्न भएका व्यक्तिहरू पनि दोषी देखिन्छन्।

**आ. मनसायरहितको गर्भपतन:**

गर्भबती महिलासँगको रीसइबीको कारण निजलाई केही गर्दा निजको गर्भपतन हुनगयो भने गर्भपतन गराउने उद्देश्य नभएको अवस्थामा पनि

गर्भपतनको वात लाग्दछ । त्यस्ती महिला गर्भवती छिन् भन्ने थाहा पाएर वा थाहा नपाई जुनसुकै तवरवाट केही गर्दा गर्भ नष्ट हुन गएमा पनि सजायँ हुन्छ ।

**गर्भपतनको अपराधमा सजाया:**

- गर्भवती महिलाको मन्जुरी विना गर्भपतन गराएको भएमा ६ महिनासम्मको गर्भ भएमा २ वर्ष कैद र सोभन्दामाथिको गर्भ भएमा ३ वर्ष कैद हुन्छ ।
- त्यस्ती महिलाको मञ्जुरीवाट गर्भपतन गराएको अवस्थामा ६ महिनासम्मको गर्भ भएमा १ वर्ष कैद र सोभन्दा माथिको गर्भ भए डेढ वर्ष कैद हुन्छ । गर्भवती महिलालाई पनि यसैवमोजिम सजायँ हुन्छ ।

**मनसायरहितको गर्भपतनमा सजाया**

- महिला गर्भवती छिन् भन्ने थाहा पाएरै निजलाई केही गर्दा गर्भपतन हुन गएकोमा ६ महिनासम्मको गर्भ भएमा ३ महिना कैद र सोभन्दामाथिको गर्भ भएमा ६ महिना कैद हुन्छ ।
- महिला गर्भवती छिन् भन्ने थाहा नपाई केही गर्दा गर्भ पतन हुन गएकोमा ६ महिनासम्मको गर्भ भएमा २५ रूपैंया जरिवाना र त्यसभन्दामाथिको गर्भ भएकोमा ५० रूपैंया जरिवाना हुन्छ ।

**उजुरी गर्ने हकदैया र हदम्याद**

यो गर्भपतनको अपराध श्री ५ को सरकार बादी भएर चल्ने फौजदारी अपराधभित्र पर्दछ । अपराध भएको थाहा पाउने जोसुकै व्यक्तिलाई पनि उजुरी गर्न पाउने हकदैया छ । थाहा पाउने जोसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्नु निजको कर्तव्य पनि हो । गर्भपतन गर्ने कसुरदार आफैं मुख सावित भई त्यसैबाट उठेको मुद्दामा हदम्याद लाग्दैन, त्यसवाहेक अन्य अवस्थामा भए-गरेको मितिले ३ महिनाभित्र उजुरी गर्नुपर्छ ।

**गर्भपतनसम्वन्धी बद्लिंदो धारणा:**

हाम्रो कानूनले गर्भपतन गर्नमा छुट दिएको छैन, मात्र उपकारको लागि अरू नै काम गर्दा गर्भपतन भएमा सजायँ नहुने व्यवस्था गरेको छ, भन्ने कुरा हामीले थाहा पायौं । गर्भपतन गर्नमा प्रतिवन्ध लगाएको कठोर कानून एकातिर छ भने, अर्कोतर्फ गर्भपतनका अपराध व्यापकरूपमा भैरहेका छन् । यस्तो अपराधमा गाउँघरमा वस्ने सामान्य मानिसदेखि पढेलेखेका जान्नेबुझ्ने मानिसहरू, सुडिनी, नर्सहरू, डाक्टरहरू र औषधी बेच्ने पसलेहरूसम्म संलग्न

भएको पाइन्छ। कानूनले रोक लगाएको कार्य, कानूनको आँखा छलेर गर्नुपर्ने हुँदा गर्भपतनसम्वन्धी ज्ञान नभएका व्यक्तिहरूवाट सामान्य किसिमका उपकरण र औषधीसम्म नपाउने ठाउँमा गर्भपतन गराउनाले महिलाको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ। त्यस्तै गरी प्राइभेट अस्पतालमा महंगो शुल्क तिरेर पनि यो अपराध भैरहेको छ। कानूनले प्रतिवन्ध लगाए पनि यो अपराध खुलमखुलारूपमा, व्यापकरूपमा नै भएको पाइएकोले यस सम्वन्धमा तत्कालै कुनै न कुनै कदम चाली हाल्नुपर्ने देखिन्छ।

यस्तो विकाराल समस्याको रूपमा आइरहेको गर्भपतनको अपराध नियन्त्रणको लागि प्रचलित कानूनमा परिवर्तन ल्याउनुपर्छ भन्ने आम मानिसहरूको विचार विभिन्न सञ्चारमाध्यमवाट सुन्न पाइरहेको र यससम्वन्धी विधेयक पनि संसदमा पेश भैसकेकोले हालसम्म देखिएका विचारहरूलाई समेट्दै यस विषयमा यहाँ केही उल्लेख गरिएको छ।

**१. गर्भपतनको अधिकार पाउनुपर्छ भन्ने धारणाः**

महिलाको आफ्नो शरीरमाथि आफ्नो अधिकार हुनुपर्छ र महिलाले चाहेपछि निःशर्तरूपमा गर्भपतन गराउन पाउनुपर्छ भन्ने तर्क राख्ने व्यक्तिहरूको पनि समूह छ। कुनै महिलाको गर्भ छ भने निजले त्यो गर्भ फालेर वच्चा जन्माउन चाहन्छिन् भने गर्भपतन गराउन पाउनुपर्छ भन्ने ठानिन्छ।

**२.केही अवस्थामामात्रै गर्भपतन गराउन पाउनुपर्छ भन्ने धारणाः**

गर्भपतनलाई पूर्णरूपमा कानूनी मान्यता दिनुहुँदैन, तर केही अवस्थामा भने छुट दिनुपर्छ भन्ने विचार यो समूहले राख्छ। हाडनाता करणीवाट रहेको गर्भ, वलात्कारवाट रहेको गर्भ, गर्भवती महिलाको ज्यानमा खतरा उत्पन्न भएको अवस्थाको गर्भ र विकलांग वच्चा जन्मन्छ भन्ने थाहा पाइएको गर्भपतन गर्नमा कानूनले छुट दिनुपर्छ, अन्यथा छुट दिनुहुन्न भन्ने ठानिन्छ।

**गर्भपतन विधेयकका व्यवस्थाहरूः**

प्रस्तावको रूपमा संसदमा ल्याइएको गर्भपतनसम्वन्धी विधेयक मुलुकी ऐन ज्यानसम्वन्धी महलमा संशोधन गर्ने संशोधन विधेयकको रूपमा ल्याइएको छ। यस विधेयकमा निम्नअवस्थामा गर्भपतनको अधिकार पाउनुपर्छ भन्ने प्रावधान राखिएको छ।

- लोग्ने-स्वास्नीको सहमतिले वाह्र हप्तासम्मको गर्भपतन गराउन पाउनुपर्छ।

- बलात्कार र हाडनाता करणीबाट रहेको १८ हप्तासम्मको गर्भपतन गराउन पाउनुपर्छ।
- गर्भपतन नगराएमा आमाको ज्यानमा खतरा उत्पन्न हुने देखिएको र विकलांग बच्चा जन्मन्छ भन्ने थाहा हुन आएमा गर्भपतन गर्न पाउनुपर्छ।

यसरी गर्भपतनको विषयमा विभिन्न किसिमबाट चिन्तन मननहरू भैरहेका छन् र यसबाट के प्रष्ट हुनआउँछ भने, गर्भपतनलाई प्रतिबन्ध लगाएको कानून भए पनि समाजमा अपराध भने व्याप्त छ। आर्थिक वर्ष ०५० ०५१ मा ७३ वटा, ०५१ ०५२ मा ८९ वटा र ०५२ ०५३ मा ७६ वटा मात्र गर्भपतनका अपराधउपर उजुरी परेको तथ्यांक प्रहरीसँग छ। यसबाट के स्पष्ट हुन्छ भने, गर्भपतनको अपराध गोप्यरूपमा भैरहेकै छ। थोरैमात्र अपराधहरू प्रकाशमा आएका छन्। त्यसैले यी सबै कुरालाई विचार गरेर उपयुक्त कानूनको निर्माण गर्न श्री ५ को सरकारले कदम चाली हाल्नुपर्ने देखिन्छ।

## ५. महिलाविरूद्ध हुने घरायसी हिंसा

यसअघि महिलाकाविरूद्धमा हुने विभिन्न अपराधहरूका विषयमा छलफल भयो। महिलालाई दुःख दर्द पुऱ्याउने हानी-नोक्सानी पुऱ्याउने अपराधहरूको विषयमा उल्लेख भैसकेको छ। यस शीर्षकअन्तर्गत महिलाविरूद्ध हुने घरायसी हिंसाको विषयमा उल्लेख गरिनेछ।

**महिलाविरूद्धको हिंसा भनेको के हो ?**

हिंसा भन्ने बित्तिकै काटमार गर्नु, कुटपीट गर्नु वा यातना दिएर चोटपटक पुऱ्याउनु भन्ने बुझिन्छ। हिंसा भन्ने शब्दले नै समाजमा डर-त्रासको स्थिति, अशान्ति छाएको अवस्थालाई इंगित गर्दछ र महिलाविरूद्धको हिंसाले महिलाको शरीरलाई यातना दिएर हत्या गर्नु, चोटपटक पुऱ्याउनु वा दुःख दिनु भन्ने बुझाउँछ। यस्ता कृयाकलापले महिलालाई शारीरिक र मानसिक दुवै किसिमले यातना दिन्छन्। यस्ता यातनाबाट ती महिलालाई हानी-नोक्सानी पुग्दछ, कष्ट पुग्दछ र त्यसको साथै समाजमा अशान्ति र डर त्रास फैलन्छ। महिला बेच-बिखन, बलात्कार वेश्यावृत्ति, गर्भपतन बाल -विवाह, बहु-विवाह, महिलालाई कुटपीट गर्नु, खान-लाउन नदिनु, घरबाट निकाला गर्नु, बाटो-घाटोमा हिड्दा जिस्क्याउनु, छेडछाड गर्नु, हेपेर व्यवहार गर्नु आदि कार्यहरूले महिलालाई शारीरिक र मानसिक चोट पुऱ्याउँने हुंदा यी महिला विरूद्धका हिंसाहरू हुन्।

**महिलाविरूद्धका हिंसा नियन्त्रणमा अन्तर्राष्ट्रिय कदमः**

महिलाहरूको विरूद्धमा विश्वव्यापीरूपमा नै हिंसाहरू हुने गरेका छन् । विकासको चरम सिमामा पुगेका अमेरिका, जापान, वेलायत जस्ता मुलुकहरूमा पनि प्रतिवर्ष हजारौंको संख्यामा यस्तै ज्यादतीवाट महिलाका ज्यान जाने गरेका छन् । महिला वेच-विखन, वेश्यावृत्ति, वलात्कार, गर्भपतन र कुटपीटवाट धेरै महिलाहरू पीडित भएकामा छन् । अझ गृहयुद्धका कारण शरणार्थी वनेका, अर्को मुलुकसँगको युद्धवाट पीडित भएका महिलाहरूमाथि सामूहिक वलत्कार हुने गरेका दर्दनाक घटनाहरूले त विश्वलाई नै चिन्तित वनाइरहेको छ । युद्धको कारण घरपरिवारविहीन भएर बीचल्लीमा परेका महिलाहरूलाई शत्रु-राष्ट्रका सैनिकहरूवाट वन्दी वनाई यौन-शोपण गरिने गरेको र त्यसैवाट ती महिलाहरूले ज्यानसमेत गुमाउन परेका घटनाहरू हामीले वेला-वेलामा सुन्ने गरेका छौं । सन् १९९५ मा युनिसेफले तयार पारेको प्रतिवेदनमा उल्लेख गरेअनुसार ४० प्रतिशत अमेरिकी महिलाहरू पतिको यातनावाट पीडित हुन्छन् भने, १० प्रतिशतले यातनाको प्रतिरोध गर्ने क्रममा आफ्ना पतिको हत्या गर्ने गर्दछन् । हाम्रो छिमेकी मुलुक भारतमा दाइजोको कारणवाट दिनहुँजसो जलाएर, पिटेर वा यस्तै अमानवीय यातना दिएर महिलाको हत्या गरिन्छ । त्यस्तै अर्को छिमेकी मुलुक भुटानमा हाल चलिरहेको आन्दोलनमा धेरै महिलाहरू हिंसाको शिकार भएका छन् । आन्दोलनमा सरिक भएका परिवारका सदस्यहरू घर छोडेर हिंडेपछि एक्लो भएका तिनका आमा, पत्नी, दिदी वा वहिनीहरूलाई भूटानी सैनिकहरूले लगेर अमानवीय यातनाहरू दिने, यौन शोपण गर्ने गरेको कुरा प्रकाशमा आएको छ । यो आज संसारमा महिलाविरूद्ध हुने हिंसाको एउटा सानो उदाहरणमात्रै हो । यस्तो अमानवीय क्रूर यातनाहरू दिन-प्रतिदिन बिभिन्न नयाँ-नयाँ शैलीवाट वढिरहेका छन् ।

यसरी विश्वव्यापीरूपमा भैरहेको महिलामाथिको हिंसा रोक्नको लागि कुनै प्रयास भएका छन् वा छैनन् ? यस विपयमा जानकारी लिनु अति आवश्यक छ । यस्ता अमानवीय यातना-नियन्त्रणको लागि चिन्तन हुनुपर्ने टड्कारो आवश्यकता भैसकेको छ । त्यसैअनुरूप सन् १९९४, २३ फेब्रुअरीमा संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा महिलाविरूद्ध हुने हिंसा उन्मूलन गर्ने घोपणापत्र अनुमोदन भयो । यस घोपणापत्रमा जम्मा ६ वटा धाराहरूको व्यवस्था गरिएको छ । यस घोपणापत्र भित्र मूलतः महिला र पुरूपवीच ऐतिहासिक कालदेखि नै असमान शक्ति र नियन्त्रण भएको अवस्था दर्शाई असहाय, असक्षम, शरणार्थी, अपहेलित, तिरस्कृत, वन्दी, गरीव, युद्धपीडित, वृद्ध, वालिका आदि केही निश्चित वर्ग-विशेपका महिलाहरू बढीमात्रामा हिंसाको शिकार हुने भएकोले उनीहरूको संरक्षण गरी आधारभूत मौलिक अधिकारको वहालीसमेत गर्नुपर्ने कुरा उल्लेख छ । त्यस्तै गरेर सन् १९९५ सेप्टेम्वर

महिनामा चीनको राजधानी बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला-सम्मेलनमा पनि यस विषयमा व्यापक चिन्तन मनन भएको थियो ।

**महिलाविरूद्धको घरायसी हिंसाः**

यसअघि महिलाविरूद्धका सिंगो हिंसाहरूको विषयमा विवेचना भयो । बलात्कार, बेचबिखन, वेश्यावृत्ति, गर्भपतन हत्या आदि हिंसाहरूको नियन्त्रणको लागि कानूनहरूको निर्माण भएको छ र यी कानूनहरूमार्फत् पीडित पक्षले उपचार पाउन सक्दछ । यस शीर्षकअन्तर्गत महिलामाथि हुने गरेका अलि भिन्न किसिमका यातनाहरूको विषयमा उल्लेख गर्न खोजिएको छ । हाम्रो समाजमा घरपरिवारभित्र महिलाहरूमाथि हुने शारीरिक तथा मानसिक यातनालाई घरायसी (पारिवारिक) हिंसा भनिन्छ । यस शीर्षकअन्तर्गत परिवारको चार दिवारभित्र पारेर महिलामाथि हुने यातनालाई चर्चा परिचर्चाको विषय बनाइएको छ । विश्वव्यापीरूपमा नै घरेलु हिंसा बढिरहेको कुरा कसैबाट छिप्न सक्दैन । विकसित मुलुकहरूमा दिइने यातनाको तरीका र कारण र अविकसित मुलुकहरूमा दिइने यातनाको तरीका र कारणमा मात्रै केही भिन्नता हुनसक्छ, तर हिंसा भैरहेको छ । हाम्रो छिमेकी देश भारतमा भनेजति दाइजो ल्याउन नसक्दा धेरै महिलाहरूले घरभित्रै जलेर मर्नुपर्छ, उनीहरूलाई दिइने शारीरिक र मानसिक यातनाको त कुनै लेखाजोखा नै गर्न नसकिने अवस्था छ । गरीब बाबु आमाका छोरीहरूले दाइजो लैजान नसकेको कारण पति र पतिको परिवारबाट तिरस्कृत भएर आत्महत्या पनि गर्ने गरेका छन् । एक अध्ययन अनुसार विगत ३ वर्ष यता भारतमा ११,२७९ जना महिलाको दाइजोको कारणबाट हत्या भएको थाहा हुन आएको छ । यो त यस्ता घटनाहरूको एउटा सानो हिस्सामात्रै प्रकाशमा आएको हो । यस्ता धेरै हिंसाका घटनाहरू परिवारभित्र दबिएर रहन्छन्, प्रकाशमा आउन नै पाउँदैनन् ।

**हाम्रो देशको सन्दर्भमा घरेलु हिंसाः**

नेपालले पनि महिलाविरूद्धको हिंसा उन्मूलन गर्ने सन्धिमा हस्ताक्षर गरीसकेको छ । महिलाविरूद्धका केही हिंसाहरूलाई महिलाविरूद्धका अपराधभित्र पारेर कानूनहरू पनि निर्माण भएका छन् । यसबाहेक हाम्रो देशमा घरेलु हिंसाका घटनाहरू प्रशस्त मात्रामा हुने गरेको पाइन्छ । घरेलु हिंसाभित्र परिवारमा सासू-ससुराले बुहारीलाई गर्ने कुटपीट, खान-लाउन नदिने, विभिन्न किसिमका गाली-गलौज गर्ने, त्यस्तै पतिबाट हुने दुरव्यवहार, छोरीहरूमाथि आमा, सौतिनी आमा र बाबुले गर्ने तिरस्कार, हेला आदि पर्दछन् ।

हाम्रो सामाजिक चलनअनुसार महिलाहरूले विवाह गरेर जाँदा दाइजो लिएर जाने गरिन्छ, यस्तो दाइजो सम्बन्धित महिलाको निम्ति दिइने भए पनि पुरै परिवारले उपभोग गर्ने गरेकाले दाइजो थोरै ल्याएको आरोपमा यातना

दिइन्छ। दाइजोको कारण पति, सासू-ससुरालगायत परिवारका सम्पूर्ण सदस्यहरूवाट कुटपीट हुने, हत्या गरिने वा सधैं गाली गलौज र अपमान गरी मानसिक यातना दिने गरिन्छ। हाम्रो तराई-क्षेत्रमा वसोवास गर्ने भारतीयमूलका नेपालीहरूका परिवारमा दाइजो र तिलकको कारणबाट यस्ता हिंसाहरू प्रशस्त हुने गरेका कुरा पत्रपत्रिकामार्फत् प्रकाशमा आउने गरेका छन्। काठमाडौं उपत्यकामा नै पनि दाइजोको कारणमा बुहारीलाई मट्टीतेल खन्याई आगो लगाएका कुटपीट गरी मरणासन्न अवस्थामा पुऱ्याएका घटनाहरू उपचारको निम्ति हस्पिटलमा पुऱ्याएपछि खुल्न आएका छन्। पतिले रक्सी पिएर मातेर पत्नीलाई पिट्ने, अनपढ भई, रूप नराम्री भइ भनेर पिट्ने, त्यस्तै घरवाहिर अर्को महिलासँग सम्वन्ध राखेर घरको पत्नीलाई यातना दिने आदि जस्ता घरायसी हिंसा हाम्रो समाजमा व्याप्त छन्। महिलालाई बोक्सीको आरोपमा यातना दिने, अलच्छिनी, मुखमुखै लाग्ने, लोग्ने मानिसको प्रभावभित्र नबस्ने भन्ने कारणबाट यातना दिने गरेको पाइन्छ। यसवाहेक छोरीहरूलाई आफ्ना वावु आमा र दाजुभाइहरूवाट समेत विभिन्न किसिमका यातना दिने गरेको पाइन्छ। छोरीलाई अर्काको घर जाने जात, अर्काको नासो आदि जस्ता शव्द प्रयोग गरी हेप्ने, छोरीमात्र जन्मिएकोमा तिनै छोरीको दोष देखाएर छोरा जन्मनमा यसले छेकी भनेर 'छली' नाम राख्ने, दाजुभाइवाट पनि छोरी भएकोमा खिन्न र निराश पार्ने गाली-गलौज युक्त सम्वोधन हुने गर्दछ। छोरी भएको कारण गाली-गलौज र कुटपीट सहनु पर्ने स्थिति अझै विद्यमान छ। यी व्यवहारहरूले महिलाहरूलाई ठूलो शारीरिक र मानसिक यातना भएको छ।

## घरायसी हिंसा र कानूनी उपचार

यस्ता प्रकारका घरायसी हिंसालाई नियन्त्रण गर्नको लागि छुट्टै कानूनको व्यवस्था अझसम्म हाम्रो देशमा हुनसकेको छैन। लोग्नेले स्वास्नीलाई कुटपीट गर्नु र हेप्नु उसको अधिकार नै ठानिन्छ। स्वास्नीले लोग्नेको प्रभावभित्र वस्नुपर्छ भन्ने मानसिकता कै कारण अझसम्म "लोग्ने स्वास्नीको झगडा परालको आगो" भन्ने उखानलाई सत्य नै मानिन्छ। पत्नीलाई कुटपीट गरे, घरबाट निकालेर खान-लाउन नदिएको अवस्थामा आर्थिक अधिकार प्राप्त गर्ने ती महिलालाई हक भए पनि उनीमाथि यातना दिने लोग्ने वा परिवारका मान्छेलाई सजायँ गराउन पाउने अधिकार छैन। सासू ससुरा वा लोग्नेले विभिन्न आरोप लगाएर गाली गलौज गर्छन, घरबाटै निकाल्छन्, बच्चाहरू खोसेर लिएर मानसिक यातना दिन्छन्, वोक्सी, रण्डी आदि शव्दहरूबाट गाली गर्छन, तर त्यसउपर उपचारको वाटो छैन।

यसरी नितान्त घरायसी हिंसामा उपचारको लागि कानून अभाव छ। महिलाविरुद्ध हुने घरायसी हिंसा सम्वन्धमा उपचार पाउने कानून निर्माण अझसम्म हुनसकेको छैन। यस्ता यातनाका शिकार भएका महिलाहरूको

मानसिक स्थिति विग्रने र सधैंको निम्ति पागल हुनेगरेका पनि छन् । यस्तो ठूलो असर हुनसक्ने र सम्पूर्ण जनसंख्याको आधा भागलाई असर पारेर रहेको घरायसी हिंसाको नियन्त्रण गर्नको लागि हाम्रो देशमा पनि एउटा छुट्टै सशक्त कानूनको आवश्यकता महसुस भैसकेको छ भन्दा अत्युक्ति नहोला ।

## ६.अछुत, वालबच्चा, महिला र समाजका कमजोर वर्गहरू:

अछुत वर्ग भन्नाले प्राचीन समाजमा पानी नचल्ले भनी छुट्याइएका तल्लो जातका मानिसहरूलाई भनिन्छ। जस्तै, कामी, दमाई सार्की, वादी, मुसहर, पासी, चमार, पोडे आदि । कानूनले तल्लो जाति वा माथिल्लो जाति र छुत अथवा अछुत भनी छुट्याएको छैन । सामाजिक रूपमा मात्र यस्तो चलन रहेको पाईन्छ, जुन वास्त्वमा कानूनको विपरीत हो ।

समाजको निर्माण क्रमिकरूपमा भएको हो, एकैचोटी कहिको पनि समाज निर्माण हुँदैन । यसरी समाज निर्माण हुने क्रममा कामको विभाजन सँग-सँगै विभिन्न जातिहरूको उत्पत्ति भएको हामी थाहा पाउछौं । वास्त्वमा कामको सजिलोपनको लागि गरिएको विभाजन नै हाल आएर जात-जाति र छुत-अछुतमा परिणत भएको हो, अन्यथा शुरू-शुरूमा मानिसहरूमा यस्तो विभाजन थिएन ।

संविधानले सवै नागरिकहरूलाई समानरूपले संरक्षण गरेको छ । कुनै पनि जात-जातिको आधारमा कानूनको अगाडि कसैलाई भेदभाव गर्न पाईदैन । संविधानको धारा ११(४) अनुसार "कुनै पनि व्यक्तिलाई जातिपातिको आधारमा छुवा-छुतको भेदभाव गरिने वा सार्वजानिक स्थलमा उपस्थित हुन वा सावजानिक उपयोगका कुराहरूको प्रयोग गर्नवाट वञ्चित गरिनेछैन त्यस्तो कार्य कानूनवमोजिम दण्डनीय हुनेछ" भन्ने व्यवस्था गरिएको छ संविधानको धारा ११ वमोजिम सवै नागरिक समान छन् । धारा ११(४) वमोजिम कसैले जातिका आधारमा विभेद गर्न नमिल्ने हुदाँ कसैले त्यस्तो व्यवस्था गरेमा पीडित व्यक्तिले सर्वोच्च अदालतसम्म उजुर गर्न पाउँछ। यस प्रकारका धेरै मुद्दाहरूमा हाम्रो देशको सर्वोच्च अदालतले जातिपातिको आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ ।

### वालवालिका

वालवालिकाहरू भोलि हाम्रा ठाउँमा स्थापित हुने र समाजका सवैभन्दा माया र स्नेहका पात्र हुन्, तर धेरै वाल-वालिका भन्नाले १६ वर्ष उमेर नपुगेको र कसैको संरक्षणमा आश्रित भएका केटाकेटीहरूलाई संझनु पर्दछ । धेरैजसो वालवालिकाहरू संरक्षणविना नै आफ्नो जीवन विताउन वाध्य भएका छन् । वालकहरूलाई संरक्षण गर्ने खालका के-कस्ता कानून हाम्रो देशमा छन् त ? यसवारेमा छलफल गरौं ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(३) को प्रतिवन्धात्मक वाक्यांशमा "राज्यले वाल-वालिकाहरूलाई संरक्षण पुऱ्याउने खालका कानूनहरू वनाउन सक्नेछ" भन्ने व्यवस्था गरेको छ। त्यस्तै संविधानको धारा २६(८) मा वाल-वालिकाको वारेमा "राज्यले वालवालिकाको शोपण हुन नदिई उनीहरूको हक-हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ र राज्यले वाल-वालिकाको उन्नतिको लागि शिक्षा, स्वास्थ र सामाजिक सुरक्षाको विशेप व्यवस्था गर्ने नीति अवलम्वन गर्नेछ" भन्ने व्यवस्था संविधानमा गरिएको छ।

विशेप कानूनको रूपमा राज्यले वाल-वालिका सम्वन्धी ऐन, २०४८ र वाल-वालिका सम्वन्धी नियमावली, २०५१ समेत वनाई लागू गरिसकेको छ। वालवालिकासम्वन्धी ऐनमा वाल-वालिकालाई कठोर सजायँ दिन नहुने, क्रूर र यातनापूर्ण व्यवहार गर्न नहुने, वाल-वालिकाको शोपण गर्न नहुने, वाल-वालिकाको पालन-पोपण शिक्षा र स्वास्थ्य-उपचारको व्यवस्था गर्नुपर्ने, वाल हितकारी संस्थाको स्थापनाको साथै वालवालिकाको मुद्दा-मामिला हेर्नलाई छुट्टै वाल अदालतको स्थापना गर्नुपर्ने जस्ता व्यवस्था गरिएको छ। ऐनमा देशका ७५ वटै जिल्लामा वाल-वालिकाको कल्याणकारी काम गर्न वाल-कल्याण समिति गठन गर्नुपर्ने र केन्द्रमा एउटा वाल-कल्याण समिति गठन व्यवस्था गरेको छ। प्रत्येक जिल्लाहरूमा संरक्षण नभएको वाल-वालिकाहरूको र वाल-वालिका सम्वन्धमा विवाद उठेमा त्यस्को निप्टारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुन्छ। कतिपय विवादहरू स्थानीय गाउँ विकास समिति, नगर विकास समितिहरूले पनि मिलाउन सक्दछन्। यी कानूनहरू भन्दा वाहेक अन्य कानूनहरू जस्तै श्रम ऐन, २०४८ कारागार ऐन, २०१९ निजामती सेवा ऐन, २०४९ तथा मुलुकी ऐनको अदालती वन्दोवस्त, लेनदेन व्यवहारको, जीउ मास्ने-वेच्नेको, अंशवण्डाको, दण्ड-सजायँको, चोरीको तथा धर्मपुत्रको महलहरूमा पनि वाल-वालिकालाई संरक्षण गर्ने व्यवस्थाहरू गरिएको छ।

तर यस्ता वाल-वालिकाहरूका अधिकारहरू पर्याप्तमात्रमा लागू नभएको र अझै पनि वाल-वालिकाको संरक्षणको लागि पर्याप्तमात्रमा धेरै कामहरू गर्नुपर्ने अवस्था विद्यमान रहेको छ।

**महिला**

महिलाहरूलाई समग्ररूपमा प्रत्येक समाजमा एक भिन्न वर्गको रूपमा हेरिन्छ। विशेप गरी समानताको अधिकारहरूमा संवैधानिकरूपमा भने महिला र पुरूप वरावरीको अवस्थामा रहेको भएता पनि पुरूपसरह पाउनु पर्ने अधिकारहरू महिलाहरूले प्रयोग गर्ने सामाजिक अवस्था विद्यमान नरहेको र कतिपय कानूनहरूले पनि महिलाहरूलाई असमान अवस्थामा राखेको पाईन्छ। विशेप गरी हाल साम्पत्तिक अधिकारका सवालमा एकरूपता कायम गरेपछि

मात्र समान अवस्थाहरूको उपभोग गर्न पाईन्छ भन्ने मान्यतावाट महिलाहरूलाई समान सम्पत्तिको हक कायम गराउने विषयमा प्रशस्त वहस र छलफल भईरहेको पाईन्छ। त्यस्तै महिलासंग सरोकार राख्ने अदालती प्रकृयाहरूमा पारिवारिक अदालतको गठन गर्ने भन्ने कानूनी सोचाइ पनि छलफलमा रहेको पाईन्छ, जसले महिलाहरूको अधिकारको संरक्षणमा सहयोग पुऱ्याउँछ ।

संविधानमा महिलाहरूको आर्थिक, सामाजिक स्तर उकास्न छुट्टै संरक्षणात्मक प्रकृतिका कानून वनाउँन सकिने व्यवस्था गरिएको छ भने कतिपय कानूनहरूले महिलाहरूको संरक्षणमा विशिष्ट प्रकारका व्यवस्थाहरू गरेको पाईन्छ। वास्तवमा हाम्रो यथार्थता भनेको हामीले हाम्रो घरपरिवारभित्र जवसम्म महिलाहरूलाई सम्मानजनक व्यवहार गर्न सक्दैनौ तवसम्म महिला समानता असम्भव हुन्छ ।

**समाजका कमजोर वर्गहरू:**


समाजका कमजोर वर्गहरू भन्नाले सामान्यतया अछुत, आदिवासी, वालवच्चा, महिला आदिलाई सम्झनु पर्दछ। तर कतिपय अवस्थामा कमजोर वर्गहरूलाई छुट्याउन गाह्रो पर्दछ। सामाजिक र आर्थिकरूपमा पिछडिएका मानिसहरू पनि कमजोर वर्गमा पर्दछन्। यद्यपि गरीवी जुनसुकै जातिमा पनि हुन सक्दछ र तल्लो जातका भनिने मानिसहरू पनि आर्थिकरूपले सवल हुन सक्दछन्। तथापि संरक्षणविहीन वाल-वालिका, वृढापाकाजस्ता मानिसहरूलाइ भने वास्तवमा समाजमा मायाको खाँचो परेको हुनसक्दछ। हाम्रो देशमा वुढापाकाहरूलाई संरक्षण गर्ने कानून नभएता पनि वृद्ध-भत्ता दिएर सरकारले वुढापाकाहरूको सम्मान गरेको छ। त्यस्तै वाल-वालिकासम्वन्धी छुट्टै कानूनले उनीहरूको संरक्षण गरेको पाइन्छ ।

सामाजिक, आर्थिक, शारीरिक तथा मानसिकरूपमा कमजोर रहेका व्यक्तिहरूलाई राज्यले संरक्षण दिनसक्ने व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को उपधारा ३ को प्रतिवन्धात्मक वाक्यांशले गरेको छ। जसमा "महिला, वालक, वृद्ध वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने छ ।" भन्ने व्यवस्था गरिएको छ। त्यस्तै मुलुकी ऐनको अदालती वनदोबस्तको ८३ नं. ले नावालक, वृद्ध अवस्था, रोगवाट पीडित, लाटालाटी अन्धाको हक-अधिकार संरक्षण वा हेरविचार गर्ने व्यवस्था गरेको छ। त्यस्तै मुलुकी ऐन गरीव कंगालको महल अनुसार असहायहरूको संरक्षण गरिनुपर्ने तथा अपाङ्गहरूको संरक्षणसम्वन्धी अपाङ्ग संरक्षण ऐन, २०३९ जस्ता कानूनहरूले समाजका कमजोर वर्गका मानिसहरूलाई संरक्षण पुऱ्याएको छ ।

व्यक्तिले वेइमानी गर्छ, तव सम्पूर्ण परिवारले नै दुख पाएर पछुताउनु पर्छ। अंशवण्डा गर्दा घरसारमै मिलाएर आ-आफ्नो भाग लिई शान्तिसंग गरेर खाएका अवस्थामा कुनै अंशियारले त्यसवाट सम्पत्ति वढाउन सक्छ, कसैले घटाउन सक्छ। घटाउने पक्षले दुःख दिन खोज्यो भने अंशवण्डाको कागजको अभावमा ऊ सफल हुन पनि सक्छ। त्यसैले वेलैमा वुद्धि पुऱ्याएर कानूनले तोकेको रीत पुऱ्याइ अंशवण्डा गरेमा कानूनी निश्चितता पाउन सकिन्छ, तर व्यवहार प्रमाणवाट अंशवण्डा भैसकेको देखिएमा कागज नभए पनि अंशवण्डा भएको मानिन्छ।

**(ख) अदालतवाट अंशवण्डा :-**

अंशहक प्राप्त गर्ने आधार पूरा गरेका अंशियारले आफ्नो अंशहक घरको मूलीसंग माग्नु पर्छ। व्यवहार चलाउने संगोलको सम्पत्ति जिम्मा लिएको व्यक्ति वावु, आमा, दाजु वा भाइ जो पनि मूली हुनसक्छ। यस्ता सगोलको सम्पत्ति जिम्मा लिएका व्यक्तिसंग अंशमाग गर्दा नदिएको अवस्थामा अंश दिनुपर्ने मानिस वसेको जिल्लाको जिल्ला अदालतमा फिरादपत्र दिनुपर्छ । यसरी फिराद पत्र परेपछि अदालतले प्रतिवादीहरूलाई म्याद पठाएर झिकाउँछ। दुवैपक्षका साक्षीहरूको वकपत्र गराइन्छ, दुवैपक्षवाट पेश भएका कागज प्रमाणहरू पनि अदालतले हेर्दछ। सम्पति जिम्मा लिएर वसेको




व्यक्तिले अंशवण्डा गर्नुपर्ने सम्पूर्ण सम्पत्तिको वि वरण अदालतलाइ दिनुपर्छ।

यस्तो विवरण लेखिएका कागजलाई तायदाती भनिन्छ। तायदाती विवरण पेश गर्दा वण्डा गर्नुपर्ने कुनै सम्पत्ति नदेखाएमा अर्को पक्षले त्यसउपर नालिस गर्न पाउछ। यस्तो अवस्थामा त्यस्तो लुकाउने व्यक्तिले त्यो सम्पत्ति पाउँदैन। यसरी वादी र प्रतिवादीवाट पेश भएका कागज प्रमाण सवै वुझिसकेपछि अदालतले सम्पति नरम-गरम मिलाएर वरावरी पर्ने गरी भागवण्डा गरी दिन्छ।

**अंशमाग्ने हकदैया र हदम्याद :-**

अंशमुद्दा गर्नुपर्दा अंश चाहिने व्यक्तिले नै नालिस गर्नुपर्छ अर्को मानिसको लागि कसैले मुद्दा गरिदिएर पाईदैन। अंश माग्नलाई जहिलेसुकै नालिस दिए पनि हुन्छ। अंश पाएपछि त्यसमा चित्त नवुझी नालिस गर्नुपरेमा वण्डापत्र भएका मितिले ३ महिनाभित्र गर्नुपर्छ।

**२.धर्मपुत्र :-**

आफ्नो पुत्र नभएका माता-पिताले अर्काको पुत्रलाई पुत्रको रूपमा विधिपूर्वक ग्रहण गरिएको पुत्रलाई "धर्मपुत्र" भन्दछन्। यस्तो चलन प्राचीन हिन्दू मान्यतावाट विकास भएको हो। धर्मपुत्र छोरा नभएको अवस्थामा मात्र राख्न पाईन्छ। छोरा जीवित रहेको अवस्थामा लोग्ने मानिस वा स्वास्नी मानिसले धर्मपुत्र राख्न पाउँदैन। एकपटक कसैले कसैलाई धर्मपुत्र राखी सकेपछि अर्को छोरा जन्मिए पनि पहिले राखी सकेको धर्मपुत्रलाई वदर गराउन पाउँदैन। त्यस्तो धर्मपुत्रको भाइ सरह अधिकार हुन्छ।

धर्मपुत्र राख्दा निम्न सन्तानवाट राख्नुपर्दछ भनी मुलुकी ऐनको धर्मपुत्रको महलको दफा १ ले उल्लेख गरेको छ।

१. आफू जम्मेको एकै भूँडीका सन्तानमा,
२. त्यस्तो नभए सौतेनी आमापट्टिका सन्तानमा,
३. त्यस्तो सन्तान नभएमा एक वाजेका सन्तानमा,
४. एक वाजेका सन्तान पनि नभएमा छोरीहरूका छोरामा,
५. छोरीका छोरा नभएमा जिज्यू वाजेका सन्तानवाट,
६. त्यस्तो सन्तान पनि नभए दिदीवहिनीका छोरामा।
७. दिदीवहिनीका छोरा नभएमा आफ्ना गोत्रका दाजु भाइका छोरा।

माथि उल्लेखित सात पुस्ताभित्र धर्मपुत्र राख्न पाउने व्यवस्था हाम्रो कानूनले गरेको छ। यदि यस प्रकारले सात पुस्ताभित्र नजिकको नाताको व्यक्ति धर्मपुत्र नराखेको भए २ वर्षभित्रमा नालिस लाग्न सक्दछ। तर धर्मपुत्र राख्नु पर्ने आफ्ना हकवाला भए पनि ५ वर्षमुनिका वालक वाटा-घाटामा पाई ल्याई पालेकोमा त्यस्तालाई धर्मपुत्रको रूपमा राख्न सकिन्छ। (धर्मपुत्रको ४ नं)

त्यस्तै धर्मपुत्र राख्नु पर्ने हकवाला भए पनि वावु नभएको वा वावुको ठेगान नलागेको १६ वर्षभन्दा मुनिका वालकलाई आमा भए आमाको मञ्जुरी र

आमा नभए त्यस्तो अनाथ वालकलाई जसले पालेको छ, निज व्यक्तिको वा त्यस्तो वालक अनाथलयमा पालिएको रहेछ भने त्यस संस्थाको स्वीकृति लिई धर्मपुत्र राख्न सकिन्छ। धर्मपुत्र राख्दा धर्मपुत्र राख्नेले धर्मपुत्र राखेको व्यहोराको लिखत लेखी रजिष्ट्रेशन पारित गर्नुपर्दछ। धर्मपुत्र बस्नेले आफूलाई धर्मपुत्र राख्ने मानिसलाई आफ्नो वुवा आमा सरह मान्नुपर्दछ। यदि आमा-वुवाको हेरचाह नगरेमा, धनमाल विगार्ने, कुटपीट गर्ने, घरछाडी हिड्ने आदि गरेमा धर्मपुत्र राख्नेले त्यस्तो धर्मपुत्रलाई वदर गरी पाउँ भनी उजुर गर्नसक्दछ। (धर्मपुत्रको ११नं.) यस्तो उजुरी फिरादपत्रको रूपमा जिल्ला अदालतमा लाग्दछ।

विदेशीले नेपालीलाई धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा उसको चरित्र र आर्थिक स्थिति हेरी उसको देशको सरकार वा राजदूतावासको सिफारिशमा प्रमुख जिल्ला अधिकारीको सिफारिशले गृह मन्त्रालयले त्यस्तो अनुमति प्रदान गर्नसक्दछ।

कानूनले धर्मपुत्री राख्न पाउने व्यवस्था पनि गरेको छ। छोरी हुने लोग्ने मानिस वा स्वास्नी मानिसले धर्मपुत्री राख्न पाउँदैन। लोग्ने जीवित हुने स्वास्नी मानिसले पनि धर्मपुत्री राख्न निषेध गरेको छ। सो वाहेक अन्य अवस्थामा १० वर्षमुनिकी वालिकालाई लिखत गरी धर्मपुत्री राख्न पाउँछ।

## ३. जग्गासम्वन्धी कानूनी व्यवस्था :

### जग्गा जनजीविकाको महत्वपूर्ण श्रोत

नेपालको जनजीविकाको महत्वपूर्ण मात्रै होईन साह्रै ठूलो साधन र श्रोतको रूपमा जग्गा रहेको छ। मुलुकका करीव ९०%भन्दा वढी जसो मानिसहरू खेतीमा निभर रहन्छन्। स्वभावत देशको अर्थतन्त्र कृषिमा आधारित रहेको छ।

### जग्गासम्वन्धी कानूनको आवश्यकता

नेपालमा उद्योग धन्दाको पूर्ण विकास नभएको कारण मानिसले कृषिमा आश्रित हुन परिरहेको छ। कृषिमा पनि आधुनिक प्रविधिको विकास नहुनु, शैक्षिक अवस्था कमजोर हुनाको कारण अन्य किसिमको रोजगारी पाउन वा गर्न कठिनाई रहेको छ। यस्ता कारणले जमिनमा मानिसको चाप वढिरहेको कारण विभिन्न किसिमका झै झमेला उत्पन्न भै रहने हुनाले जग्गा (कृषि)सम्वन्धी पूर्ण कानूनको आवश्यकता परेको हुन्छ र यसका लागि नेपालमा जग्गा सम्वन्धमा पर्याप्त कानूनहरू निर्माण भएका छन्।

## नेपालको भूमि व्यवस्थाको संक्षिप्त झलक

हाल नेपालमा केवल गुठी र रैकर जग्गा मात्र रहेका छन् । जग्गा गुठी भनेको गुठी संचालनको लागि राखिएको जग्गा हो । राजगुठी र दुनियाँ गुठी गरेर गुठी दुई प्रकार हुन्छन् ।

एकीकरणभन्दा अघिसम्म नेपाल स-साना राज्यमा विभक्त थियो । अलग-अलग राज्यमा अलग-अलग राजा थिए । हरेक राज्यले खाफ्नै खालको जग्गा व्यवस्था लागू गरेका थिए । पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपछि अलग-अलग राज्यमा प्रचलनमा रहेका भूमि व्यवस्था समाप्त भए । मुलुकभरि एकैखालको भूमि व्यवस्था लागू भए पनि स्थान विशेषमा चलिआएका प्रथाहरू कायमै रहे । त्यसवेला मूलत जग्गाहरू या त विर्ता थिए, या त रैकर थिए । मूलतः यी दुई जग्गा व्यवस्थाका अतिरिक्त उल्लेख गरिएका कारणवाट रकम, जागिरे, गुठी, किपट उखडा, महाजनी जस्ता भूमि व्यवस्था पनि प्रचलनमा रहिरहे । यस्तो भूमि व्यवस्था राणाकाल रहुन्जेलसम्म कायम रह्यो ।

२००७ सालमा राणा शासन समाप्त भै प्रजातन्त्रको स्थापना भएपछि भूमि व्यवस्थामा सुधार गर्ने प्रयास शुरू भयो । त्यसवेला रकम, जागिर महाजनी जस्ता जग्गा व्यवस्था समाप्त भए । २०१६ सालमा विर्ताप्रथा उन्मूलन भयो । भूमि सुधार ऐन, २०२१ लागू भएपछि किपटप्रथा पनि समाप्त भयो । कानूनवमोजिम लाग्ने मालपोत वुझाउने जिम्मावारी भएका जग्गाहरू रैकर हुन् ।

## जग्गाको सम्वन्धमा कानूनद्वारा मान्य केही मुलभूत व्यवस्थाहरू :-

१. जग्गा भनेको सवै भूमि होइन । केवल कृषि योग्य र व्यक्ति विशेषको नाउँमा कायम भएको या कव्जा, भोग वा स्वामित्व भएको जग्गालाई मात्र जग्गाको रूपमा लिइएको हुन्छ ।
२. जग्गाले मानिसको लागि उपयोगी वस्तु उत्पादन गर्ने भएको हुंदा जग्गाको निश्चित मूल्य हुन्छ । यसै मूल्यको कारण जग्गालाई मानिसहरू आफ्नो स्वामित्वमा राख्न कोशिस गर्दछन् । जग्गाको स्वामित्व उपभोग या उपयोग गर्ने सम्वन्धमा कानूनले निश्चित मापदण्ड या नीति-नियम निर्धारण गरेको छ ।
३. जग्गालाई सम्पत्तिको रूपमा मान्यता प्राप्त भएको हुन्छ ।
४. जग्गामा स्वामित्व (हक) प्राप्त गर्न सकिन्छ । स्वामित्व भएको जग्गा दान, वकस विक्री, अंशवण्डा इत्यादि तरीकावाट कसैलाई दिन सकिन्छ । सोहीअनुसार कसैवाट लिन सकिन्छ । प्राप्त सम्पत्ति अरू कसैलाई असर नपर्ने गरी भोगचलन गर्न सकिन्छ ।

५. जग्गा अचल सम्पत्ति मानिन्छ । यस्तो सम्पत्ति हस्तान्तरण वा भोग वन्धक दिदा मालपोत कार्यालयमा गई रजिष्ट्रेशन पास गरेर दिनुपर्दछ । यसरी दिएमात्र पाउनेको पक्का हुन्छ ।

६. जग्गाको रेकर्ड राख्ने अड्डा मालपोत कार्यालय हो । नेपालभरिका जग्गा नापजाँच गरी श्रेस्ता तयार पारिएको छ र जसको हकको जग्गा हो ,उसको नाउँमा दर्ता गरी भोग श्रेस्ता राखिएको हुन्छ । जग्गामा हक प्राप्त गर्नेले त्यसको निस्सास्वरूप जग्गा धनी प्रमाण पूर्जा (लालपूर्जा) पाउँछ ।

७. जग्गा अरूले खेती गर्न कमाएको अवस्थामा कमाउने व्यक्ति मोही हुन्छ र हक पुग्ने दर्तावाला व्यक्ति जग्गा धनी हुन्छ । मोहीले जग्गा-धनीलाई तोकेअनुसारको कूत बुझाउनु पर्दछ ।

८. जग्गामा मालपोत लाग्दछ । मालपोत वर्षको एकपटक वुझाउनु पर्दछ । मालपोतको दर समय-समयमा सरकारले परिवर्तन गरिरहन्छ ।

९. आफ्नो हकको जग्गामा अरू कसैले पनि हस्तक्षेप गर्नसक्तैन । कसैले अर्काको जग्गामा हस्तक्षेप (खिचोला) गरेमा जग्गाको मालिकले अदालतमा मुद्दा गरेर त्यस्तो हस्तक्षेप हटाई आफ्नो जग्गामा चलन गर्नपाउँछ ।

१०. अंशवण्डा गरेर जग्गा आफ्ना अंशियारका वीच भाग लगाउन सकिन्छ ।

**जग्गा खिचोला :–**

जग्गालाई राजीनामा, वकसपत्र, दानपत्र, छोडपत्र, अंशवण्डा, मोही हक, नामसारी जस्ता प्रकृयाबाट आफ्नो हक अधिकारमा ल्याउन सकिन्छ । एक पटक कानूनी तरीकाबाट आफ्नो नाउँमा आई सकेको जग्गामा अरू कसैले खिचोला गर्नहुँदैन । खिचोला भनेको अर्काको पूरै वा आंशिक जग्गालाई आफ्नो हो भनी वलपूर्बक नियन्त्रणमा लिनु वा कव्जा गर्नु, भोग चलन गर्नु हो । एउटाको हकको जग्गा अर्को कुनै पनि व्यक्तिले अतिक्रण गर्नहुँदैन । आ-आफ्नामा घुसाउन पनि हुँदैन । यस कार्यलाई जग्गा मिच्ने भनिन्छ । जग्गा मिच्ने वा खिचोला कार्य गैर-कानूनी कार्य हुन् । जसको जग्गा मिचिएको छ, उसले जग्गा मिचेको मितिले वा जग्गा मिचिएको कुरा थाहा पाएको मितिले छ महिनाभित्र आफ्नो जिल्लाको जिल्ला अदालतमा नालिस गर्नुपर्दछ । जग्गा मिचिएको मुद्दामा जग्गा मिचिएको हो होईन, वा दावा गरेको जग्गा कस्को हो ? भन्ने कुरामा अदालतले प्रमाण वुझी ईन्साफ (न्याय)गदर्छ । यस्तो न्याय गर्ने कामलाई ईन्साफ गर्ने वा फैसला गर्ने भनिन्छ ।

**जग्गा आवाद गर्ने :-**

जग्गा आवाद गर्ने भन्ने भनाईका दुई अर्थ लाग्छन् । एउटा अर्थ खेती गर्ने र अर्को अर्थ पर्ति ऐलानी जग्गा खेती लायक वनाई खेती गर्नु । पहिलो अर्थ सामान्य हो, तर दोश्रोखाले अर्थको सम्वन्धमा कानूनमा प्रशस्त व्यवस्थाहरू गरिएका छन् । कसैले पनि परापूर्वदेखि हिँडी आएको वाटो वा बस्तु-भाउ निकाल्ने निकास, बस्तु भाउ खरकाउँने चौर, पानी घाट, पोखरीको डिल, गौचर, मूलवाटो, सडक, पाटी, पौवा, चिहान र त्यस्तै अरू कुनै सार्वजनिक स्थान र श्री ५ को सरकारबाट कमोत नगर्नु वाँझो राख्नु भनेका सरकारी जग्गा कसैले आवाद गर्न (विराउन वा विराउन लाउन) हुँदैन ।

**कुलो पानी :-**

आफ्नो खर्च वा आँतका वलले जसले कुलो वनाउँछ, उसलाई पहिले पानी नभई अरूले पाउदैन । अघिदेखि भाग-वण्डा गरी वाँडी आएको ठाउँमा भाग वमोजिम पानी नदिई खेत वाँझो गराउँनसमेत हुँदैन । मुहानका खेतमा पानी पुगेपछि उस मुन्तिरकाले पानी लगी रोप्न हुन्छ । मुहानका खेतवालाको केही अडकाउ भयो भने उसै मन्तिरकाले पानी लगी रोप्न हुन्छ । पछिवाट मुहानकाले पानी लगी रोप्न हुन्छ । नयाँ कुलो वनाउँदा पुरानो कुलोले पाटने खेतमा पानी कम हुँदैन भने माथि नयाँ कुलो वनाउँन हुन्छ । कुलो भत्क्यो खेतमा खोलो पैरो लाग्यो भने भरसक मोहीहरूले आफै दामासाहीले मानिस पठाई वनाई तयार गर्नु गराउनु पर्दछ । मोही वल मद्दतले नपुग्ने भएमा श्री ५ को सरकारको सम्वन्धित कार्यालयमा जाहेर गरी निकासा भए वमोजिम वनाउँनु पर्छ ।

जग्गा आवाद गर्नलाई वाँझो वा आवादी जुनसुकै जग्गावाट जो-सुकैले पनि वाँध, पैनी, कुलो वनाई पानी ल्याउनुहुन्छ, रोक्न हुँदैन । तिरो पोत नलागेको वाँझो जग्गावाहेक अरू जग्गाको हकमा धनीलाई वाँधपैनी कुलोमा परेको जग्गा जतिको वेग्लै वा जग्गा सापटी दिनुपर्छ ।

**जग्गा दर्ता, नामसारी, दाखिल खारेज :-**

हरेक आवादी जग्गा कसै कसैको स्वामित्वमा रहेको हुन्छ । जग्गाको धनी हुन आफ्नो नाउँमा विधिवत दर्ता हुनुपर्दछ । हरेक आवादी जग्गाको नापी, नाप-नक्सा गरी जसको नाउँमा जग्गा भएको हो, सो व्यक्तिका नाउँमा मोठ श्रेस्ता वनाई दर्ता गरिएको हुन्छ । मोठ श्रेस्ता भनेको त्यस्तो श्रेस्ता हो, जसमा जग्गावालाका नाम जग्गाको क्षेत्रफल, कित्ता, वतन-लगायतका जग्गाको मूल प्रमाण हो । मोठ श्रेस्तामा नाम दर्ता नभएको व्यक्तिले जग्गामा दावी गर्न सक्दैन, किनकि उसको नाउँमा जग्गा भएको कुरा प्रमाणित हुन सक्तैन । आफ्नो जग्गा हो भनेर प्रमाणको रूपमा जग्गाको विवरण (जग्गा भएको ठाउ

वा बतन, जग्गाको कित्ता नं, क्षेत्रफल किसिम इत्यादि) उल्लेख गरेर दिने कागजलाई जग्गा धनी प्रमाण-पूर्जा भनिन्छ। जग्गा धनी प्रमाण पूर्जा (लालपूर्जा) देखाएर आफ्नो जग्गामा स्वामित्व (हक भोग) छ भन्ने प्रमाणित गर्न सकिन्छ। कसैले रांजीनामा वा वकसपत्र वा दानपत्र वा सट्टापट्टावाट जग्गा पाएमा मालपोत कार्यालयले पाउनेको नाउँ मोठ श्रेस्तामा दर्ता गरी त्यस्को निस्सा स्वरूप जग्गा धनी प्रमाण पूर्जा (लाल पूर्जा) दिन्छ।

दर्ता श्रेस्तामा एउटाको नाउँमा हटाएर अर्काको नाम कायम गर्ने कामलाई दाखिल खारिज (दा.खा.) भनिन्छ एक व्यक्तिवाट अर्को व्यक्तिमा कानूनी प्रकृयाबाट जग्गा हस्तान्तरण हुनेमा दाखिल खारिज गरिन्छ। दर्तावाला मरेकोमा मर्नेको नामको जग्गा उसको हकवालाको नाममा नामसारी दर्ता गरिन्छ, किनकि मर्नेका नाममा जग्गा दर्ता राखी छाड्न हुँदैन वा मिल्दैन। आफ्नो हक हुन आई दाखिला खारिज गर्नुपर्ने भएकोमा र दर्तावाला मरी हकवालाको नाउँमा सार्नेमा समेत पैतीस दिनभित्र दाखिल खारेज वा नामसारी दर्ता गरी गराई सक्नुपर्छ। सो म्यादभित्र दाखिल खारेज नामसारी गराउन दरखास्त दिन नसकेकोमा मालपोत कार्यलयले रू १० जरीवाना गरी जतिसुकै अवधि नाघे पनि दाखिल खारेज नामसारी गरी दिन्छ।

**जग्गा नापी दर्ता :-**

जग्गा अचल सम्पति भएको हुदाँ यसको मोठ श्रेस्ता राखिएको हुन्छ। श्रेस्ता राख्ने क्रममा नापी गरिन्छ र नापीवाट ठहरे अनुसारको श्रेस्ता तयार हुन्छ। हाम्रो मुलुकमा पहिले पहिले भएका नापीहरू हचुवा हुन्थे, वैज्ञानिक पद्धतिवाट नापी हुन नसक्नाले जग्गाको वास्तविक स्वरूप पत्ता लाग्दैनथ्यो। आजकाल वैज्ञानिक पद्धतिबाट नापी गरिन्छ। नेपालमा २०१७ १८ सालदेखि शुरू भएको नापी भर्खर-भर्खर अधिराज्यव्यापीरूपमा समाप्त हुन लागेको छ। जग्गाहरू बिक्री अंश सट्टापट्टा लगायतका प्रकृयाबाट एकवाट अर्काको नाममा जाने प्रकृया निरन्तर भै रहने हुँदा हरेक जग्गाको स्वरूप परिवर्तन भै रहन्छ। त्यसैले पटक-पटक सर्भे नापी गरी श्रेस्तालाई अद्यावधिक गर्दै रहनुपर्ने हुन्छ। हरेक सर्भे हुँदा जग्गावालाले सर्भेमा उपस्थित भएर आफ्नो जग्गा राम्ररी देखाई नापी गराउनु र दर्ता गराउनु पर्दछ। नापीको समयमा उपस्थित नहुनेको नापी दर्ता गराउन छुट हुनजान्छ। त्यस्तो छुट हुने खालले पछि पनि दर्ता गराउन पाउँछन्। तर त्यस्तोमा धेरै झन्झट हुन्छ। सर्भे नापीका क्रममा दर्ता छुट भएका जग्गाहरू दर्ता गर्न मालपोत कार्यालयमा दरखास्त दिनुपर्दछ। यस्तो दरखास्तसाथ आफ्नो जग्गा हो भनेर प्रमाणित हुने गरी सवूद प्रमाण प्रस्तुत गर्नुपर्दछ। मालपोत कार्यालयले दरखास्तमा छानवीन गर्दछ। छानवीनको क्रममा मालपोत कार्यालयले सर्जिमिन गर्न सक्दछ। पुरानो श्रेस्ता मगाएर हेर्न सक्तछ वा गा.वि.स. को सिफारिश माग्न सक्तछ। छानवीन पश्चात् दरखास्त

परेको जग्गा निर्विवादरूपले दरखस्तवालाको देखियो भने मालपोत कार्यालयले दर्खास्तवालाको नाउँमा दर्ता गरिदिन्छ, दर्ता गर्न नमिल्ने पानी घाट, बाटो घाटो लगायत सार्वजनिक जग्गा देखिएमा दर्ता हुन नसक्ने भनी ठहराई सम्वन्धित व्यक्तिलाई जनाउ दिन्छ। साथै छानवीनको क्रममा दरखास्त परेको जग्गा दरखस्तवालाको हो कि, अर्को व्यक्तिको हो ? भन्ने छुट्याउन नसकिने स्थितिमा मालपोत कार्यालयले अदालतबाट हक-वेहकको टुङ्गो लगाई ल्याएपछि दर्ता गरी दिने भनी निर्णय गरी नालिस गर्न जान सुनाई दिन्छ ।

**जग्गा-हस्तान्तरण हुने तरीका :-**

एकको जग्गाको स्वामित्व (हक) निम्नतरीकाबाट मात्र अर्को व्यक्तिमा सर्नसक्तछ :

(क) जग्गाको स्वामित्व (हक) सार्न चाहिने व्यक्तिको नाउँमा सो जग्गा दर्ता भई उसैको भोग चलनमा हुनुपर्दछ । सो व्यक्तिवाहेक अरूको सो जग्गामा हक भएको वा रहेको हुनुहुँदैन ।

(ख) जग्गाको स्वामित्व सार्नलाई निम्न मध्ये कुनै एक उपाय गर्न सकिन्छ । यसका लागि आवश्यक लिखत बनाउँनु पर्दछ ।

- विक्री, राजीनामा छोडपत्र ।
- सट्टापट्टा
- बकस-हालैदेखिको वा शेषपछिको बकस ।
- अंशवण्डा
- अदालतको फैसला वा निर्णय
- मृत्युपश्चात नामसारी

(ग) अड्डा अदालतको निर्णय भएमा नामसारी हुनेमा वाहेक अरू किसिमबाट जग्गा हस्तान्तरण गर्न चाहेमा रजिष्ट्रेशन पास हुन जरूरी हुन्छ । रजिष्ट्रेशनगर्ने कार्यालयले दाखिला खारेज गरी प्राप्त हुनेको नाउँमा जग्गा दर्ता गरी त्यसको निस्सास्वरूप जग्गा धनी प्रमाण पूर्जा दिन्छ । रजिष्ट्रेशन गर्ने कार्यालय मालपोत कार्यालय हो ।

**रजिष्ट्रेशन पास :-**

जग्गा लेनदेन भएका जुनसुकै कागज रजिष्ट्रेशन पास गराउनु पर्दछ । रजिष्ट्रेशन पास नभए जग्गा पाउनेको जग्गामा हक प्राप्त हुनसक्तैन । साथै जग्गा दिइने माध्यमको रूपमा रहेको कागज कच्चा हुन्छ । जग्गाको हक हस्तान्तरणवाहेक वन्धकी (भोग वन्धकी दृष्टि वन्धकी तथा लख वन्धकी दिएकोमा त्यस्तो वनधकी लिखतसमेत रजिष्ट्रेशन गराउनु पर्दछ ।

### ४. लेनदेन सम्वन्धी कानूनी व्यवस्था

कुनै पनि कारोवार गर्दा वा लेनदेन गर्दा कानूनको रित पुऱ्याउनु पर्छ। रित पूरा नगराई लेनदेन गरेमा पछि झगडा पर्न सक्छ। एउटा कुरा भन्ठाने र अर्को कुरा लेखिएको ठाउँमा सहीछाप लागेको कारण धेरै मुद्दाहरू पर्दछन्। यस्तो हुनुहुँदैन। यसका लागि लेनदेन गर्ने मानिसहरूले उसले भनेको र कागजमा लेखेको कुरा एउटै हो भन्ने विश्वास भएपछि मात्र सही छाप गर्नुपर्छ।

**कागज राम्रो साग पढेर सहीछाप गर्नु पर्ने:-**

कुनै पनि कागजमा सहीछाप गर्नु अगाडि त्यो कागजमा के लेखिएको रहेछ भनेर राम्ररी पढनु पर्छ। सहीछाप गरेपछि कागजमा लेखिए झै काम गर्नुपर्दछ। पछि मलाई झुक्याएर गरे, मैले त अर्कै कुरामा सही गरेको भनी भन्न पाइदैन। आफूले पढ्न नजानेदेखि विश्वास पर्ने अर्को मानिसलाई पढेर सुनाउ भनी लगाउनु पर्छ र अर्थ वुझेर मात्र सही गर्नु पर्छ।

**करकाप गर्नु नहुने:-**

मञ्जुरी नभई जवर्जस्ती कागज गर्ने र सहिछाप गराउने काम करकाप हो। यस्तो करकापवाट भएको कागज वदर नभएसम्म सदर हुन्छ। वदर गर्न कागज भएको ३५ दिनभित्र नालेस गर्नु पर्दछ, नत्र करकापवाट भएको भए पनि कागज वा तमसुकमा लेखिएवमोजिमको काम सही गर्नेले गर्नुपर्छ।

**लिखत गर्नु पर्ने :-**

सामान्यतया कुनै पनि लेनदेन व्यवहार गर्दा कागज गर्नुपर्छ। कागज नगरी लेनदेन गर्दा पछि मुद्दा लाग्दैन। कागज गर्दा साक्षी राखेर पक्का ढंगले गर्नुपर्छ। कागज लेख्दा कालो मसिले सकभर नेपाली कागजमा लेख्नुपर्छ। लिखतमा कारणीको सहीछाप गराउनु पर्छ। साहु आसामीको उमेर, तीनपुस्ते पनि लेख्नुपर्छ र साक्षीले पनि सही गर्नुपर्छ। कागजमा भनेको कुरा स्पष्टसंग लेख्नुपर्छ। कागज भएको मिति र ठाउँ, पनि खुलाउनु पर्छ। कागजमा केरमेट भएको ठाउँमा आसामीको दायाँ वूढी औंलाले छाप लगाउनु पर्छ। कागजको शिर-पुच्छारमा आसामीले दुवै औलाले ल्याप्चे छाप लगाउनु पर्छ, लेखपढ गर्न जान्नेले सही पनि गर्नुपर्छ, नत्र पछि त्यो लिखत प्रमाणमा लाग्दैन।

**कपाली तमसुक :-**

चलन चल्तीमा तमसुक भन्ने शव्द खुव प्रयोग हुन्छ। तमसुक भनेको ऋण लेनदेन गर्दा लेखिने कागज हो। यस्तो कागजको नाम ऋण लेनदेनको शर्तअनुसार फरक-फरक हुन्छ। जसमध्ये कपाली तमसुक पनि एउटा हो।

ऋण लिने आसामी हुन्छ । ऋण दिने साहु अर्थात धनी हुन्छ । साहु आसामी वीच भाखा राखी व्याज दर खोलेर वा नखोली लेखिएको तमसुक नै कपाली तमसुक हो । यसमा आसामीले पैसा तिरेन भने उसको घर घरानावाट साहुले असुल गर्नसक्छ, भन्ने व्यहोरा परेको हुन्छ । यस्तो कपाली तमसुकमा व्याज उल्लेख गर्दा वार्षिक सयकडा १०सम्म मात्र लेख्न पाईन्छ । व्याजको स्याज लिन पाईदैन । यो तमसुक रजिष्ट्रेशन गर्नपर्दैन, घरसारमा नै गरे हुन्छ, तर यस्तो तमसुक गर्दा टिकट टास्नुपर्छ । यसलाई आय-टिकट दस्तुर भन्छन् । यस्तो दस्तुर रू.१००।- सम्मको रकम भए रू. ४।- र त्यसभन्दा वढीमा रू. १०००।- वरावर रू ४।-का दरले लाग्छ । यसरी आय-टिकट दस्तुर नतिरेकोमा पछि मुद्दा पऱ्यो भने पहिला लाग्ने दस्तुरको पाँच दोव्वर दस्तुर तिरेपछि मात्रै त्यो कागज प्रमाणमा लाग्छ । आसामीले पैसा तिरेन भने वा केही तिऱ्यो, केही तिरेन भने म्यादभित्रै जिल्ला अदालतमा नालेस गर्नुपर्छ । नालेस गर्दा कागज भएको मितिले १० वर्षभित्र गरिसक्नु पर्छ । कागज गरेपछि फेरि केही रकम तिरेको कुरा लेखिएको भए अन्तिम कागज लेखिएको मितिले १०वर्षभित्र नालेस गरिसक्नु पर्नेहुन्छ । त्यो म्याद नाघेपछि भने नालेस लाग्दैन ।

## ५.भोगवन्धकी :-

साहुले ऋण दिएवापत आसामीको घरजग्गा वा अरू कुनै कुरा भोग गर्न लिन्छ र सो सम्वन्धी तमसुकको कागज गरिन्छ भने त्यो भोग वन्धकी तमसुक हो । यो तमसुक दोहोरो तयार गरी साहु-आसामी दुवैले एक-एकप्रति लिनुपर्छ । यस्तो तमसुकमा ऋणवापत व्याज दिनुपर्दैन । व्याजको सट्टा साहुले आसामीको सम्पत्ति नै भोगगर्छ । यस्तो तमसुक गर्दा कुन सम्पत्ति ऋण दिने साहुले भोग गर्न पाउने हो, सो कुरा स्पष्ट खोल्नुपर्छ । यस्तो सम्पत्ति आसामीले ऋण चुक्ता गर्नासाथ जस्ताको तस्तै नविगारी आसामीलाई फिर्ता गर्नुपर्छ । भोगवन्धकी कागजमा सम्पत्ति भोगको कुरा हुने हुदाँ त्यो तमसुक रजिष्ट्रेशन गर्नुपर्छ । मालपोतमा रजिष्ट्रेशन पास नगरेको भोग वन्धकी तमसुकले कानूनी मान्यता पाउँदैन । यस्तो तमसुक पास गर्दा दस्तुर लाग्छ ।

भोगवन्धकीमा लेखिएको सम्पत्ति भोग गर्न नपाएमा साहुले दुई वर्षभित्र भोग गर्न चलन चलाई पाउँ भनी जिल्ला अदालतमा नालेस गर्नु पर्छ । यदि भोग गर्न पाएन भने वा २ वर्ष नाघेमा भने त्यो तमसुक कपाली तमसुक हुन्छ । यस्तोमा १० वर्षभित्र नालेस गरी सावा र व्याज दुवै साहुले असुल गरी लिनसक्छ । यस्तो नालिस सम्वन्धित जिल्ला अदालतमा नै गर्नु पर्ने हुन्छ ।

## दृष्टिवन्धकी तमसुक :-

साहुले ऋण दिएवापत आसामीको कुनै सम्पत्ति धितो राखी गरिने तमसुकलाई दृष्टिवन्धकी तमसुक भनिन्छ । तोकिएको भाखाभित्र ऋणको सावा-

व्याज नतिरेमा मेरो फलानो घर जग्गा वा सम्पत्तिवाट असुल उपर गरिलिनु भन्ने व्यहोरा दृष्टिवन्धकी तमसुकमा लेखिएको हुन्छ। यस्तो तमसुक गर्दा साहु आसामी दुवैलाई दोहोरो लेखी एक एक प्रति लिनु दिनुपर्छ। यो तमसुक रजिष्ट्रेशन हुनुपर्छ, नभएमा प्रमाणमा लाग्दैन।

**लखवन्धकी** :

भोगवन्धकी वा दृष्टिवन्धकी गरी ऋण दिने साहुले आसामीवाट लिएको वा लिने सम्पत्ति देखाई अर्को साहुवाट ऋण लिन गर्ने तमसुकलाई लखवन्धकी तमसुक भनिन्छ। यस्तो तमसुक गर्दा आफुले आसामीलाई दिएको ऋण भन्दा वढी त्यो साहुले अर्का साहुकोवाट ऋण लिन पाउदैन। यस्तो लिखत पनि राजिष्ट्रेशन हुनुपर्छ र दाहोरी लिखत तयार गर्नुपर्छ।

**राजीनामा** :

राजीनामा गर्नु भनेको त्याग गर्नु हो। लेनदेन कारोवार गर्दा राजीनामा भन्ने शव्द खुव प्रयोग हुनेगर्छ। विशेष गरी घर-जग्गा विक्री वा कुनै सम्पत्ति विक्री गर्दा विक्री गर्नेले राजीनामा गरी सम्पत्तिमा आफ्नो स्वामित्व त्याग गर्छ, तर यस्तो त्याग गर्दा उसले केही रूपैयाँ लिएको हुन्छ। यसरी रकम लिएर सम्पत्ति सदाको लागि छाड्ने काम राजीनामा हो। यो पनि एउटा तमसुक हो। यस्ता किसिमको राजीनामाको लिखत रजिष्ट्रेशन गर्न ठाउँ मालपोत कार्यालय हो।

सामान्यतया राजीनामाको लिखत मालपोत कार्यालयले तयार गरेको फारम भरेर तयार गरिन्छ, तर आफैले तमसुकको भाखामा लेख्न कानूनले रोकदैन। यस्तो लिखत नेपालीकागजमा कालो मसिले लेख्नु पर्छ। यस्तो राजीनामाको लिखत मालपोतमा राजिष्ट्रेशन गर्दा सरकारलाई राजस्व वुझाउनु पर्ने हुन्छ। यसरी दस्तुर बुझाई रजिष्ट्रेशन पास भए पछि विक्री गर्ने व्यक्तिको नामको सट्टा किन्नेको नाम श्रेस्तामा लेखिन्छ, यसलाई दाखिल खारेज गर्ने भनिन्छ।

**लिखत बदर हुने** :

सम्पति जसको हो उसैले राजीनामा गरेको वा वन्धकी दिएको मात्र सदर हुन्छ। अर्को व्यक्तिले गरी दिएको लिखत वदर हुन्छ। कसैले आफ्नो मेहेनतले कमाएको कनै सम्पत्ति आफूखुशी वेच्न पाउछ, तर पिता पुर्खादेखिको पैतृक सम्पत्तिमा भने सवै वेच्न पाउँदैन। अरू अंशियारको समेत हक लाग्ने सम्पत्ति वेचेकामा उसको हक लाग्ने जतिवाहेक अरू सम्पति विक्री गरेको वा तमसुक गरेकोमा सो हदसम्म वदर हुन्छ, तर सवै उमेर पुगेका अंशियारहरू साक्षी वसेको वा मञ्जुरनामा दिएको छ भने सदर हुन्छ। घरको मुख्य भई

काम गर्ने व्यक्तिले चलमा सबै र अचलमा आधासम्म घर व्यवहार चलाउन पाउँछ। एउटाको सम्पत्ति अर्कोले वेचेकोमा वा आफ्नो अंश लाग्ने अचल सम्पत्ति अर्काले विना मञ्जुरी वेचेमा त्यस्तो सम्पत्ति रजिष्ट्रेशन पास भएको मितिले १ वर्षभित्र र थाहा पाएको ३५ दिनभित्र नालेस गरी वदर गराउन सकिन्छ। सो म्याद नाघेपछि नालेस लाग्दैन।

**जेठो लिखत सदर हुने :**

एउटै सम्पत्ति वा घर जग्गा कसैले पहिला एउटा मानिसलाई वन्धकी वा राजीनामा गरी दिएपछि, फेरि अर्को मानिसलाई कुनै व्यहोराले हक छाडी दिएमा वा वन्धकी दिएमा त्यस्तो लिखतलाई दोहोरो लिखत भन्छन्। कसैले पनि यसरी दोहोरो लिखत गरी दिनुहुँदैन। दोहोरो लिखत भएकोमा पहिला जुन लिखत भएको छ त्यही नै जेठो हुन्छ र त्यो लिखत मात्र सदर हुन्छ। दुईवटा लिखतमध्ये एउटा रजिष्ट्रेशन भएको र अर्को नभएको रहेछ भने रजिष्ट्रेशन भएको लिखत सदर हुन्छ। जानी-जानी दोहोरो लिखत गरी लिनेको थैली भूस हुन्छ। नजानीकन लिएको रहेछ भने उसले पैसा फिर्ता पाउछ।

**निखन्ने :-**

कुनै व्यक्तिले विक्री गरेको अचल सम्पत्ति त्यस्तो विक्री गर्नेको सम्पत्तिसंग सन्धिसर्पन पर्ने हकवालाले विक्री मूल्य वरावर रकम राखी आफ्नो गराउने कामलाई निखन्ने भनिन्छ। यो विशेष गरी जग्गा मा साँध जोडिएको हकवालाले मात्र गर्न पाउछ। यसरी नै एउटै घर दुईजना जग्गाको स्वामित्वमा भएकोमा एउटा व्यक्तिले विक्री गर्‍यो भने अर्को व्यक्तिले निखन्न पाउँछ। धेरै जनाले निखन्न पाउने भएमा धेरै मर्का पर्ने व्यक्तिले निखन्न पाउँछ। यसरी नै मोहियानीहकको जग्गामा मोही लागेकोमा जग्गावालाले घर निखन्न पाउँछ। हकवालाले निखन्न पाउनेमा धेरै जना हकवाला भएकोमा सवैभन्दा नजीकको हकवालाले निखन्न पाउछ। टाढाका हकवालाले किनेकोमा नजीकका सन्धिसर्पन पर्ने हकवालाले निखन्न पाउछ, तर नजिकको हकवालाले किनेकोमा टाढाका हकवालाले निखन्न पाउँदैन।

**निखन्ने म्याद :-**

निखन्नको लागि लिखत रजिष्ट्रेशन भएको ६ महिना र थाहा पाएको ३५ दिनभित्र मालपोत कार्यालयमा निवेदन गर्नुपर्छ। यसको लागि घरका १६ वर्ष उमेर पुगेको कुनै पनि व्यक्तिले थाहा पाएमा हकवालाले थाहा पाएको मानिन्छ।

**निखन्न नपाउने** :–

लिखतमा साक्षी वस्ने र मञ्जुरी दिने हकवालाले निखन्न पाउदैन। यसरी नै घरवारीका लागि किनेकोमा दुई रोपनी वा तीन कट्ठासम्म जग्गा सन्धि सर्पन पर्ने हकवालाले वाहेक अरूले (मोहीले) निखन्न पाउँदैन।

**निखन्ने तरीका**:-

निखन्नका लागि निखन्न हकपुग्ने व्यक्तिले सो जग्गा विक्री गर्दा लेखिएको मोल वरावरको रकम र रजिष्ट्रेशन दस्तुरसमेत ल्याई साहुलाई वोलाई माल अड्डामा लिनुदिनु गरी मिलाउनु पर्दछ। निखन्न दिएन भने सो रकम अड्डामा धरौटी राखी निखन्न पाउँ भनी दर्खास्त दिनुपर्छ।

## ५. रजिष्ट्रेशन :

**रजिष्ट्रेशन भनेको के हो ?**

घर व्यवहारमा भएका अचल सम्पत्ति खरीद-विक्री गर्दा भएका घरसारमा लेखिएको कागजलाई कानूनी मान्यता प्राप्त गराउनका लागि सरकारी अड्डामा दर्ता गराउनुलाई रजिष्ट्रेशन गरेको भनिन्छ। यस्ता लिखतहरू रजिष्ट्रेशन गरेमा लिखत हराएका वखत वा नासिएमा उक्त अड्डामा गएर त्यसको नक्कल लिन सकिन्छ। लिखत गर्ने मानिसले उक्त लिखतमा पछि अंक अक्षर थपघट गर्ने समेतको वदमासी गर्न पाउँदैन। हाम्रो कानूनले नै के-कस्ता लिखतहरू रजिष्ट्रेशन गराउनु पर्छ भनी तोकिदिएको छ। कानूनले तोकिदिएको लिखतहरूवाहेक घर व्यवहारमा भएका सानातिना लिखतहरू पनि रजिष्ट्रेशन गराउनहुन्छ ।

**कुन-कुन लिखत रजिष्ट्रेशन गराउनु पर्दछ ?**

घरजग्गा इत्यादिको किनवेच वा अरू कुनै व्यहोराले हक छोडी दिँदा लेखिदिएको लिखत रजिष्ट्रेशन गर्नुपर्दछ। त्यस्तै धर्मपुत्रको लिखत, मानो छुट्टिएंको वा जोडिएको लिखत, जुनसुकै किसिमको वन्धकी तमसुकको लिखत, शेष पछिको वकसपत्रको लिखत, सट्टापट्टाको लिखत, अंशवण्डाको लिखत अनिवार्यरूपमा रजिष्ट्रेशन गराउनु पर्दछ। यस्ता लिखत रजिष्ट्रेशन गराएन भने सो लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। ती लिखतवमोजिमको काम कारवाही भएको मानिदैन।

**रजिष्ट्रेशन गर्ने म्याद**

रजिष्ट्रेशन गराउनु पर्ने घरसारको लिखतलाई सो लिखत भएको मितिले ६ महिनाभित्र लिने दिने दुवै थरी रजिष्ट्रेशन गर्ने अड्डामा गई रजिष्ट्रेशन

गराउनुपर्छ। लिखत रजिष्ट्रेशन गराउनु पर्ने म्याद गुज्रेमा थामिन सक्दैन। त्यस्तो लिखतबाट कुनै अचल सम्पति पक्री दावी गरेको नालेस लाग्न सक्दैन। सो लिखतमा थैली उल्लेख भएको रहेछ भने परेको थैली (रकम) र सो लिखतबमोजिमको सम्पत्ति भोग गर्न नपाएकोमा भोग गर्न नसक्ने जतिको कानूनबमोजिमको व्याजसमेत साहु कपाली सरह भराई लिनपाउछ। यसरी म्यादभित्र लिखत रजिष्ट्रेशन नगराए पनि आफ्नो रकम भने डुब्दैन।

**रजिष्ट्रेशन कहां गर्ने ?**

रजिष्ट्रेशन गर्ने ठाउँ मालपोत कार्यालय हो। घर जग्गा भएको इलाकाको मालपोत कार्यालयमा गई लिखत रजिष्ट्रेशन गराउनुपर्छ। कहिलेकाहीँ घर जग्गा भएको इलाकाभन्दा भिन्न मालपोत कार्यालयमा पनि लिखत रजिष्ट्रेशन गराउन सकिन्छ। यसरी वेइलाकाको मालपोत कार्यालयमा रजिष्ट्रेशन भएमा रजिष्ट्रेशन गर्ने अड्डाले एकप्रति घरजग्गा भएको इलाकाको रजिष्ट्रेशन गर्ने अड्डमा पठाई दिन्छ। यस्तो लिखत त्यो इलाकाको नक्कल किताबमा समेत सामेल गरिन्छ।

**लिखत गरी दिने मानिसको मृत्यु भएमा के गर्ने ?**

लिखत गरिदिने मानिसको उक्त लिखतको रजिष्ट्रेशन पास नगर्दै मृत्यु भएमा मृत्यु हुने मानिसको नजिकको हकदारले रजिष्ट्रेशन गरिदिनु पर्दछ। रजिष्ट्रेशन गर्ने म्याद ३५ दिनभन्दा वढी समय वाँकी हुदै लिखत गर्ने व्यक्तिको मृत्यु भएमा वाँकी म्यादभित्र रजिष्ट्रेशन गरिदिनु पर्छ। ३५ दिनभन्दा घटी वाँकी समय हुदै मृत्यु भएमा भने मरेको मितिले ३५ दिनभित्र रजिष्ट्रेशन गरी लिनुदिनु पर्छ।

**रजिष्ट्रेशन लिखतमा खोल्नु पर्ने कुराहरू:-**

रजिष्ट्रेशन हुने लिखतमा लिने दिने दुवै थरीले केही कानूनी कुराहरू स्पष्ट रूपमा खुलाउनु आवश्यक हुन्छ। रजिष्ट्रेशन हुने लिखतमा लिखत लिनेदिने दुवैको वावु र वाजेको नाउँ खुलाउनु पर्दछ। संगठित संस्थाको हकमा भने जुन संस्थाले लिने दिने हो सो को नाम र स्थान खुलाए हुन्छ। रजिष्ट्रेशन हुने लिखतमा लिखत गरी दिनेले आफू उपस्थित भई दिएकोमा अरू कसैको हक नलाग्ने मेरो हकको कसैलाई अन्त वन्धकी वा हक छोडी लेखी नदिएको यस्तो किसिमको मेरो सम्पति यो व्यहोरासंग लेखी दिएँ भन्ने व्यहोरा लेखाउनु पर्छ। त्यस्तै लेखी दिने व्यक्तिको मृत्यु भएमा निजको हकदारले रजिष्ट्रेशन गरी दिनेमा फलानाले फलानो मितिमा यस व्यहोरासंग फलानालाई लेखी दिई राखेको हुनाले सोबमोजिम रजिष्ट्रेशन गरी दियौ भन्ने व्यहोरा राख्नुपर्छ। रूपैया लिनेदिने लिखत भएका उक्त रूपैया घरसारमै वा अड्डैमा लिई लेखी दिएको

भन्ने व्यहोरा खुलाउनुपर्छ। लिखत गरिदिनेको हकमा दर्ता श्रेस्ता प्रमाण पत्र र कसैवाट हक छोडी हक पुगेको भए सोसमेत उल्लेख गर्नुपर्दछ। यस्तो रीत पुगेको लिखतमा हाकिम, तहरीर, फाँटवालाले र डोरमार्फत् आएकोमा डोरमा खटी गएको कर्मचारीले सहीछाप गर्नुपर्छ।

**कसले रजिष्ट्रेशन दस्तुर तिर्ने ?**

हाम्रो ऐनमा सम्वन्धित अड्डामा रजिप्ट्रेशन दस्तुर कस्ता व्यक्तिबाट लिने भन्ने सम्वन्धमा पनि व्यवस्था गरेको छ। जसअनुसार राजीनामा वन्धकीसमेत लेनदेनको लिखत भएकोमा रजिप्ट्रेशन दस्तुर साहुले तिर्नुपर्दछ। वण्डापत्र वा मानु छुट्टिएको वा मानु जोडिएको लिखतमा सवै अंशियारवाट दामासाहीले दिनुपर्दछ। सोवाहेक अरू लिखतको हकमा जसले जे जति रकम लिएको छ त्यसैले तिर्नु पर्दछ। घर जग्गाको खरिद विक्रीको लिखत रजिप्ट्रेशन गर्ने सन्दर्भमा खरीद -विक्री गर्ने दुवै-पक्षले वजेट भाषणमा उल्लेख भएवमोजिम रजिप्ट्रेशन दस्तुर तिर्नुपर्दछ।

**रकमको लेनदेन :-**

एकपटक रजिप्ट्रेशन भै सकेको लिखतको रूपैयाँमा रूपैयाँ थपी लिनुदिनु गरी पुन: रजिप्ट्रेशन गराउँदा अघि रजिप्ट्रेशन गर्ने अड्डामा वुझाई सकेको रूपैया कटाई वाँकी थप दस्तुरमात्र दाखिल गर्नुपर्दछ। घर जग्गाको लिखतको रजिप्ट्रेशन गराउदा उक्त लिखतमा सो घरजग्गाको मोल अंक जति लेखिएको छ, त्यतिवाट रजिप्ट्रेशन दस्तुर वुझाउनु पर्छ।

**साक्षी राख्नुपर्ने :-**

रजिप्ट्रेशन गर्दा लिखत गरी दिने र गरी लिनेलाई चिन्ने कम्तीमा दुईजना मानिस साक्षी राख्नुपर्दछ। साक्षी वस्ने मानिस जहाँसुकै वस्ने भए पनि हुन्छ। लिखतको शीरमा लिने दिने मानिस र निजहरूको वतन ठीक छ भनी लेख्नु पनि पर्दछ ।

**अड्डाबाट डोर खटाई घरैमा रजिष्ट्रेशन गर्न सकिने :-**

सामान्यतया रजिप्ट्रेशन गर्नु पर्ने घरसारका लिखत ६ महिनाभित्र लिखत गरिदिने र लिने, रजिप्ट्रेशन गर्ने अड्डामा गई रजिष्ट्रेशन गराउनु पर्छ, तर लिखत गरिदिने वा गरिलिने व्यक्तिमध्ये कुनै व्यक्ति रजिप्ट्रेशन गर्ने अड्डामा उपस्थित हुन नसक्ने भएमा (अशक्त, वृद्धावस्था, अपागं अवस्थामा) अड्डामा आउन नसक्ने अवस्था देखाएर डोर खटाई पाउँ भनी दरखास्त दिएमा घरमै वसी पनि रजिष्ट्रेसन गराउन सकिन्छ। त्यस्तै आफ्नो हक पुग्ने कुनै अचल

सम्पति वेचविखन गर्दा वा किन्दा आफू अड्डामा उपस्थित हुन नसक्ने भनी मनासीव कारण देखाएमा हाम्रो कानूनले वारेस पनि राख्न पाउने व्यवस्था गरेको छ। त्यस्तो वारसलाई अधिकृत वारेस भनिन्छ। अधिकृत वारेस नियुक्ति गर्दा आफूले वेचविखन गर्नु पर्ने वा किन्न पर्ने अचल सम्पतिको किटान गरी दिनुपर्छ। वारेस वस्नेले पनि आफूले पाएको अख्तियारनामाको सीमाभित्र रही वारेस दिने व्यक्तिको हकमा रजिप्ट्रेशन गरी दिनुपर्छ। अख्तियारनामाको सीमा नाघी गरेको काम सदर हुँदैन।

**मुद्दा गर्ने हदम्याद :-**

घरसारमा लेखेको लिखत जहिलेसुकै लेखेको भएता पनि उक्त लिखत रजिप्ट्रेसन भएको मितिले मुद्दा गर्ने हदम्याद शुरू हुन्छ। रजिप्ट्रेसन गरिने म्याद ६ महिनाको हुन्छ। उक्त ६ महिनाभित्र लिखत गरिदिने व्यक्तिवाट रजिप्ट्रेशन गराई लिन सकिएन भने त्यस्तो लिखतवाट कुनै अचल सम्पति पक्की दाबी गरी नालेस गर्न सकिदैन। थैली परेकोमा सो थैली र लिखतवमोजिमको सम्पति भोग गर्न नपाएकोमा भोग गर्न नपाए जतिको कानूनवमोजिम १० प्रतिशत व्याज साहुले कपाली सरह भराई लिनपाउँछ। २०३४ साल पौष २७ गते भन्दा पहिलेको लिखत गरिदिनेले ऐनको म्यादभित्र रजिप्ट्रेशन गरी दिएन भने रजिस्ट्रेशन गरी पाउँ भनी जिल्ला अदालतमा नालेस दिन सकिन्थ्यो भने हाल यो व्यवस्था हटाइएको छ।

## ६. अपुताली :

**१. अपुताली भनेको के हो ?**

सामान्य वोलीचालीमा छोरा छोरी नभएको मानिसको अपुताली परेको भन्ने गरिछ। कतिपयले त छोरी भएर छोरा भएन भने पनि अपुताली पऱ्यो भन्दछन्। कानूनको दृष्टिमा छोरा छोरी हुँदैमा अपुताली नपर्ने होइन, कुनै व्यक्ति मरेपछि उसको सम्पति खाने व्यक्ति खडा गर्नुपर्ने अवस्थाको सृजना हुनु नै अपुताली पर्नु हो। वावु आमा छोराहरू अंश लिई भिन्न रहेछन् र वावु मऱ्यो भने त्यो अंश खाने व्यक्ति स्वास्नी वा छोरा भए पनि त्यो अपुताली खाएको मानिन्छ।

**२. अपुताली कसले खान पाउाछ ?**

अपुताली पर्दा लोग्ने स्वास्नी छोरा र छोराको छोरा (नाति) भएसम्म छोरीले अपुताली पाउँदैनन्। त्यस्तो कोही नभएमात्र छोरीले अपुताली पाउँछिन्। छोरी नभए मर्नेसंग कुनै हकवाला वसेको भए उसले अपुताली खान पाउँछ। मर्नेको हकवालासंग नभए अरू हकवालाले अपुताली खान पाउँछ।

**३. हकवाला को हो ?**

हकवाला भनेको पुरूपतर्फको हाँगामा सात पुस्तासम्मको नातामा सबैभन्दा नजीकको अंशियार जो हुन्छ, त्यही नै हकवाला हो। सात पुस्ता नाघेपछि दाजुभाइ भन्ने गरिन्छ। हकवाला को हो भनी बिचार गर्दा त्यस्तो हकवालाको नजीकको र टाढाको भनी हेर्नुपर्ने हुनसक्छ। यस्तो हिसाब गर्दा जो मरी अपुताली परेको हो उसैको आफ्नै पुरूपतर्फको हाँगाका सन्तान भएसम्म अरू हकवाला नजिकको ठहर्दैन।

**४. अंश वण्डा नभएकोमा के हुन्छ ?**

अंशवण्डा नहुदै कुनै अंशियार मऱ्यो भने वास्तवमा त्यस्तो व्यक्तिको अपुताली परेको मानिदैन। त्यस्तो व्यक्ति मऱ्यो भने, उसको भाग जीवित अंशियारले नै बाँडेर खान पाउँछन् तर त्यसरी सम्पत्ति लिनुखानु भनेको अपुताली खानु होइन। त्यो सम्पत्ति पैतृक सम्पत्ति सरह मानिन्छ। यसरी पाएको सम्पत्ति स्वआर्जन मानिदैन, तर अपुताली खाएको, पाएको, भए त्यस्तो सम्पत्ति अंशियारवीच वण्डा गर्नुपर्दैन।

**५. आमा-बाबुले पनि अपुताली खान्छन् ?**

आमा-वावुहरू एउटै पुस्ताका मानिस हुन्। व्यवहारमा अपुताली तल्लो पुस्तामा मात्र सर्छ भनिन्छ, तर कानूनअनुसार अपुताली समान पुस्तामा र माथिल्लो पुस्तामा पनि सर्छ। संगै वसेकोमा वाबु मरे आमाले र आमा मरे वावुले अपुताली पाउँछन्। भिन्न वसेको रहेछन् भने, बावु मरे आमाले अपुताली पाउँछन्, तर आमा मरेकोमा आफूपट्टिको छोराले अपुताली पाउँछ। आफूपट्टिको छोरा नभएमात्र लोग्नेमा अपुताली जान्छ। लोग्ने पनि नभए वाबु सौतेनी छोराले पाउँछ। आमाको स्वआर्जनचाहिँ छोराले पाउँछ, लोग्नेले पाउँदैन।

**६. छोरा र छोराको छोराले अपुताली पाउने :-**

वावु-आमामरेकामा छोराले अपुताली पाउँछ। धेरै छोरा रहेछन् भने सवैले अपुताली वरावर वाँडी लिन पाउँछन्। यदि छोरा छैन भने छोराका छोरा (नाति) हरूले अपुताली वरावरी वाडी लिन पाउछन्।

**७ .छोरीले अपुताली पाउाने :-**

क. वावुआमाको मृत्युपछि छोरा र छोरीको छोरा नभए छारीले अपुताली पाउँछे। कोही विवाहिता र कोही विवाह नगरेका रहेछन् भने, विवाह नभएकीले २ भाग र विवाह भएकीले एक भाग पाउँछन्।

ख. लोग्ने स्वास्नी छोरा र नाती भिन्न भैसकेपछि वावु-आमालाई छोरा वा नातिले नपाली छोरी वा छोरी ज्वाइले पालेकोमा त्यस्तो पालिने व्यक्ति मरेमा त्यसको सम्पति छोरी वा छोरी ज्वाइले पाउँछ अरूले अपुताली खान पाउँदैन ।

ग. संगै हुँदा पहिला छोरा मर्‍यो र पछि वावु मर्‍यो भने दुवैको छोरी भए सवले बरावरी वाडी खान पाउँछन्। सगोलका अंशियारहरूमा सवै मरी सवै सम्पत्ति अपुताली परेको भए सवै अंशियारका छोरीले वरावरी सम्पत्ति वाँडीखान पाउँछन्। अरू अवस्थामा जसको पछि अपुताली परेको हो उसैका छोरीले मात्र अपुताली पाउँछन् ।

घ. सगोलका अंशियार सवै मरेको खण्डमा छोरीहरूले अपुताली पाउँने भए वाँचेको अंशियारले आफ्नी छोरीलाई मात्र लेखि दिन हुँदैन । यसरी आफ्नी छोरीले मात्र सम्पति पाउने गरी लेखी दियो भने त्यो वदर हुन्छ । त्यस्तोमा सवै छोरीले वरावरी खान पाउँछन् ।

**८. अंश मिसाएकोमा :**

एकै पत्नी वा एकभन्दा वढी पत्नीपट्टिका सन्तान हुने वावु -आमा सवै छोरा-वुहारीले संगै अंशवण्डा छुट्टी भिन्न वस्न सक्छन्। यसरी छुट्टी भिन्न भै वसेपछि कसैसंग अंश मिसाई वसेको रहेछ भने जुन छोरा वुहारीसंग वसेको छ, त्यसैले मात्र अपुताली पाउछ। लिखत भएको छ भने चाँहि लिखतमा लेखिएअनुसार हुन्छ ।

**९. दिदी-बहिनीले अपुताली पाउने :**

लोग्ने, स्वास्नी, छोरा वा छोराको छोराले हेरचाह नगरेको मानिस अरू दिदी-वहिनीसंग पनि बस्न सक्छन्। यस्तोमा एकै वावुवाट जन्मेका दिदी-वहिनीले स्याहार-संभार गरी पालेको रहेछ भने मर्नेको अपुताली पाल्ने दिदी-वहिनीले मात्र पाउछ, अरूले दावी गर्न पाउदैन ।

**१०. छोरीको छोराले अपुताली खाने :**

कसैको हकवाला पनि रहेनछ र छोरी पनि रहिनछ भने, त्यस्तो मानिसको अपुताली छोरीको छोराले पाउँछ ।

**११. संगै बसेकोमा अपुताली खाने :**

१. कुनै व्यक्ति कुनै छोरा-वुहारीसंग वसेकोमा त्यस्तो छोरा-वुहारीले स्याहार-संभार नगरेमा अर्को छोरा वुहारीसंग वस्न जान सक्छन्। अंश जीउनी लिई गएकोमा जोसंग वस्दा वावु-आमा मर्छन, उसैले अपुताली पाउँछ,

तर केही दिनको लागिमात्र वस्न गएकोमा भने जोसंग वास्तवमा बसेको हो, उसैले अपुताली पाउछ

२. कुनै भाइ अंश लिई छुट्टी भिन्न भै वसेको र कुनै भाइ सगोलमा वसेकोमा सगोलमा वसेको भाइ मऱ्यो भने त्यसको अपुताली संगै वस्ने भाइले पाउछ। सौतनी भाइ भए पनि त्यसैले पाइन्छ , तर संगै वसेको र आ-आफ्नो हिस्सावाट खानपिन गरेको वा भिन्न वसेको जो भए पनि सहोदर भाइले अपुताली खान पाउँछ, सौतनी भाइले पाउदैन ।

१२. आधा-आधी अपुताली पाउने :

कसैलाई छोरा-छोरीले स्याहार गरेन भने, ऊ अरू दाजुभाइ वा अरू हकवालाकोमा गएर वस्नसक्छ। त्यसरी वसेकोमा त्यस्तो व्यक्ति मऱ्यो भने, निजको सम्पत्तिमा नजिकको हकवालाले आधा र पालन-पोषण गर्ने दाजुभाइ वा हकवालाले आधा वाँडी खान पाउछन् ।

**१३.अपुताली खान कर नलाग्ने :**

अपुतालीखान पाउनेले अपुताली खान्न भन्यो भने कर लाग्दैन । उसले अपुताली खान्न भन्दैमा सद्गद् गर्दिन भन्न पाउँदैन। यसरी हकवालाले अपुताली नखाएकोमा सदगत गरी वाँकी रहेको सम्पत्ति साहुको ऋण तिर्न वाँकी भए ऋण रकमको हदसम्म साहुले दामासाहीले पाउँछ र वाँकी सम्पत्ति श्री ५ को सरकारको हुन्छ ।

१४. **अपुताली खान नपाउने :**

कुनै व्यक्तिलाई कसैले मारेका छ भने, त्यसरी मानिस मार्ने वा निजको सन्तानले मर्ने वा निजको सन्तानको अपुताली खान पाउदैन। कुनै आइमाईको अपुताली खान पाउँछ भनेर त्यस्तो आइमाई फलानासंग सल्केकी छ भनी झुट्टा कुरा गरी जालसाज गर्नुहुँदैन। त्यस्तो झुट्टा कुरा पोले-पोलाए वा जालसाजी गरे-गराएमा सो पोल्ने-पोलाउने वा जालसाजी गर्नेले त्यो आईमाईको अपुताली खान पाउँदैन ।

१५. **माइतीले अपुताली पाउने :**

छोरा-छोरी नभएकी आइमाई सम्वन्ध-विच्छेद गरी वा वेश्या भई माइतीमा वसेकी र माइतीले खानपीन गर्न मद्दत गरेकोमा निज मरेपछि उसको सम्पति माइतीले खान पाउछन्। माइतीले नपालेमा वा माइतीमा नभएकोमा त्यसको सम्पति श्री ५ को सरकारको हुन्छ ।

**१६.बेश्याले अपुताली पाउने :-**

कुनै लोग्ने मानिस वेश्याकोमा गई वस्दा मरेमा त्यहा पुगेको सम्पत्ति वेश्याको हुन्छ। वेश्या स्वास्नी राखेकोमा जुन लोग्नेकोमा गई वस्दा त्यो मरेकी छ, त्यही लोग्ने वा उसपट्टिका छोराले अपुताली खान पाउँछ।

**१७. हदम्याद :**

सामान्यतया अपुताली सम्वन्धमा नालेस गर्दा अपुताली परेको मितिले ३ वर्षभित्र नालेस दिनुपर्छ। त्योभन्दापछाडि नालेस लाग्दैन।

**१८. हकदैया :**

अपुतालीसम्वन्धी मुद्दामा अपुताली खान पाउनेले मुद्दा दायर गर्नसक्छ।

# परिच्छेद -४

## १. लुटपीट

**परिभाषा :**

कसैको जिम्मामा रहेको नगदी वा जिन्सी धनमाल खोस्नु हुँदैन, त्यसरी खोसेमा लुटपीट गरेको भनिन्छ। त्यस्तो नगदी वा जिन्सी धनमाल जबर्जस्ती नलिए पनि बिगारी नोक्सान पुऱ्याएको मात्र रहेछ भने पनि लुटपीट नै गरेको मानिन्छ। यसरी लुटपीट गर्नु अपराध हो र त्यस्तो गर्नेलाई कानून बमोजिम सजायँ हुन्छ।

**हकदैया :**

लूटपीटमा नालेस वा मुद्दा गर्ने हकदैया लुटिने मान्छेमा मात्र सीमित हुन्छ, अर्थात् जसको मालसमान लुटिएको हो, उसलेमात्र नालेस गर्नसक्छ। नालेस गर्ने अधिकारलाई हकदैया भनिन्छ।

**नालेस गर्ने ठाउ :**

लुटपीटमा नालेस गर्न जाने ठाउ जिल्ला अदालत हो। जुन जिल्लामा लुटपीट भएको छ, सोही जिल्लाको जिल्ला अदालतमा नालेस दिनुपर्दछ। धेरैजना मिली लुटपीट गरेका रहेछन् र उनीहरू फरक-फरक जिल्लामा बस्दा रहेछन् भने तीमध्ये धेरैजना जुन जिल्लामा बस्दछन्, सोही जिल्लाको जिल्ला अदालतमा नालेस वा मुद्दा दिनुपर्दछ।

**हदम्याद :**

जहिले पायो त्यहली नालेस दिदैमा अदालतले इन्साफ दिन सक्दैन। कानूनले नालेस गर्ने समय तोकी दिएको छ। उक्त समयलाई नै हदम्याद भनिन्छ। लुटपीट भएको दिनदेखि तीन महिनाभित्र नालेस दिई सक्नुपर्दछ।

**लुटपीट र कूटपीट :**

लुटपीट हुदा हात हालाहाल भई घाउ चोटपटकसमेत पारी दिएको रहेछ भने, लुटपीटको साथसाथै कुटपीटमा पनि नालिस दिनुपर्दछ। यसरी

नालेस दिंदा लुटपीट र कुटपीट गरी दुवैतर्फको सजायँ माग गरी एउटै नालेस दिएहुन्छ ।

**लुटिएको सामान के हुन्छ ?**

नालेस परेपछि अदालतले लुटपीट गरेको भनी फैसला गऱ्यो भने, त्यो सामन लुट्नेवाट लुटिनेलाई अदालतले दिलाई दिन्छ। लुटिएको सामान नै नपाए त्यसको मोल बरावरको क्षतिपूर्ति रकम अदालतले भराई दिन्छ ।

**आफ्नै सामान पनि लुट्न हुँदैन** :

लेनदेन कारोवारमा लिखतवमोजिम लिनपाउने भई लिएकोमा वाहेक आफ्नै धनमाल पनि अर्काको जिम्मामा रहेको रहेछ भने पनि जवर्जस्ती गरी उसको मंजुरीवेगर लिनपाइँदैन । यस्तोमा कि त जिम्मावालको मंजुरी लिई सामान लिनपाइन्छ, कि त अदालतमा नालेस गरी आफ्नो हकको हो भन्ने फैसला भएपछि मात्र लिनुपर्दछ । त्यसो नगरी विना मंजुरी खोसी वा लुटी लगे आफूले जति लिनुपर्ने हो, त्यतिसम्मको वा सोभन्दा कम्ती भए सयकडा पन्ध्र प्रतिशत र वढी लगेको भए सयकडा पच्चीस प्रतिशत जरिवाना गरी सम्पति जसको जिम्मामा छ, उसैलाई फिर्ता दिलाईन्छ ।

**वाली लुटपीट** :

धेरैजसो लुटपीटको मुद्दाको उठान जग्गामा तेरो-मेरो परी वाली काटेर लगेवाट हुन्छ। अरूले खेतमा लगाएको वाली जवर्जस्ती काटी लानुहुन्न र वाली नकाटी नोक्सानसमेत गर्नुहुन्न । आफ्नै हक लाग्ने जग्गाको वाली भए पनि काटी लान अथवा नोक्सान गर्न हुन्न । यसरी अर्काको वाली काट्ने वा नोक्सान गर्ने र आफ्नै हक लाग्ने जग्गाको अर्काले लगाएको वाली काटी लगेमा पनि हाम्रो कानूनले लुटपीट गरेको मान्दछ ।

आफ्नो जग्गाको वाली अरूले लगाएको भए पनि पाकेको वाली नकाट्दै लुटपीट गर्नु-गराउनु हुँदैन । त्यसो गरे-गराएमा लुटीएको वालीको वजार-भाउ जति पर्छ, त्यसको सयकडा दश प्रतिशतको हिसाववाट जरिवाना हुन्छ, तर अर्काको पाकेको वाली लुटपीट गरेको वा नोक्सान पुऱ्याएको रहेछ भने वीस प्रतिशतको हिसावले जरिवाना हुन्छ । त्यसै आफ्नो हक पुग्ने, तर अर्काले लगाएको काचो वाली लुटपीट गरे-गराएको रहेछ भने, विगोको सयकडा साढे वाह्र र आफ्नो हक नपुग्ने लुटपीट गरे-गराएको रहेछ भने विगोको सयकडा पच्चीस जरिवाना हुन्छ ।

आफ्नो हक नपुग्ने लूटपीट गरे-गराएकोमा त्यसको नोक्सान वाली लुट्नेवाट अदालतले भराई दिन्छ, तर आफ्नो जग्गाको वाली लुटपीट गर्दा वाली नोक्सान भएको रहेछ भने, त्यो वाली भने उसले पाउदैन ।

लुटपीट गर्न सघाउनेलाई पनि कानूनले सजायँ गर्छ, या त व्यक्तिलाई लुटपीट गर्न सरीक भई जाने मुख्य मानिसलाई भन्दा चौथाई भाग सजायँ हुन्छ ।

**रोक्का रहेको सम्पत्ति :**

कुनै सम्पत्तिमा झगडा परी मुद्दा चल्दा त्यस्तो सम्पत्ति अदालतले रोक्का गरेको हुन्छ । रोक्का रहेको वाली वा चल-अचल सम्पति बेच-बिखन गर्न पाइदैन । रोक्का रहेको सम्पत्ति कसैले लुट्यो भने, त्यस्तो व्यक्तिलाई सजायँ हुन्छ । लुटपीट गर्नेलाई तुरून्त पक्री थुनी लुटेको वाली वा चल-अचल सम्पत्ति त्यस व्यक्तिबाट खोसी अड्डाको जिम्मामा राखिन्छ । हक पुग्नेले लुटपीट गरेको ठहरे लुटपीट भएको सम्पत्तिको जम्मा पर्ने मोलको सयकडा वाह्र रूपैया र हक नपुग्नेले लुटपीट गरेको ठहरे विगोको सयकडा पच्चीस रूपैयाँको दरले जरिवाना हुन्छ ।

## २. कुटपीट:

### परिभाषा

कुनै पनि मानिसले एक अर्कामा हात हालाहाल गर्नुहुँदैन, यदि हात हतियार प्रयोग गरी वा नगरी एक अर्कामा हानहान गरी चोट पुर्‍याउने कार्य गरे भने त्यसलाई कुटपीट भनिन्छ । कुटपीट हुँदा साधारण निलडाममात्र पनि हुनसक्दछ । अंगभंग पनि हुनसक्छ । हातखुट्टा भाँच्ने, काट्ने, आँखा फुटाउने, दाँत झारी दिने, शरीरको कुनै अंग वेकम्मा भएको छ भने, त्यसलाई अंगभंग भनिन्छ । आगोले पोली दिने काम पनि कुटपीट नै हो । कुटपीट गर्ने काम अपराध हो ,जसलाई कानूनले सजायँ गर्छ ।

**हकदैया:-**

कुटपीट गर्ने मानिसलाई समयमै मुद्दा वा नालेस दिनुपर्छ । नालेस दिने अधिकार सबैलाई हुँदैन । जसले कुटाई खान्छ, उसलाई मात्र नालेस दिने अधिकार हुन्छ । नालेस गर्ने अधिकारलाई हकदैया भनिन्छ ।

**घा-जााच:**

कुटपीट भएपछि लागेको चोटपटक जाच्ने कामलाई घा-जाँच भनिन्छ । घा.जाँच नालिस गर्नुभन्दाअगाडि नै जतिसक्दो चाँडो गराउनु पर्दछ । जसले पायो, उसले घा-जाँच गरेको कुरालाई अदालतले प्रमाणमा लिँदैन । घा-जाँच गराई माग्नजाँदा घा-जाँच गराई पाउँ भनी दरखास्त दिनुपर्छ । घा-जाँच तीन ठाउँमध्ये कुनै एक ठाउँबाट गर्न सकिन्छ ।

(१) प्रहरी कार्यालयमार्फत
(२) गाउँ विकास समितिमार्फत
(३) मुद्दा हेर्ने अदालतमार्फत ।

यी ठाउँमा गएपछि तुरून्तै अस्पताल वा डिस्पेन्सरीमा पठाई घा-जाँच गरी हाल्नुपर्छ ।

**नालेस गर्ने ठाउः**

घा-जाँच गराई सकेपछि नालेस गर्न जाने ठाउँ जिल्ला अदालत हो । जुन जिल्लामा कुटपीट भएको छ, त्यही जिल्लाको जिल्ला अदालतमा गई नालेस गर्नुपर्छ, तर कुटपीट गर्ने मानिसहरू धेरै छन् र फरक-फरक जिल्लामा वस्दछन् भने, जुन जिल्लामा कुटपीट गर्ने मानिस धेरै बस्दछन्, त्यहीको जिल्लामा नालेस दिनुपर्छ ।

**अंगभंग:**

अंगभंग भनेको शरीरको कुनै अंग बेकम्मा गरी दिनु हो । आँखा, नाक, कान, जिब्रो, हातखुट्टा, महिलाको दूध, मेरूदण्ड तथा पुरूषको नलफललाई कुटपीट मुद्दाको लागि अंग मानिएको छ । आँखाले देख्न नसक्ने, कानले सुन्न नसक्ने, जिब्रोले बोल्न नसक्ने, नाकले सुघ्न नसक्ने, हातखुट्टा भाँची दिएर हिँड्न नसक्ने गरी कुटपीट गर्नुलाई अंगभंग गरेको मानिन्छ ।

**कुरूप पार्नु:**

कुटपीट हुँदा घाँटीदेखिमाथि टाउको वा अनुहारमा कुटपीट गरेको चोट वा दाग वस्यो भने कुरूप पारेको मानिन्छ । त्यसरी काट्नु, छिनाल्नु र घाउ, डाम वस्नाले कुरूप हुन्छ । घाँटीभन्दामुनीको भागमा र नदेखिंने ठाउँमा त्यस्तो विगार भएकोलाई कुरूप मानिंदैन ।

**कुटपीटमा प्रयोग हुने कुराः**

साधारणत : कुटपीट हुँदा हात, खुट्टा र मुड्कीले हानिन्छ , तर कुटपीटमा लट्ठी, ढुंगा, चक्कु, भाला, खुकुरी, तरवार, वन्दुक जस्ता हतियारको प्रयोग हुन सक्छ । कुटपीट हुदा दाँतले टोकी अथवा नङले कोपरी रगतपच्छे पनि हुन्छ । तेजाबजस्ता रासायनिक चिजहरू अनुहार तथा शरीरमा हाली चोट पुऱ्याउने पनि गरेको हुन्छ । आगोले पोल्ने, विजुलीको करेन्ट लगाइदिने, तातो रडहरूले डाँम्ने, एसिड खन्याउने कामहरू पनि कुटपीटभित्रै पर्दछ ।

**घा-खर्च:**

अंगभंगमा जरिवाना गरिएको रूपैयाँहरू घाइते हुनेलाई घा-खर्च वापत दिइन्छ ।

**भवितव्य र क्षतिपूर्तिः**

कुटपीट नगरी केही काम गर्दा अरूलाई चोट लाग्यो भने भवितव्य भएको मानिन्छ । एक चित्त भई काम गरिरहेको वा ठाउँमा काम गर्नेले बचाउ गर्न नपाउने किसिमसंग कोही व्यक्ति अपर्झट पर्न आएमा पनि भवितब्य हुन्छ । यस्तो स्थितिमा अलि कम सजायँ हुन्छ ।

साबधानीपूर्बक काम गर्दागर्दै पनि भवितव्य परी कसैको अंगभंग भयो भने एक अंगको एक हजार रूपैयाँको दरले अंगभंग हुनेलाई घा-खर्च भराई चोट पुऱ्याउनेलाई एकसय रूपैयाँ जरिवाना हुन्छ । त्यसवाहेक अरू चोटपटक परेकोमा घा-खर्चवापत पचास रूपैयाँ जरिवाना हुन्छ ।

होस नराखी वा हेलचक्राई गरी कुनै पर्वाह नराखी गरेको कामबाट भवितव्य परेकोमा अंगभंग भयो भने अंगभंग भएको प्रत्येक अंगको दुई हजार रूपैयाँको दरले घा-खर्च भराइन्छ र पाँच सय रूपैयाँ जरिवाना हुन्छ। त्यसवाहेक अरू चोट परेकोमा घा-चोट नील डामको बिचार गरी पाँच सय रूपैयाँसम्म घा-खर्च भराई दुइ सय पचास रूपैयाँसम्म जरिवाना हुन्छ ।

**सजायः**

अदालतमा कुटपीटमा नालिस परेपछि अदालतले कुटपीट ठहऱ्याई फैसला भयो भने कुट्ने मानिसलाई सजायँ हुन्छ । कुटपीट तर्फ अंगभंग गरेमा बढी सजायँ हुन्छ । अन्धो वनाउँने वा नपुंसक हुने गरी कुटपीट गरेमा सबभन्दा बढी सजायँ तथा जरिवाना हुन्छ । यस्तो अवस्थामा कुट्ने मानिसलाई दश हजार रूपैयाँ जरिवाना र आठ वर्ष कैद हुन्छ । अरू किसिमको अंगभंग गरेकोमा पाँच हजार रूपैयाँ जरिवाना र आठ वर्ष कैदको सजायँ हुन्छ ।

एउटै किसिमको काम दिने एउटा भन्दा बढी अंग हुनेमा (जस्तैः आँखा, कान, हात, खुट्टा) सोमध्ये एउटा अंग मात्र बेकम्मा पारी दिएमा भने माथि लेखिएको सजायँमा आधा सजायँ हुन्छ ।

माथि उल्लेख भएको वाहेकको अंगमा कुटपीट हुँदा चोट लागी शरीरको कुनै अंग फोर्ने, छिनाल्ने, फुकाल्ने काम गरेको रहेछ भने, त्यो चोट निको भएर पनि चोट लागेको अंग काम नलाग्ने भएमा अथवा निको नै नहुने भएमा कुट्ने मानिसलाई पाँच हजार रूपैयाँ जरिवाना र एक वर्ष कैद हुन्छ , तर त्यस्तो चोट निको भई चोट लागेको अंगले काम गऱ्यो भने कुट्ने मानिसलाई दुई हजार रूपैयाँ जरिवाना र ६ महिना कैद हुन्छ ।

कुटपीट हुदा कुटिने मानिस कुरूप भएमा त्यस्तो अवस्थामा कुट्ने मानिसलाई अवस्था हेरी पाँच हजार रूपैयाँसम्म जरिवाना र १ वर्षदेखि ३

वर्षसम्म कैद हुन्छ , तर चोट निको भई जस्ताको तस्तै भएपछि कुरूप देखिने गरी खत, टाटो डाम रहने भएमा अवस्था हेरी ३ हजार रूपैयाँसम्म जरिवाना एक वर्षसम्म कैद हुन्छ ।

आगो, तेजावको प्रयोग गरी अर्काको जीउमा पीडा दिएको, अंग भंग भने नभएकोमा पीडा पुऱ्याएको ठाउँको विचार गरी सजायँ हुन्छ। त्यस्तो कसुरमा कम्तीमा पाँच सय रूपैयाँ जरिवाना र दुई महिना कैद र बढीमा आठ हजार रूपैयाँ जरिवाना र दुई वर्ष आठ महिना कैदसम्म सजायँ हुन्छ। आगो, तेजाववाहेक अरू पोल्ने कुरा प्रयोग गरी पीडा दिएको रहेछ भने, आधामात्र सजायँ हुन्छ ।

अरू सामान्य कुटपीट भएकोमा हतियारको प्रयोग र घाउँ नीलडाम घाउसमेतको नाप गरी सजायँ एकीन गरिन्छ। हुल भई कुटपीट गरेकोमा भने थप सजायँ हुन्छ ।

**हदम्याद**ः

नालेस गर्नुपर्ने समयलाई हदम्याद भनिन्छ। हदम्याद कानूनले तोकेको हुन्छ। कुटपीटमा नालेस गर्ने हदम्याद दुई किसिमको हुन्छ। अलिअलि चोटपटक लागेको छ भने कुटिएको दिनदेखि ३५ दिनभित्र नालेस गर्नुपर्छ। अंगभंग हुने गरी ठूलो चोट लागेको भए कुटिएको दिनदेखि ३ महिनाभित्र नालेस गर्नुपर्छ ।

# ३. सार्वजनिक अपराध

## १. सार्बजनिक अपराध भनेको के हो ?

हुनत सवै अपराधले समाजलाई असर पार्ने नै हुन्छन्। हाम्रो देशको कानूनले केही अपराध कामलाई मात्र सार्वजनिक अपराध भनेको छ। हाम्रो देशमा पंचायती व्यवस्थादेखि नै अहिलेसम्म पनि पुलिसले विभिन्न मानिसलाई सार्वजनिक अपराध गरेकोमा मुद्दा चलाएको छ। आफ्नो विचार नमिल्नेहरूलाई दमन गर्नसमेत यस्तो अपराध गरेको दोष लगउने गरेको देखिएको छ , तसर्थ सार्वजनिक अपराध भनेको के हो त ? यो वुभ्नुपर्छ। सार्वजनिक (अपराध र सजायँ) ऐन,२०२७ अनुसार निम्नकुराहरू गर्नु सार्बजनिक अपराध हो ।

क. राप्ट्रसेवकलाई कुटपीट वा हुल हुज्जत गरेर वा अरू कुनै तरीकाले उसको कर्तव्यपालन गर्न वाधा पुऱ्याएमा, त्यस्तो कार्य सार्वजनिक अपराध हो। यहाँ राप्ट्रसेवक भनेको को हो भन्ने कुरा वुभ्नुपर्छ। सामान्य अर्थमा राप्ट्रसेवक भन्नाले सरकारवाट तलव खाने कर्मचारीहरू हुन । त्यसरी नै चुनाववाट जितेका सांसद, गाउँ विकास

समितिका अध्यक्ष, उपाध्यक्ष, नगरका प्रमुख उपप्रमुख, वडा सदस्यहरूदेखि जिल्ला विकास समितिका सभापति, उपसभापति र सदस्यहरु समेत पनि राष्ट्रसेवक हुन। पुलिस, आर्मीदेखि कुनै सार्वजनिक संस्थाका कर्मचारीहरूसमेत पनि राष्ट्रसेवक हुन। तलव नखाए पनि कुनै सार्वजनिक पदमा रहेका जो सुकै व्यक्तिहरू र कुनै संस्थाको अधिकार र सुविधा पाउने व्यक्तिहरू पनि राष्ट्रसेवक नै हुन। तिनीहरूलाई उनीहरूको काम गर्नबाट रोकेमा त्यस्तो रोक्ने व्यक्तिले सार्वजनिक अपराध गरेको मानिन्छ।

ख कुनै सार्वजनिक स्थानमा कुटपीट गरेर वा हुल -हुज्जत गरेर शान्ति भंग गरेमा वा जथाभावी व्यवहार गरेमा वा कुनै महिलालाई हातपात गरी वेइज्जत गरेमा त्यस्तो कार्य सार्वजनिक अपराध हो। यसरी नै सार्वजनिक ठाउमा वसेर वा सबैले देख्ने-सुन्ने गरी अश्लील वोली वोल्नु इशारा गरी, शान्ति भंग वा अश्लील प्रदर्शन गर्नुसमेत अपराध हो।

ग. मानिसको स्वास्थ्य शारीरिकसम्वन्धी विषयको लागि वाहेक अन्य अश्लील वा अर्थ लाग्ने शव्द वा चित्र छाप्ने, त्यसलाई वेच्ने, सवैल देख्ने ठाउमा प्रदर्शनी गर्नुहुँदैन। हुलाक, सञ्चार, टेलिफोन, फ्याक्स, रेडियो, टेलिभीजन, यातायात सेवा र विजुलीजस्ता सामाजिक सेवा संचालन गर्नवाट रोक्न वा रोक्न लगाउनु हुँदैन। त्यसरी नै सरकारी र अरू कसैको घर अफिस वा जग्गामा त्यस्तो घर, जग्गाधनी वा कार्यालयको मानिसको अनुमति नलिई भित्र पस्नु वा त्यहाँ वस्नु पनि हुँदैन। कसैले पनि कसैको निजी वा सार्वजनिक सम्पतिमा तोडफोड गर्ने वा क्षति पुऱ्याउने कार्य गर्नुहुँदैन। त्यस्तो गर्नु पनि सार्वजनिक अपराध हो।

घ कोही मानिसलाई हैरान गराउने र सताउने उद्देश्य लिएर त्यस्तो व्यक्ति वसेको वा वाटोमा हिडेको वा गाडीमा गइरहेको अवस्थामा त्यस्ता व्यक्तिलाई वाधा विरोध गर्ने घेर्ने हुल-हुज्जत गर्ने, हातपात र कुटपीट गर्ने, जिस्काउने त्यस्तो व्यक्तिको कुनै सम्पत्ति खोस्ने लिने वा विगार्ने जस्ता कार्य गर्नुहुँदैन। त्यसरी नै कुनै जुलुस वा सभामा भित्र पसेर वा नपसी त्रास र आतङ्क फैलाउने कुरा गर्नु र हतियार प्रदर्शन गर्नुहुँदैन। त्यस्तो गरेमा अपराध गरेको हुन्छ।

ङ कसैलाई डर त्रास हुने गरी वा त्यस्तो व्यक्तिलाई दुःख दिने र अपमान गर्ने वेइज्जत गर्ने, हैरानी गर्ने गरी टेलिफोन गर्ने, चिट्ठी पठाउने र अन्य जुनसुकै तरीकाले गाली गर्ने, जिस्क्याउने र धम्की दिने काम गर्नुहुँदैन, त्यस्तो गर्नु अपराध हो।

सोझो अर्थमा सार्वजनिक अपराधभित्र समाजको शान्ति भंग गर्ने किसिमको जुनसुकै कार्य पनि पर्नसक्छ। हाम्रो कानूनले माथि नं. क देखि ङ सम्मको काम गर्नुलाई सार्वजनिक अपराध भन्ने व्यवस्था गरेको छ। यस्तो अपराध गर्ने व्यक्तिलाई घटनास्थलमै प्रहरीले विना वारेन्ट पकन पाउछ। यसरी पक्रिएको मानिसलाई वाटोको म्यादवाहेक २४ घण्टाभित्र जिल्ला प्रशासन कार्यालयमा पेश गर्नुपर्छ।

२. **हदम्याद** :

यसरी नै यस्तो अपराध गर्ने व्यक्तिविरूद्ध घटना भएको ७ दिनभित्र पुलिस अफिसमा उजुर गरी सक्नुपर्छ। यस्तो मुद्दा श्री ५ को सरकार वादी भएर मात्र चल्ने भएकोले मर्का पर्ने र अपराध भएको देख्ने व्यक्तिले प्रहरी कार्यालयमा गई तुरून्त जाहेरी गर्नुपर्छ।

३. **दण्ड–सजाया** :

माथि लेखिएको कुनै पनि अपराध गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारी (सि.डी.ओ.) ले आवश्यक ठानेमा वढीमा ३५ दिनसम्म थुन्ने आदेश दिनसक्छ। समान्यतया सि.डि.ओ.ले वढीमा दशहजारसम्म जरिवाना गरी छाड्न वा कागज गराएर छाड्न पनि सक्छ। उल्लेखित अपराध गर्दा कसैको कुनै सम्पत्ति नोक्सान भएको रहेछ भने त्यस्तो नोक्सान गर्ने वाट नोक्सान हुनेलाई क्षतिपूर्ति भराउन सक्छ। अपराध गंभीर छ भन्ने लागेमा सि.डी.ओ. ले वढिमा २ वर्षसम्म कैद गर्ने आदेश दिनसक्छ, तर यसरी कैद सजायँ गरेमा पुनरावेदन अदालतले त्यस्तो सजायँ ठीक छ भनी साधक जारी गर्नुपर्ने हुन्छ।

४. **अरू सजाया हुनसक्ने** :

सार्वजनिक अपराधभित्र कुटपीट, गाली वेइज्जती जस्तो अपराध पनि पर्ने हुंदा यस सार्वजनिक अपराधभित्र पर्ने कानूनमा सजायँ हुने भन्दैमा अन्य अपराधवापत सजायँ गर्न रोक लागेको मानिदैन, तर त्यस्तो अपराधमा सजायँ गराउनका लागि सार्वजनिक अपराध मुद्दा चल्नुभन्दा अगाडि नै उजुर गर्नुपर्छ। सार्वजनिक अपराध भनी कारवाही र सजायँ गरिसकेपछि भने अन्य अपराध गऱ्यो भनी सजायँ हुँदैन।

## ४. ज्यानसम्वन्धी व्यवस्था

### १. ज्यान मार्न नहुने :-

कुनै पनि मानिस जन्मेपछि उसले कालगतीले नै मर्न पाउनुपर्छ, यो प्राकृतिक नियम हो। कालगतिले वाहेक कसैले-कसैलाई मार्नु भनेको अपराधि

हो । यस्तो ज्यान मार्नेजस्तो अपराध गर्नु गर्न लगाउनु र मार्ने प्रयास गरी ज्यान मार्ने उद्योगसमेत गर्नुहुँदैन ।

## २. भवितव्य :

आफूले कुनै काम गर्दा कुनै मानिसलाई असर पर्छ कि वा त्यस्तो कामबाट कोही मर्नसक्छ कि भनी हेर्नुपर्छ । यसरी हेर्दा कुनै मानिस मर्नेजस्तो लागेन र मार्ने मन पनि नभएकोमा त्यस्तो काम गर्दा कुनै मानिस मरेछ भने त्यो भवितव्य हुन्छ ।

यस्तो भवितव्य भै ज्यान मरेको रहेछ भने पनि सजायँ हुन्छ । कुनै हातहतियार सावधानीसाथ उठाउदा कुनै व्यहोराले कसैलाई लागी मरेमा तीन सय रूपैया सम्म जरिवाना हुन्छ । होस नपुऱ्याई वा हेल चक्राई गरी कुनै काम गर्दा भवितव्य परेको भए वा रक्षा वा शिक्षा गर्नवाहेक अरूले कुटपीट गर्दा मरेमा पाँचसय रूपैयासम्म जरिवाना दुई वर्ष कैद वा दुवै सजायँ हुन्छ । रक्षा शिक्षा गर्नेले मर्नेको हितकालागि कुटपीट गर्दा मरेमा पचास रूपैया जरिवाना हुन्छ अरू किसिमको भवितव्य परेमा दुईसय रूपैयासम्म जरिवाना हुन्छ ।

## ३. ज्यानमाराको वात नलाग्ने :

कतिपय अवस्थामा कसैले कसैको ज्यान मारेमा त्यस्तो ज्यान मार्नेलाई कुनै कारवाही हुँदैन । कुनै मानिसले आफ्नो ज्यान मार्ने गरी जोर जुलुम गर्न लागेमा, त्यस्तो मानिसलाई पक्रन नसकेमा वा गुहार माग्दा गुहार नपाएमा सकभर भाग्नुपर्छ, भाग्न नसके वा गुहार पाइएन भने आफ्नै ज्यान वाँच्ने अवस्था भएन भने, त्यस्तो अवस्थामा मार्न आउने व्यक्तिलाई मारेकोमा ज्यान मारेको वात लाग्दैन ।

वाटो ढुकी वा बाटो-अवाटोबाट अर्काको घरभित्र पसी कुनै प्रकारको चोरी गर्न लागेका बखत वा चोर्नका लागि सुरूङ्ग खनी भित्र पस्न लागेको वखत पक्रन कोशिस गर्नुपर्छ । यसरी पक्रन सकिएन र आफ्नो धन वच्न नसक्ने भयो भने, उसैबखत चोरा-डाकालाई केही गर्दा मर्न गएमा मारेको वात लाग्दैन । कुनै पनि कारागार, खोर, अड्डाको पालेले आफ्नो र आफ्नो जिम्माको सरकारी माल वचाउनका लागि उसै मौकामा केही गर्दा कोही मर्न गएमा त्यस्तो व्यक्ति ज्यानमारा ठहर्दैन ।

## ४. ज्यान मारेको वात लाग्ने :

क. भवितव्य हुनेमा वाहेक कुनै अंग भाँच्ने, छिन्ने गरी हानेमा, कुटेकोमा त्यो मानिस थला परी निको नभई जतिसुकैपछि मरे पनि ज्यानमाराको वात लाग्छ ।

ख. ज्यानमार्ने नियतले अंग भाँच्ने गरी हानेकुटेमा उतिखेर ज्यान नमरी २१ दिनभित्र मऱ्यो भने, त्यही हान्ने व्यक्ति ज्यानमारा ठहर्छ। शास्ती, शासना, जोरजुलुम गरेमा ३ दिनभित्र र विप खुवाएकोमा ७ दिनभित्र मरेमा ज्यानमारा हुन्छ।

ग. भवितव्य हुनेमा वाहेक सन्धि कुठाउँमा हातले हान्दा त्यसैको पिरले उठ्न नसकी ७ दिनभित्र मरेमा ज्यानमारा हुन्छ। पीडा हुने गरी बाँधेकोमा थला परी ५ दिनभित्र मऱ्यो र चोटपटक परेको घाउडाम पाकी थला परी २१ दिनभित्र मरेमा कर्तव्य गरेको ठहर्छ। म्याद नाघेमा कुटपीट गरेको ठहर्छ।

घ. कुटपीटले थलिएको मानिसलाई फेरि कुटपीट गरेमा म्यादभित्र मऱ्यो भने, पछि कुट्नेलाई ज्यानमाराको वात लाग्छ।

ङ. जानी-जानी ज्यान मार्नलाई मुख्य भै वचन दिनेलाई हातहाली मार्न संयोग पारी दिनेलाई समान्यतया जन्मकैद वा सर्वस्वसहित जन्मकैद हुन्छ, छुट्याउन हात हाल्नेलाई भने ज्यानमाराको वात लाग्दैन

## ५.ज्यान–मार्ने उद्योग :

ज्यान-मार्ने मनसायले गोली चलाउने वा वम हान्ने वा घातक हात हतियारले काट्ने वा मार्नका लागि प्रयास गरेको, तर कुनै कारणले ज्यान नमरेमा त्यस्तो अपराधलाई ज्यान मार्ने उद्योग गरेको भनिन्छ। यो ज्यानसम्वन्धी अपराध हो। यसमा ज्यान मारिसकेको हुँदैन। यस्तोमा ५ देखि १२ वर्षसम्म कैद हुनसक्छ।

## ६. आवेशप्रेरित हत्या:

कैद ज्यानमार्ने मनसाय नभएको र ज्यान मार्नुपर्ने सम्मको रीस इवि पनि नभएको अवस्थामा पनि रीस उठी केही गर्दा ज्यान मर्नसक्छ। यदि लुकी चोरी मारेको नभै केही कुरा गर्दा तत्काल रीस उठी त्यस्तो रीस थाम्न नसकी साधारण लाठ,ा ढुङ्गा, लात, मुक्का आदिले हान्दा ज्यान मरेमा त्यस्तो हत्या आवेशप्रेरित हत्या हो। यसमा रीस उठाउने काम मर्ने मानिसंबाट शुरू भएको हुनुपर्छ, तर जोखिम हात हतियारले हानेकोमा र विप खुवाएको रहेछ भने आवेशप्रेरित हत्या भन्न मिल्दैन। यस्तामा १० वर्ष कैद हुन्छ।

## ७. ज्यान मार्ने षड्यन्त्र :

ज्यान मार्ने कामको योजना वनाउँनु लाइ ज्यान मार्ने पड्यन्त्र गरेको भनिन्छ। यस्तो पडयन्त्र गर्ने र ज्यान मार्न लगाउने लाई ज्यान मारेमा १० देखि १५ वर्ष कैद र ज्यान नमरेमा ५ देखि १२ वर्ष कैद गर्नुपर्छ।

## ८. मतियार :

ज्यान मार्न मुख्य भै वचन नदिने हात हतियार पनि नछाडने, जीउमा नछुने तर ज्यान मार्न संयोगलाई मतियार भनिन्छ। यस्ता मतियारलाई ज्यान मारको वात लागे पनि सजायँ भने कम हुन्छ। ज्यान मार्न जानीजानी विष, हात हतियार, गोली, वारूद दिने र ज्यान मार्न हातहतियार लिई घटनास्थलमा रहने मतियारलाई १० वर्ष कैद हुन्छ। यस्तो अवस्था वाहेक घेरा दिने, वाटो, गौडा छेक्ने वा भाग्न उम्कन नपाउने गरी मार्न सयोग गर्नेलाई ५ वर्ष कैद गर्नुपर्दछ। अरू किसिमका मतलवी र सल्लाह दिनेलाई ६ महिनादेखि ३ वर्ष कैद गर्नुपर्छ। ज्यान नमरेमा त्यसको आधी सजायँ हुन्छ।

## ९. वालक फाल्नेलाई सजाया :

जीउको वच्चा फाल्ने लाई चार वर्ष कैद हुन्छ। ज्यान मरेकोमा ज्यान मारा सरह कैद सजायँ गर्नुपर्छ।

## १०. गर्भपतन गर्न नहुने :

उपकारका लागि केही गर्दा वाहेक कसैले गर्भ तुहाए वा तुहाउन लगाएमा वा त्यसको लागि मद्दत गरेमा अपराध गरेको मानिन्छ। गर्भपतन सम्वन्धी अपराधमा वढीमा ३ वर्ष सम्म कैद हुन्छ। यस्तो कानूनमा कसूरदार आफै मुखसावित भएकोमा वाहेक गर्भ तुहाएको ३ महिनाभित्र नालिस नदिए कुनै कारवाही हुँदैन।

## ११. अन्य अपराध जन्य कार्यहरू :

ज्यान मार्न लाग्दा गुहार माग्दा दिनुपर्छ। गुहार नदिने १६ देखि ६५ वर्षवीचको मानिसलाई सजायँ हुन्छ। लासजाँच कागज झुट्टा लेख्ने, ज्यान मारेको चालपाई खवर नगर्ने ज्यान मार्छ भन्ने चालपाई खवर नगर्ने वा ज्यान मरिसकेपछि मात्र जाहेरी गर्ने व्यक्तिहरू पनि अपराधी मानिन्छ। ती कामहरू कानूनद्वारा दण्डनीय मानिन्छन्।

## १२. हदम्याद :

कर्तव्य गरी ज्यान मरेको मुद्दामा कसुरदार आफै सावित भएकोमा वाहेक उजुर परेकोमा तहकिकातबाट कर्तव्य गर्ने मानिस यही भन्ने पत्ता नलागेमा २० वर्षपछि मुद्दा चल्दैन। कर्तव्यको उजुर नपरेकोमा सो वारदात भएको २ वर्षपछि कसैउपर मुद्दा चल्दैन।

## १३. उजुर गर्ने :

ज्यानसम्वन्धी मुद्दामा जोसुकैले उजुर गर्नसक्छ। ज्यानसम्वन्धी अपराध भएकोमा त्यस्तो अपराध भएको थाहा पाउँने जोसुकैले नजीकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दिनुपर्छ। यस्तो मुद्दा सरकारवादी भएर मात्र चल्छ।

# परिच्छेद-५

## १. ज्याला मजदूरी :

**१.ज्याला दिनुपर्ने :-**

कुनै पनि व्यक्तिलाई काममा लगाए पछि त्यस्तो काम गरेवापत ज्याला दिनुपर्छ। ज्याला दिने भन्दैमा कसैलाई पनि जवर्जस्ती काममा लगाउँनु हुँदैन। काममा लगाउदा काम गर्ने र काम गराउनेवीचमा सहमति भए अनुसार ज्याला दिनुपर्छ। ज्याला सम्वन्धमा कुनै सहमति नभएको भए त्यो काम गरिएको ठाउँमा चलन चल्तीअनुसार जति पाउने हो, त्यति नै ज्याला दिनुपर्छ।

**२. ज्याला दिदा महिला र पुरूषलाई बराबरी दिनुपर्ने :-**

काममा लगाउदा महिला र पुरूपले बरावरी काम गरे भने वरावरी नै ज्याला दिनुपर्छ। उत्तिनै काम गरेकोमा लोग्ने मानिसलाई वढी र स्वास्नी मानिसलाई कम गरी वा स्वास्नीमानिसलाई वढी र लोग्ने मानिसलाई कम हुने गरी ज्याला दिनुहुँदैन।

**३.जबर्जस्ती काममा लगाउन नहुने :-**

ज्याला भन्ने कुरा यतिनै हुनुपर्छ भन्ने छैन, तर काम गर्ने व्यक्तिलाई कम्तीमा काम गरेको दिन पेटभरि खान पुग्ने किसिमले ज्याला दिनुपर्छ। कसैलाई पनि काममा लगाउने उद्देश्यले वेच-विखन गर्न दास वनाउँन र कानून विपरीतको काम गर्न लगाउनु हुँदैन। यसरी जबर्जस्ती काम गराएमा सजायँ हुन्छ।

**४.लिएको जिम्मा पूरा गर्नुपर्ने :-**

काम गर्छु भनी जिम्मा लिनेले पनि आफूले कबूल गरेको काम पूरा गर्नुपर्छ। काम पूरा नगरी बीचैमा काम छाड्न हुँदैन। आफ्नो जिम्मेवारी पूरा गर्ने कर्तव्य काम गर्ने व्यक्तिको हो। साधारणतया दिनमा ८ घण्टाभन्दा बढी कसैलाई पनि काममा लगाउनु राम्रो होइन। यसरी ८ घण्टा काम गर्ने समयको वीचमा खाजा खाने समय दिनुपर्छ। वालबच्चा हुने महिलालाई दूध खुवाउन जान दिनुपर्छ। कारखानामा त ८ घण्टाभन्दा वढी काम गरे भने डेढी

तलव दिनु पर्छ । यो कुरा कारखानाभन्दा वाहिर काम गर्नेहरूलाई पनि लागू हुन्छ ।

**५.ज्यादा भारी बोकाउन नहुने :-**

ज्याला दिएको छु भन्ने नाममा जतिसुकै ठूलो भारी वोक्न लगाउनु हुँदैन । बलियो हट्टा-कट्टा लोग्ने मानिसलाई ५५ के.जी. सम्म र स्वास्नीमानिसलाई ४५ के.जी. भन्दा वढी गह्रौ माल उठाउन लागाउन हुँदैन । बाटो वढी भएकोमा भने लोग्ने मानिसले त्योभन्दा वढीसमेत उठाउन सक्छ । १६ वर्ष ननाघेका कसैलाई पनि भारी वोकाउनु हुँदैन । १६ वर्ष नाघी १८ वर्ष नपुगेका पुरूपले २५ किलोसम्म र महिलाले २० किलोसम्म मात्र भारी उठाउन सक्छ । त्योभन्दा वढी वोक्न लगाउनु हुँदैन ।

**६. सजाया :-**

मुलुकी ऐन ज्याला मजदुरीको महलअनुसार विना मन्जुरी काममा लगाएमा, त्यसको ज्याला भराई दिई एक सय रूपैयाँसम्म जरिवाना गर्न सकिन्छ । त्यसरी नै दिनुपर्ने रकम नदिएमा त्यस्तो व्यक्तिवाट काम गर्ने मानिसलाई ज्याला भराई सयकडा दश जरिवाना गर्नु पर्छ ।

काम गर्न जिम्मा लिएर विनाकारण काम लगाउनेसंग सहमति नै नलिई वीचैमा छाड्नु हुँदैन । यसरी विनाकारण काम छाडेमा उनीहरूवीच कुनै कागज लेखिएको भए सोही कागजमा लेखिएअनुसारको जरिवाना वा क्षतिपूर्ति काम छोड्नेले तिर्नुपर्ने हुन्छ । त्यस्तो कागज नभएकोमा कुनै भरियाले वीचैमा भारी छोडेको भए त्यसलाई पचास रूपैयाँसम्म जरिवाना गरी त्यस्तो भारी छोडी भाग्दा माल नोक्सान भएको भए त्यस्तो नोक्सानीसमेत भरियाले तिर्नु पर्छ । तर वीचमा नै भारी वोक्न सक्दिन भनी भारी छोड्नेलाई भने कुनै पेश्की दिएको भए त्यो फिर्ता लिई वीस रूपैयाँसम्म जरिवाना हुन्छ । त्यसरी माथि लेखिएको कुरावाहेक कुनै काम कुरा जिम्मा लिएर काम गरेन भने वीस रूपैयाँसम्म जरिवाना हुन्छ ।

७. ज्याला मजदूरी दिएन भनी वा करकापले काम लगायो भनी वा काम वीचैमा छाड्यो भनी माथि लेखिएको विपयमा त्यस्तो काम भएको ३५ दिनभित्रै उजुर गर्नुपर्छ । यस्तो उजुरी गा.वि.स.मा गर्नुपर्छ । यो उजुरीसम्वन्धी व्यवस्था गा.वि.स. ऐन २०४८ को दफा ४४ (ग) मा लेखिएको छ ।

## २. दासत्व विरूद्धको हक र कमैया

**१.दासत्व श्रम भनेको के हो ?**

कुनै पनि मानिसको जीउ र धनमा आफ्नै अधीन हुन्छ । यो मानव अधिकारको एउटा महत्वपूर्ण स्वरूप हो, तर कसैको जीउ धन र परिवार अर्को

मानिसको अधीनमा मात्र चल्दछ भने त्यहाँ त्यस्तो व्यक्ति स्वतन्त्र हुँदैन। उसले उसको मालिकले जे भन्छ, त्यही गर्नुपर्छ। यसरी आफ्नो स्वतन्त्रता अरू व्यक्तिको जिम्मामा राखी काम गरिरहेको मानिसलाई दास भनिन्छ, दास भई श्रम गर्नुलाई दासत्व श्रम भनिन्छ।

**२. कमैया के हो ?**

दास भई काम गर्ने चलन पहिला-पहिला धेरै नै हुन्थ्यो। नेपालमा चन्द्र शम्सेर श्री ३ हुँदा यो प्रथा अन्त्य गरियो भनिन्छ, तर नेपालमा दास-प्रथाको रहल-पहलको रूपमा कमैया-प्रथा रहेको छ। कमैयाहरू मालिकलाई ऋण तिर्न नसकेर ऋणवापत काम गर्ने गर्दछन्। उनीहरू जति काम गरे पनि ऋण तिरी सक्नुको बद्ला प्रत्येक वर्ष ऋणको भार बढ्दै गएको छ। बाबुको वा लोग्नेको ऋणवापत छोराछोरी वा पत्नी कमैया हुनु पर्ने प्रथा रहेको छ।

**३.संविधानले के भन्छ ?**

नेपाल अधिराज्यको संविधान जनतामा अधिकार भएको संविधान हो। २०४६ सालको आन्दोलनपछि यो संविधान आएको हो। संविधानले दास राख्न नपाइने व्यवस्था गरेको छ।

संविधानअनुसार मानिसलाई बेच-बिखन गर्नहुँदैन। कसैलाई दास तुल्याउन वा दासको रूपमा राख्न हुँदैन। बाँधा बनाएर काममा लगाउन हुँदैन। कसैले काम गर्दिन भन्दा-भन्दै काममा लगाउन हुँदैन, यस्तो गर्नु संविधानविरूद्धको कार्य हो। त्यसैले दास राख्नु वा कमैया राख्नु दुवै संविधान विरूद्धको अपराध हो।

**४.हली, गोठाला, हरूवा राख्नु के हो ?**

कसैलाई पनि जबर्जस्ती काममा लगाउन हुँदैन। कोही इच्छाले हली, गोठाला, हरूवा बन्नसक्छ। अर्काले जबर्जस्ती लगाएमात्र अपराध हुन्छ। यसरी काममा लगाउँदा चलन-चल्तीअनुसार ज्याला मजदूरी दिनुपर्छ।

**५.ज्याला नदिए के गर्ने ?**

दास राख्ने कमैया राख्ने काम संविधानविरूद्ध भएको हुनाले त्यसलाई सरकारले विशेष व्यवस्था गरी उन्मूलन गर्नुपर्छ। हली, गोठाला, हरूवा, चरूवाले भने काम गरेवापत ज्याला पाउनुपर्छ। काममा लगाउनेले ज्याला नदिए गा.वि.स. मा उजुरी गर्नुपर्छ। ज्याला दिएन वा जबर्जस्ती काममा लगाएकोमा त्यस्तो गरेको ३५ दिनभित्र उजुरी गर्नुपर्छ। यस्तो उजुरी परेकोमा गाउँ विकास समितिले मुलुकी ऐनको ज्याला मजदूरीको महलअनुसार सजायँ गर्नु पर्छ।

# ३. वन र वन सम्वन्धी कानून र अपराध

**वन र वनका प्रकार :**

वन भनेको रूख, घाँस र वास, पोथ्रा-पोथ्रीले ढाकेको क्षेत्र हो। वन मानिसको लागि काठ, दाउरा, घाँस पात, घर छाउने खर, वावियो, वारबेरका लागि घोचा-लगायत अन्य उपयोगी बस्तु प्राप्त हुने हुनाले महत्वपूर्ण हुन्छ। यसका अतिरिक्त वनले पानी पार्नमा मद्दत गर्दछ। मानिसलाई नचाहिने कार्वन लिएर आवश्यक पर्ने अक्सिजन दिन्छ। मानिसका लागि आवश्यक पर्ने सफा, स्वच्छ र स्वस्थ्य वातावरण प्रदान गर्दछ। यी सव कारणले वन मानिसको लागि अत्यन्तै महत्वपूर्ण हुन्छ। यसै कारण वनको संरक्षण गर्नु मानिसको कर्तव्य हुन्छ। वनको संरक्षण अरू कसैको निम्ति नभई स्वयं आफै र आफ्नो समाजको लागि नै हो।

वन संरक्षण मानिसको हितमा हुन्छ। यसैले वनको संरक्षण गर्न गराउन जरूरी हुन्छ। वनको वर्गीकरण निम्न वमोजिम गरेको पाइन्छ :–

(क) राष्ट्रिय वन (सरकारी वन)
(ख) सामुदायिक वन
(ग) धार्मिक वन
(घ) कवुलियति वन र
(ङ) निजी वन

**राष्ट्रिय वन:**

निजी वनवाहेक नेपाल अधिराज्यभित्रका सवै वन राष्ट्रिय वन हुन्। वनले घेरिएका वा वनका छेऊछाउका पर्ती ऐलानी जग्गा र वनभित्र रहेको वाटोघाटो, पोखरी ताल, खोलानाला, वगर पनि वन जंगलअन्तर्गत पर्दछन्। राष्ट्रिय वनको संरक्षण सरकारद्वारा हुन्छ। यसका लागि वन कार्यालय रहेको हुन्छ र डि एफ ओ, रेन्जर, फरेष्टर तथा वनपालेहरू त्यहाँ कार्यरत रहेका हुन्छन्।

**सामुदायिक वन**

वनको विकास संरक्षण र उपयोग गर्दै सामूहिक हितको लागि निर्धारित वा छुट्याइएको राष्ट्रिय वनको केही भागलाई सामुदायिक वन भनिन्छ। सामुदायिक वनको विकास, संरक्षण, उपयोग तथा व्यवस्थापन गर्न स्थानीय स्तरमा उपभोक्ता समूह गठन गरी त्यस्तो समूहलाई जिम्मा दिइन्छ। उपभोक्ता समूहले आफूलाई सुम्पिएको वनको संरक्षण एवं व्यवस्थापन गर्नुका साथै त्यस्तो वनको पैदावार (घाँस, काठ, पात तथा अन्य) को स्वतन्त्ररूपले मूल्य निर्धारण गरी विक्री-वितरण गर्न पाउँछ।

उपभोक्ता समूहलाई सुम्पिएको वन श्री ५ को सरकारले फिर्ता लिन वा एकपटक फिर्ता लिएको वन पुन सुम्पन सक्तछ।

**धार्मिक वन**

कुनै धार्मिक मठ, मन्दिर संचालन गर्ने वा कुनै धार्मिक प्रयोजनका लागि स्थापित निकाय, समूह वा समुदायलाई सुम्पिएको धार्मिक स्थल वा त्यसको वरिपरि रहेको राष्ट्रिय वनको कुनै भागलाई धार्मिक वन भनिन्छ। यस्तो वन पनि राष्ट्रिय वनकै हिस्सा हो। धार्मिक वन पाल्न संरक्षण एवं विकास तथा उपयोग गर्न चाहने धार्मिक निकायले सरकारसँग माग गर्नुपर्दछ। धार्मिक वनको रूपमा पाल्ने संरक्षण एवं विकासको लागि माग आएकोमा छानविन गरिन्छ र उपयुक्त ठहरेमा धार्मिक वनको रूपमा रहने गरी राष्ट्रिय वनको निश्चित भाग उपलव्ध गराइन्छ।

धार्मिक वनको व्यापारिक उपयोग गर्न पाइँदैन तर धार्मिक कार्यमा उपयोग गर्न मिल्छ। धार्मिक वन सकारले फिर्ता लिन सक्तछ।

**कवलियति वन**

राष्ट्रिय वनको कुनै भाग कानून वमोजिम स्थापित वन पैदावार सम्वन्धी उद्योगलाई वा वन पैदावारमा आधारित समुदायलाई दिन सकिने कानूनी व्यवस्था भएको छ। कवूलियति गराई वा उद्यमीलाई दिएको वनलाई कवूलियति वन भनिन्छ। यस्तो वन निम्न प्रयोजनका लागि प्राप्त गर्न सकिन्छः

(क) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न।

(ख) बृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी विक्री वितरण गर्न वा उपयोग गर्न।

(ग) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवशाय संचालन गर्न।

(घ) वनको संरक्षण र विकास हुनेगरी कृषि वन वाली कार्य संचालन गर्न।

(ङ) वनको संरक्षण र विकास हुनेगरी कीट पतङ्ग तथा वन्य जन्तुको फार्म संचालन गर्न।

कवूलियति वनको रूपमा राष्ट्रिय वन लिन चाहने संघ संस्था वा संगठित संस्थाले (व्यक्ति विशेषलाई चाहिं होइन) योजना सहित वनको माग गर्नुपर्दछ। त्यसरी परेको निवेदनमा छानविन गर्दा कवूलियति वनको रूपमा दिन उपयुक्त देखिएमा मात्र माग गरेको वन कवुलियती वनको रूपमा दिइन्छ।

**नीजि वनः**

कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा वन विरूवा रोपी हुर्काई संरक्षण गरिएको वनलाई नीजि वन भनिन्छ। यस्तो वन लगाउन कसैको

स्वीकृति लिनु पर्दैन तर त्यस्तो वनको धनीले चाहेमा वन कार्यालयमा दर्ता गराउन सकिन्छ ।

**उपभोक्ता समूह**

सामुदायिक वनको संचालन सो वनको उपभोग गर्ने मानिसहरूले छानेको उपभोक्ता समितिले गर्दछ । वनका उपभोक्ताहरूको सामूहिक हितका लागि वा राष्ट्रिय वनको कुनै भागको विकास र संरक्षण गर्न तथा वन पैदावारको उपयोग गर्न चाहनेहरूले उपभोक्ता समूह वनाउँन सक्तछन् । उपभोक्ता समूहले आफ्नो विधान वनाउँनु पर्दछ । आफ्नो विधानसहित उपभोक्ता समूहले वन कार्यालयमा दर्ताका लागि दरखास्त दिए भने वन कार्यालयले छानवीन गरी त्यस्तो उपभोक्ता समूह दर्ता गर्दछ । दर्तापश्चात् सो उपभोक्ता समूह अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाको रूपमा स्थापित हुन्छ । यसले आफ्नो छुट्टै छाप राख्न र प्रयोग गर्न पाउँछ, साथै यसले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन गर्न वा अन्य किसिमले उपभोग गर्नसक्तछ । यसका अतिरिक्त दर्ता भएको उपभोक्ता समितिले आफ्नो नामबाट नालिश उजुर गर्न र सोउपर पनि सोही नामवाट नालिश-उजुर लाग्न सक्तछ ।

उपभोक्ता समूहले जिम्मा लिएको वनको संरक्षण तथा विकास गर्न पाउँछन्, साथै सो वनवाट प्राप्त हुनसक्ने वन पैदावारको उपभोग समेत गर्नसक्तछन् । उपभोक्ता समूहको आफ्नो छुट्टै कोष हुन सक्तछ र सो कोषमा श्री ५ को सरकारबाट प्राप्त रकम, कुनै व्यक्ति वा संस्थावाट प्राप्त अनुदान, सहायता वा दान-दातव्यको रकम, वन पैदावारको विक्री वितरणवाट प्राप्त रकम समावेश गरिन्छन् । उपभोक्ता समूहले सो कोषवाट वनको विकासको निमित्त खर्च गर्नु पर्दछ र त्यसरी खर्च गरी वाँकी रहेको रकम उपभोक्ताहरूको सार्वजनिक हितको कार्यमा खर्च गर्नुपर्दछ ।

**राष्ट्रिय वनमा गर्न नहुने कामहरू**

मानिसका लागि वनको फाइदा गनेर भनेर साध्य हुँदैन । वनको राम्रो संरक्षण हुन सकेमा यसले सो वनको वरपर छेउछाउमा रहने बस्ने लगायत मुलुकभरिकै मानिसलाई फाइदा पुऱ्याउँदछ ।

यसैकारण वनको संरक्षण गर्ने व्यवस्था गरिएको हुन्छ । वनको संरक्षण गर्ने सन्दर्भमा कानून वनेका छन् र कानूनमा वनको संरक्षण गर्ने कुराका निमित्त निश्चित कामहरू गर्न नपाउने र गरेमा सजायँ हुने गरी व्यवस्था गरिएका छन् । वन ऐन, २०४९ को दफा ४९ मा निम्नकाम कसैले पनि गर्नहुँदैन र गरेमा कसुर (अपराध) हुने कुरा उल्लेख छ-

(क) राष्ट्रिय वनक्षेत्रको जग्गा फाँडन, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो वनाउँन ।

(ख) आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गर्न ।
(ग) चौपाया (गाई, गोरू, भैसी, वाखा इत्यादि) तोकिएको वन क्षेत्रभित्र पसाउन वा चराउन ।
(घ) वनक्षेत्रबाट वन पैदावार (काठ, जडिबुटी इत्यादि) हटाउन, ओसार-पसार गर्न वा विक्री-वितरण गर्न ।
(ङ) रूख वा विरूवा काट्न, हाँगा बिंगा छिमल्न, खोटो वा वोका भिक्न वा कुनै पनि प्रकारले नोक्सानी पार्न ।
(च) इजाजत प्राप्त गरी रूख काट्ता ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा पनि लापरवाहीसंग अन्य वन पैदावारलाई नोक्सान पार्न ।
(छ) वनक्षेत्रभित्रबाट ढुंगा, गिट्टी, वालुवा वा माटो भिक्न, गोल वा चून पोल्न वा यी बस्तुहरूबाट अरू तयारी माल वनाउँन वा यी वस्तुहरू संकलन गर्न ।
(ज) वन पैदावार लिन पूर्जी पाएकोमा पूर्जीमा उल्लेख भएका शर्तहरू उल्लंघन गरी वन पैदावार नोक्सान पार्न ।
(झ) विदेश निकासी गर्न प्रतिवन्ध लागेको वन पैदावार विदेश निकासी गर्न ।
(ञ) वन सिमाना चिन्ह उखेल्न, सार्न, फेर्न, मेट्न, वा विगार्न ।
(ट) नर्सरीमा रहेको वा वृक्षारोपण गरिएको विरूवा काट्न, भाँच्न, उखेल्न वा अरू कुनै प्रकारले नोक्सान गर्न ।
(ठ) नर्सरी वा वृक्षारोपण गरिएको क्षेत्रका खम्वा तारको वार, वा त्यस्ता अरू सम्पति विगार्न वा चोरी गर्न ।
(ड) टाँचा वा निशाना कीर्ते गर्न वा काठ वा खडा रूखमा लगाइएका सरकारी टाँचा, निशाना फेर्न, विगार्न वा मेट्न ।
(ढ) शिकार खेल्न ।
(ण) वन ऐन, २०४९ र सो ऐनअन्तर्गत वनेका नियमहरूको बर्खिलाप र अन्य कुनै कसुर गर्न ।

**दण्ड-सजाया:**

निम्न कसुर गर्ने व्यक्तिहरूलाई निम्न सजायँ हुन्छ –

(क) वनक्षेत्रको जग्गा फाँड्ने, जोत्ने, खन्ने वा आवाद गर्ने वा त्यस्तो जग्गामा घर छाप्रो वनाउँनेलाई दश हजार रूपैंयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजायँ हुन्छ। त्यसरी बनाएको घर वा छाप्रो जफत हुन्छ। त्यसरी आवाद गरेको वा जोतेको वा फाँडेको जग्गा राष्ट्रिय वनमा समावेश गरिन्छ। उपरोक्त कसुर गर्दा हटाएको वा नोक्सानी पारेको वन पैदावारवापत छुट्टै सजायँ हुन्छ ।



भएको देखिन्छ ।

(ख) वनमा अगो लगाउने वा आगलागी हुनजानेखालको कसुर गर्नेलाई विगो असुल गरी दश हजार रूपैयाँसम्म जरिवाना वा एक वर्पसम्म कैद वा दुवै सजायँ हुन्छ ।

(ग) निपेध गरिएको वनक्षेत्रमा चौपाय पसाए वा चराएमा भेडा, वाखा जातका पसाउने चराउनेलाई रू ५ देखि रू ५०/ सम्म, हात्ती भए रू. ५००।- देखि रू. १०००।- सम्म तथा अन्य चौपाया (गाइ, भैसी ई.) चराउनेलाई रू. १०।-देखि रू. १००।- सम्म जरिवाना हुन्छ ।

(घ) वनक्षेत्रवाट अनधिकृतरूपमा वन पैदावार हटाउने, ओसार-पसार गर्ने वा विक्री-वितरण तथा रूख वा विरूवा काट्ने, हाँगाविंगा छिमल्ने, खोटो वा वोक्रा झिक्ने, वन पैदावार वाहिर निकाल्दा लापरवाहीसँग अन्य वन पैदावार नोक्सान पार्ने, ढुंगा गिट्टी, वालुवा, गोल वा चुन पोल्नेजस्ता कसुर गर्नेलाई सम्वन्धित वन पैदावार जफत गरी

(अ) एक सयसम्मको विगो भए रू.१००।- जरिवाना हुन्छ ।

(आ) रू. १००।- देखि रू. १०००।- सम्मको विगो भए विगोवमोजिम जरिवाना हुन्छ ।

(इ) रू. १०००।- देखि रू. ५०००।- सम्मको विगो भए विगो वमोजिम जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ हुन्छ ।

(ई) रू.५०००।- देखिमाथिको विगोमा विगोको दोव्वर जरिवाना वा एक वर्पसम्म कैद वा दुवै सजायँ हुन्छ ।

(ङ) विदेश निकासी गर्न प्रतिवन्ध लागेको वन पैदावार विदेश निकासी गर्नेलाई त्यस्तो वन पैदावार जफत गरी विगो वमोजिम जरिवाना वा पाँच वर्पसम्म कैद वा दुवै सजायँ हुन्छ ।

(च) वन सिमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा विगार्ने र टाँचा वा निशाना कीर्ते गर्ने वा काठ वा खडा रूखमा लगाइएका सरकारी टाँचा, निसाना फेर्ने, विगार्ने वा मेट्नेलाई पाँचसय रूपैयाँदेखि दश हजार रूपैयासम्म वा एक वर्पसम्म कैद वा दुवै सजायँ हुन्छ ।

(छ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएको विरूवा काट्ने, भाँच्ने, उखेल्ने वा अरू कुनै प्रकारले नोक्सान पार्नेलाई कसूरको मात्रा हेरी प्रति विरूवाको एक सय रूपैयाँसम्म जरिवाना हुन्छ र सोही कसूर पुनः गर्नेलाई कसुरको मात्रा हेरी उक्त सजायँमा एक हजारसम्म थप जरिवाना हुन्छ ।

(ज) नर्सरी वा वृक्षारोपण गरिएको क्षेत्रको खम्वा, तारको वार वा त्यस्ता अरू सम्पत्ति विगार्ने वा चोरी गर्नेलाई विगो असूल गरी पाँच हजार रूपैंया सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजायँ हुन्छ ।

(झ) अनधिकृतरूपमा शिकार खेल्नेलाई राष्टिय निकन्ज तथा वन्य जन्त

ट्रक, लहरी मोटर र अन्य सवारी साधन जफत हुँदैनन् । उक्त सामान ढुवानी गर्नेलाई भएको सजायँमा दश हजार थप सजायँ हुन्छ ।

यस किसिमका कसुर गर्नेलाई मुद्दाको पुर्पक्ष गर्दा अभियोगमा तत्काल प्राप्त प्रमाणवाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिने

कानूनका वारेमा, उपचारको वारेमा जानकारी लिन यहाँनर अधिकार र कर्तव्यको वारेमा पनि जानकारी राख्नुपर्दछ ।

अधिकार र कर्तव्य स्वयं जोडी शव्द छन् र प्रत्येक जोडीको दुई मानिससंग सम्वन्ध हुन्छ । यी दुवै एक सिक्काका दुई पाटा सरह सम्वन्धित हुन्छन् र साथसाथै रहन्छन् । अधिकार हुनेले अधिकारको प्रयोग गर्नसक्तछ भने सोअधिकारसंग सम्बन्धित अर्को पक्षको सोअधिकारको सम्मान गर्ने कर्तव्य हुन्छ । यसलाई यसरी हेरौ :-रामवहादुरको १० कट्टा जग्गा छ भने अर्को श्यामबहादुरलगायत जोसुकैले उक्त जग्गामा खिचोला गर्नुहुँदैन । कसैले रामबहादुरको खेतमा खिचोला गर्दछ वा फलेको धान लग्दछ भने ,उसले रामबहादुरको अधिकार उलंघन गरेको ठहर्छ । कानूनले रामबहादुरको जग्गामा भएको अधिकारको उलंघन कसैले गर्नुहुँदैन भनेर निर्धारण गरेको हुन्छ । गर्न नहुने कुरा गर्नाले अर्काको अधिकारमा आधात पर्दछ र कानूनको उल्लंघन हुन्छ । अधिकारमा आघात पर्ने व्यक्तिले कानूनले निर्धारण गरेको उपाय अवलम्वन गरेर आफ्नो अधिकार पुनः प्राप्त गर्नसक्तछ । अधिकारमा आघात पुग्नेलाई र उसले कानूनद्वारा निर्धारित उपाय गरेर न्याय लिनुपर्छ,, अर्थात आफ्नो हक पुनः कायम वा प्राप्त गर्नुपर्छ ।

कानूनी उपचार पाउने कुरा अत्यन्तै महत्वपूर्ण पक्ष हुन्छ । कानूनी राज्यमा कसैको हकहितमा आघात परेको छ भने वल प्रयोग गरेर अधिकार वा आफ्नो हक पुनः प्राप्त गर्न मिल्दैन । त्यस्तो आघात पुगेको व्यक्तिले कानूनी प्रकृया पुऱ्याएर आफ्नो हकहित पुनः प्राप्त गर्नुपर्दछ । आफ्नो उल्लंघन भएको हकहित पुनः प्राप्त गर्ने कानूनी प्रकृया एवं पद्धतिलाई उपचार लिने वा उपचार प्राप्त गर्ने प्रकृया एवं पद्धति भनिन्छ ।

**उपचारका लागि आवश्यक शर्त :-**

कानूनी प्रतिकूल मानिसका हक अधिकारको उलंघन गरेको खण्डमा दुई किसिमका गल्ती हुन्छन् ।

- देवानी गल्ती वा कसुर
- फौजदारी गल्ती वा अपराध

देवानी गल्ती वा कसुर गरेमा गल्ती गर्नेवाट दिलाउने भराउने चलन चलाउने निरवाई दिने अंश दिलाई दिनेजस्ता कुरा हुन्छन् भने, फौजदारी किसिमका गल्ती गर्नेलाई सजायँ (जरिवाना वा कैद )गर्ने कुरा हुन्छन् । उपचार दिलाउने सम्वन्धमा कानूनले निम्न दुई उपाय गरेको हुन्छ ।

(क) उपचार दिलाउने अधिकारी, निकाय कार्यालय वा अड्डा र
(ख) उपचार लिनेले पुऱ्याउनु पर्ने प्रकृया वा कार्यविधि:-

उपचार दिलाउने कानूनले सो प्रयोजनार्थ कुनै अधिकारी, अड्डा वा कार्यालयको स्थापना गरेको हुन्छ र उसलाई दुई व्यक्तिका कुरा सुनी ठीक-वेठीक ठहर गर्नसक्ने अधिकार प्रदान गरेको हुन्छ ।

अन्याय गऱ्यो वा रामेको गोरूले मकै खायो भनेरमात्र हुँदैन । मकै खाएको कुरामा वा आघात गरेको कुरामा अन्याय पर्नेले उपचार दिलाउने अड्डा-अदालतमा उजुर (लिखित / मौखिक)गर्नुपर्छ । आवश्यकतानुसार तारिखमा बस्नुपर्छ, साक्षी सबूतप्रमाण प्रस्तुत गर्नुपर्छ, अनिमात्र अड्डावाट उपचार पाउन सकिन्छ । कानूनले निर्धारण गरेका यस्ता काम गर्नुपर्ने तरीकालाई प्रकृया वा कार्यविधि भनिन्छ । अन्याय पर्नेले अन्याय भनेरमात्र हुँदैन । उपयुक्त (सही) वाटो वा प्रकृयाअनुरूप ठीक अड्डामा गएर न्याय लिनुपर्दछ, किनकि गलत तरीका अपनाएर न्याय खोज्न जानेलाई अन्याय परेकै भए पनि न्याय प्राप्त हुनसक्दैन ।

**हकदैया**

जसको हक हनन भै अन्याय परेको छ, उसैले उपचार लिनपाउँछ । त्यसो हुँदा हक हनन भएको व्यक्तिलाई मात्र उजुर फिराद गर्ने हक हुन्छ । उजुर वा नालिस गर्न पाउने हक-अधिकारलाई हकदैया भनिन्छ । मर्का पर्नु, असर पर्नु वा पीडा पुग्नु, हक हनन हुनु कानूनी दृष्टिमा फरक-फरक कुरा हुन् । सगोलको सम्पत्तिमा कसैले खिचोला गरेमा वा त्यस्तो जग्गामा उब्जेको वाली कसैले लुटपीट गरी लगेमा सगोलका सवैलाई मर्का पर्नसक्तछ । अन्न खान नपाउनेले पीडा पऱ्यो भन्दैमा सगोलको जोसुकैले उजुर वा नालिस गर्न सक्तैन । त्यसरी उजुर गर्न गए पनि कानूनमा त्यस्तो उजुर लाग्नसक्तैन, किनकि अड्डा अदालतले जोसुकैको उजुरी लिदैन ।

त्यसो हुँदा अन्याय परेको कुरामा उजुर गर्नलाई कानूनमा हकदैया छ छैन भन्ने कुरा जान्नु जरूरी हुन्छ । कानूनले जसको जुन कुरामा हक पुग्छ उसैले उजुर , नालिस गर्न पाउँदछ । कसैले जग्गा खिचोला गरेमा जस्को नाउँमा जग्गा छ, उसैले नालिस उजुर गर्नुपर्दछ । कसैको वाली कसैले लुटपीट गऱ्यो भने जस्को नाउँमा जग्गा दर्ता छ। उसैले उजूर गर्नुपर्दछ , तर सोह्र वर्ष नपुगेका नावालक, उमेर पुगेपनि वृद्ध पाका वूढाढी वा कडा रोग लागी होस् ठेगानमा नभएको वा वौलाएको व्यक्ति वा अन्धो, वक्क लाटो मानिसले उजुर नालिस गर्ने कुरामा अड्डाको अनुमति लिएर हकवालाले उजुर-नालिस गर्न पाउछन् । कसैले कुनै कुरामा उजुर-नालिस गर्नुपूर्व हकदैया छ, छैन ? भनेर विचार गर्नपर्दछ ।

जतिसुकै अन्याय परे पनि कानूनीरूपमा हकदैया नभएको व्यक्तिले दिएको उजुर-नालिस लाग्दैन, तत्काल लागे पनि पछि गएर खारेज हुन्छ, न्याय पाउन सकिन्न ।

**हदम्याद**

अन्याय परेका विषयमा न्याय खोज्न कानूनद्धारा तोकिएको निर्धारित अवधिभित्रै जानुपर्दछ। कानूनद्धारा तोकिएको अवधि नघाएर उजुर गर्न गएमा वा गरेमा त्यस्तो उजुर-नालिसलाई अड्डा अदालतले खारेज गरिदिन्छ। यस्तोमा अन्याय परे पनि न्याय पाउन सकिंदैन। तसर्थ हदम्यादको जानकारी राखी निर्धारित गरी हदम्यादभित्रै उजुर,नालिस गर्नुपर्दछ।

कानूनले जसरी अर्काको हक-अधिकारको उल्लंघन गर्नेलाई सजायँ गरी न्याय (उपचार) प्रदान गर्ने व्यवस्था गर्दछ, त्यसरी नै न्याय (उपचार ) खोज्नका लागि समेत निश्चित समयावधि तोकिदिएको वा निर्धारण गरी दिएको हुन्छ। न्याय खोज्ने प्रयोजनका लागि उजुर वा नालिस गर्न निर्धारण गरिएको निश्चित समयावधिलाई हदम्याद भनिन्छ।

कानूनले लुटपीट गरेमा ३ महिनाभित्र, कुटपीट गरेकामा ३५ दिनभित्र, अंगभंग गरी कुटपीट गरेकोमा ३ महिनाभित्र नालिस गर्नु पर्ने गरी हदम्याद तोकिदिएको छ। यसै गरी चोरी भएकोमा वा ज्यान मरेकोमा, आगो लगाएकोमा, गौवध गरेकोमा ७ दिनभित्र जतिसक्दो चाडो नजिकको प्रहरीथानामा जाहेरी दरखास्त दिनुपर्छ। जग्गामा खिचोला गरेको भए ६ महिनाभित्र उजुर गर्नुपर्छ। करकापसंग कागज ३५ दिनभित्र नालिस गर्नुपर्दछ। हदम्यादको निर्धारण समाजमा शान्ति व्यवस्था र निश्चितताका लागि गरिएको हुन्छ। यस्तो गर्नुको पछाडि चनाखोलाई वा आफ्नो हक-अधिकारप्रति सजग हुनेलाई मात्र कानूनले मद्दत गर्छ भन्ने मूल अवधाराणको आधारमा गरिएको हुन्छ, अर्कोतर्फ ढिलो न्याय दिनु न्याय दिदै नदिन सरह हुन्छ भन्ने पनि अवधारणा रहेको हन्छ।

कानूनले हदम्याद नतोकेकोमा जैलेपनि नालिस-उजुर लाग्न सक्तछ तथापि जति सक्यो, त्यति चाँडो उपचार खोज्नु राम्रो हुन्छ। कानूनले कतिपय विषयमा निश्चित र स्थिर हदम्याद तोकिदिएको हुन्छ। कम्तीमा थाहा पाएपछि अर्थात् कारण उत्पन्न भएपछि हदम्याद शुरू हुने गरी तोकिदिएको हुन्छ। नावालकका लागि सावालक भएपछि उजुर गर्न पाउने हदम्याद तोकिएको हुन्छ। वौलाएको वा बेहोस भएको व्यक्तिले निको भएपछि कानूनबमोजिम हदम्यादभित्र नालिस -उजुर गर्नुपर्दछ। हदम्याद पुग्ने दिन विदा परी अड्डा वन्द भएमा त्यस्को भोलिपल्ट नालिश-उजुर गर्न पाईन्छ।

**क्षेत्राधिकार :-**

मुलुकमा सरकारी थुप्रै अड्डा-अदालत खुलेका हुन्छन्। सबै अड्डाले सबै काम गर्दैनन्। जुन अड्डालाई जुन काम गर्न तोकिएको हुन्छ, सो अड्डाले सोही काम गर्नुपर्दछ। यसरी अड्डा-अदालतलाई यो यो काम गर्नु भनी

लेखिदिएको रहेछ भने सो तोकिएको अड्डालाई सो काम गर्ने अधिकारक्षेत्र हुन्छ। काम गर्नका लागि निर्धारित गरी तोकिएको अधिकारलाई क्षेत्राधिकार वा अधिकारक्षेत्र भनिन्छ ।

विभिन्न अड्डा-अदालतलाई बेग्लाबेग्लै काम गर्न तोकिएको हुन्छ। भूमि सुधार कार्यालयलाई मोही हो, होइन ? भनी निर्णय गर्ने, मालपोत कार्यालयलाई मालपोत उठाउने, जग्गा दर्ता गर्ने, रजिष्ट्रेशन पास गर्ने, दाखा गर्ने, जग्गा धनी प्रमाण पूर्जा दिने, प्रमुख जिल्ला कार्यालयलाई शान्ति सुरक्षा गर्ने, ससाना मुद्दा बगलीमाराजस्ता हेर्ने गरी अधिकारक्षेत्र दिएको हुन्छ। अदालतलाई न्याय इन्साफ गर्ने अधिकार दिएको हुन्छ। तसर्थ अदालतबाहेक अरू अड्डा वा कार्यालयले हकबेहकमा तेरो-मेरोजस्ता विषयमा न्याय सम्पादन गर्न पाउदैन्। जुन काम जुन अड्डा-अदालतलाई गर्नु भनी तोकिएको हुन्छ, सोकाम सोही अड्डा-अदालतले नै गर्नुपर्दछ। आफूलाई तोकिएभन्दाबाहेकको काम गरेमा त्यस्तो काम कारबाही बदर हुन्छ। त्यस्तै अन्याय पर्नेले आफूलाई कहाँबाट, कुन अड्डा-अदालतबाट न्याय प्राप्त हुन्छ ? थाहा पाई राख्नुपर्दछ। कानूनको जानकारी सबैले राख्नुपर्दछ। कानूनको जानकारी मलाई छैन भन्न पाईदैन। अतः एउटा अड्डा-अदालतबाट न्याय इन्साफ पाउनेमा अर्को ठाउमा नालिश-उजुर गरेमा न्याय र इन्साफ पाउन सकिदैन।

## उपचार पद्धति

मोटामोटी उपचार पाउने निम्न दुईवटा पद्धति छन् :-

(क) **साधारण पद्धति र**

(ख) **असाधारण वा रिट पद्धति**

**साधारण पद्दति** : यस्तो पद्धति भनेको नालिश-उजुर गर्ने, झगडियालाई अदालतले समाव्हान वा इतलायनामा जारी गरी बोलाउने, प्रतिउत्तरपत्र लिने, सबुद प्रमाण बुझी वादी-प्रतिवादी (झगडिया)को बहस, छलफल सुनी सकेपछि ठहरेबमोजिम फैसला वा निर्णय गर्न निर्णय फैसलामा चित्त नबुझे पुनरावेदन गरी गलत फैसला वा निर्णय बदर गराउने पद्धतिलाई न्याय गर्ने साधारण पद्धति भनिन्छ। जिल्ला अदालत, पुनरावेदन अदालत, र सर्वोच्च अदालत, मालपोत कार्यालय, भूमिसुधार कार्यालय, बन कार्यालयलगायतका अड्डा-अदालतले यसै पद्धतिअनुरूप न्याय निरुपण वा इन्साफ गर्दछन्। सामान्यतः यस्ता अड्डाहरूले मानिसका हकबेहक, सम्पति, कुटपीट, ज्यान मार्ने, गौवध, कीर्ते, जालसाँजी, लुटपीट, जीउ मास्ने-बेच्ने, बिहेवारी लगायतका मुद्दाहरू हेर्दछन्।

(ख) **असाधारण पद्धति** : यस्तो असाधारण पद्धति अपनाएर मुद्दा हेर्ने अधिकार सर्वोच्च अदालतलाई र केही हदसम्म पुनरावेदन अदालतलाई वर्तमान संविधान एवं प्रचलित कानूनले प्रदान गरेको छ। यस्तो अधिकारक्षेत्रको प्रयोग

र प्रचलन परमादेश, प्रतिशेध, अधिकारपृच्छा, उत्प्रेपण, वन्दीप्रत्यक्षीकरण तथा निपेधाज्ञाजस्ता रीटको माध्यमबाट गरिन्छ। रीट जारी गरी माग्न संविधानद्वारा प्रदत्त मौलिकहकको उल्लंघन भएको वा कानूनी अधिकारको उल्लंघन भएकोमा कानूनले कुनै उपचार प्राप्त हुनसक्ने उपाय व्यवस्थित गरेको छैन भने देखाई निवेदन लिएर सर्वोच्च वा पुनरावेदन अदालतमा जान सकिन्छ। परमादेश, वन्दीप्रत्यक्षीकरण तथा निपेधाज्ञाको रिट पुनरावेदन अदालतमा पनि दिन सकिन्छ।

इन्सेक पुस्तक ४९/१९९७

सामाजिक न्याय र मानवअधिकारको लागि
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
पोष्ट वक्स नं. २७२६, काठमाडौं, नेपाल
फोन - २७००७७० / २७८७७०
फ्याक्स - २७०५५१